# मालिकार्जुन गाउँपालिकाको

# आवधिक विकास योजना

(आ.व.२०७९/८० - २०८३/८४)







मालिकार्जुन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, दार्चुला

# मालिकार्जुन गाउँपालिकाको आवधिक विकास योजना

## Periodic Development Plan of Malikarjun Rural Municipality

<u>आर्थिक तथा प्राविधिक सहयोग</u>

.

प्रादेशिक सुशासन केन्द्र

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,

पुन्ना, डोटी

<u>योजना तर्जुमा सहजिकरण</u>

निष्कर्ष रिसर्च सेन्टर प्रा.लि.

कलंकी, काठमाडौं

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

# प्रादेशिक सुशासन केन्द्र

सुदूरपश्चिम प्रदेश, पुन्ना, डोटी

प.सः

च.नः

मितिः २०७८/०३/३१

## मन्तव्य



प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) देशका ७ वटा प्रदेश र ७५३ वटा स्थानीय तहहरुमा नेपालको संविधान २०७२ को मर्म अनुसार संघीयता कार्यान्वयन, प्रदेश सरकार र स्थानीय सरकारको क्षमता विकास, प्रदेश सरकार र स्थानीय सरकारको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन साथै चुस्त, दिगो, समावेशी, जनउत्तरदायी शासन प्रणाली स्थापना गर्न आ.व. २०७६/०७७ बाट ४ वर्षका लागि यो कार्यक्रम संचालन भएको छ । यस सुदूरपश्चिम प्रदेशमा क्षमता विकासको लागि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटीबाट सेवा प्रवाहको व्यवस्था मिलाई कार्यक्रम संचालन भई रहेको छ ।

नेपालमा संघीयताको अभ्यास नयाँ विषय हो । परिवर्तित परिवेशमा तिनै तहका सरकारहरुका बिचको समन्वय, सहकार्य र सहअस्तित्वबाट मात्र निर्धारित लक्ष्यमा पुग्न सकिन्छ । यसै सन्दर्भमा संघीयताको सफल, कार्यान्वयनको लागी तिनै तहका सरकारहरुको क्षमता विकासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रदेश र स्थानीयतहको क्षमता अभिवृद्धि गरेर संघीयताको जग बलियो बनाउन सकिन्छ । यही बलियो र दिर्घकालिन संस्थागत विकास गर्ने उद्देश्यले प्रादेशिक सुशासन केन्द्र, डोटीले प्रदेश तथा स्थानीय तहका निर्वाचित मनोनित र नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले काम गरि रहेको छ ।

आव २०७६/०७७ को यस केन्द्रको बार्षिक कार्यक्रम अनुसार स्थानीयतहको संस्थागत क्षमता विकासका कार्यहरु अन्तर्गत आवधिक योजना निर्माण, राजश्व सुधार कार्य योजना, क्षमता विकास योजना, लैंगिक समानता तथा सामाजिक समावेसीकरण नीति आदि जस्ता कार्यहरुमा गाँउपालिका/नगरपालिकासंगको समन्वय र सहकार्यमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिदै आएको छ । सोही सन्दर्भमा तहाँ गाँउपालिका/नगरपालिको आवधिक विकास योजना निर्माणमा यस केन्द्रबाट सहयोग गर्नपाउँदा म व्यक्तिगत तथा प्रादेशिक सुशासन केन्द्रको सम्पूर्ण विज्ञ र कर्मचारीहरुको तर्फबाट खुशी व्यक्त गर्दछु । भविष्यमा पनि प्रादेशिक सुशासन केन्द्र, पुन्ना, डोटी यस कार्यमा निरन्तर सहयोग र सहकार्य गरि रहने छ ।

अन्तमा आवधिक योजना निर्माणकार्यको शुरु देखि नै आवश्यक सहयोग गरि उक्त कार्य सम्पन्न गर्नमा योगदान पुर्याउनु हुने गाँउपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख एवं सम्पुर्ण गाँउ/नगर कार्यपालिकाका सदस्यहरु तथा प्रमुख प्रशासकिय अधिकृत र सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यस्तै यस कार्यमा संलग्न विज्ञ एवं प्राविधिक समूहलाई पनि धन्यवाद दिन चाहन्छु तथा यस योजनाको सफल कार्यान्वयनको कामना गर्दछु ।

पदमराज जोशी

कार्यकारी निर्देशक

स्थानीय सरकार
# मालिकार्जुन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं. २०७९/०८०
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## दुई शब्द



स्थानीय तह सदस्य निर्वाचन, २०७९ पश्चात निर्वाचित भई कार्यभार सम्हाल्दा यस मालिकार्जुन गाउँपालिकामा आवधिक विकास योजना नभएको अवस्था थियो । कम्तिमा विकास निर्माणको दीर्घकालिन गुरुयोजना निर्माण गरी सोही बमोजिम हाम्रा विकास निर्माणका कार्यहरुलाई निरन्तरता दिन जरुरी ठानेर हामीले प्रादेशिक सुशासन केन्द्र, पुन्ना डोटीको आर्थिक सहयोगमा यस मालिकार्जुन गाउँपालिकाको पञ्चवर्षीय आवधिक विकास निर्माण योजना (२०७९/०८०-२०८३/०८४) निर्माण कार्यलाई कार्यभार सम्हालेको शुरु अवधीबाट नै थालनी गरी सम्पन्न गर्न तर्फ हाम्रो ध्यान केन्द्रित गर्‍यौं ।

सोही सन्दर्भमा विभिन्न चरणमा छलफल गरी मालिकार्जुन गाउँपालिकाको समग्र विकासको आधार निर्माण गर्न तर्फ लागि पर्‍यौं । फलस्वरुप हाम्रो मालिकार्जुन गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक विकास योजना २०७९/०८०-२०८३/०८४ निर्माण सम्पन्न गरी हाम्रा विकासका आधारहरुलाई व्यवस्थित गर्न सफल भएका छौं । यो आवधिक विकास योजनाले यस गाउँपालिकाको समग्र क्षेत्रको विकास निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउनेमा हामी विश्वस्त छौं । पाँच वर्षको समयावधिमा हाम्रा विकास निर्माण योजनाका पाइलाहरुलाई कहीं कतै विचलित हुन नदिई निरन्तर अग्रसर गर्नमा आवधिक विकास योजनाको अहम् भूमिका रहने गर्दछ । आम जनताले अनुभूत गर्ने गरी र साच्चिकै जनताका जनजीविकासँग जोडिएका विषयहरुलाई नै प्राथमिकतामा राखेर यो आवधिक विकास योजना निर्माण गर्ने प्रयास गरेका छौं । यस मालिकार्जुन गाउँपालिकाको प्रथम आवधिक विकास योजनाको सफल कार्यान्वयन मार्फत् जनताले अनुभूत गर्ने गरी परिवर्तन ल्याउन म सरोकारवाला सबै पक्षहरुमा अनुरोध गर्दछु । विकास निर्माण तपाई हामी सबैको लागि भएकाले यसको अन्तिम निचोडमा समेत तपाई हामी सबैको सक्रिय सहभागिता हुन जरुरी हुन्छ ।

त्यसैले अन्त्यमा म यस मालिकार्जुन गाउँपालिकाको प्रथम आवधिक विकास योजना २०७९/०८०-२०८३/०८४ को सफल कार्यान्वयनमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी, नागरिक समाज, आम मालिकार्जुन बासी दाजुभाई तथा दिदीबहिनीहरु सबै सबैको सक्रिय सहभागिताका लागि अपिल गर्दै यस आवधिक विकास योजना निर्माण कार्यमा सहयोग गर्नुहुने जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत सहित सबै कर्मचारीका साथै प्राविधिक सहयोग गर्ने निष्कर्ष रिसर्च प्रा.लि. लाई विशेष धन्यवाद ज्ञापन गर्दछु । साथै यस गाउँपालिका भित्रका सबै क्षेत्र/पक्षसँग सम्बन्धित सम्पूर्ण आम नागरिकहरुमा यसको सफल र प्रभावकारी कार्यान्वयनका लागि सक्रिय र रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

हिरा सिंह धामी
अध्यक्ष

हिरा सिंह धामी
अध्यक्ष

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

Website: www.malikarjunmun.gov.np
E-mail: mrmdarchula@gmail.com
Contact: 9858784512, 9858784513
info@malikarjunmun.gov.np

## दुई शब्द



देश संघीयतामा गएपश्चात दोश्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भई स्थानीय तहहरुले पूर्णता पाएको छ । आम जनताले आफ्ना पीर, मार्का, गुनासा तथा विकास निर्माण प्रतिको चासोलाई आफ्ना जनप्रतिनिधिलाई निर्धक्क सुनाउन पाएका छन । तथापि समग्र जनताको चासो गुनासो र विकास निर्माण प्रतिको जिज्ञासालाई वास्तविकतामा रुपान्तरण गर्न हामी जस्तो न्यून आन्तरिक आय भएको गाउँपालिकाको लागि निकै नै चुनौतिपूर्ण रहेको छ । अनुदान कै भरमा रहेको हाम्रो विकास निर्माणलाई थोरै भएपनि व्यवस्थित बनाउनका लागि विकास निर्माणको आधारका रुपमा रहेको यो आवधिक विकास योजनाको निर्माण कोशेढुङ्गा नै हो ।

हाम्रा सामु चुनौतिहरु थुप्रै रहेका छनः न्यून आन्तरिक आम्दानी, अनुदानको भरमा विकास निर्माण कार्य, आम जनताका ससाना गुनासाहरु, पूँजिगत खर्चको तुलनामा चालू खर्च नै अत्यधिक हुनु लगायतका । यी सबै चुनौतिका बाबजुद हामीलाई आम जनताका ससाना गुनासा देखि लिएर समग्र विकास निर्माणका कामहरुबाट पन्छिने छुट छैन । आवधिक विकास योजना विकास निर्माण कार्यको आधारशिला हो । यसले विकास निर्माण कार्यलाई व्यवस्थित, मर्यादित र समय मै सम्पन्न गर्नका लागि मार्गदर्शन प्रदान गर्ने गर्दछ । विकास निर्माण कार्यलाई पूर्णता दिनमा समेत यसको महत्वपूर्ण योगदान रहने गर्दछ । विकास निर्माण कार्यलाई विधिसम्मत र पद्धतिगत बनाउदै आम जनताका गुनासाहरु सम्बोधन गर्नका साथै विकास निर्माणको मार्गचित्र तय गर्नमा समेत आवधिक विकास योजनाले महत्त्वपूर्ण भूमिका खेल्दछ । यस पञ्चवर्षीय आवधिक विकास योजनाको सफल कार्यान्वयनमा तपाई हामी सबैको उल्लेखनीय योगदान हुन जरुरी छ । तपाई हाम्रो सहयोग बिना राज्य एक्लैले विकास निर्माण गर्न नसक्ने हुँदा उक्त कार्यमा राज्य सँगसँगै निजी क्षेत्र, गैर सरकारी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज लगायत आम नागरिकहरुको सक्रिय सहभागिता हुनु आवश्यक छ । आम नागरिकले नै विकास निर्माण कार्यको अपनत्व लिनुपर्ने भएकाले स्वयं उहाँहरुकै सहभागिता र सहकार्यमा नै विकास निर्माण कार्यसँग सम्बन्धित गतिविधिहरु सञ्चालन हुनुपर्दछ ।

अन्त्यमा, यस मालिकार्जुन गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक विकास योजना २०७९/०८०-२०८३/०८४ निर्माण गर्नमा सहयोग गर्ने प्रादेशिक सुशासन केन्द्र, पुन्ना डोटी लगायत जनप्रतिनिधि एवं कर्मचारीहरु सबैमा हार्दिक आभार व्यक्त गर्दै यसको पूर्ण कार्यान्वयनका लागि सबै पक्ष (निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी, नागरिक समाज लगायत आम नागरिकहरु सबैको) सक्रिय सहभागिता र सहकार्यताको अपेक्षा गर्दछु । धन्यवाद ।

कल्यान सिंह धामी
उपाध्यक्ष

कल्यान सिंह धामी
उपाध्यक्ष

स्थानीय सरकार
मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७९/०८०
च.नं.

## दुई शब्द



नेपालको विकास इतिहासमा वि.सं. २०१३ सालबाट शुरुवात भएको विकास योजनाको दुरगामी महत्व रहेको छ । पद्धतिगत विकास मार्फत विकास निर्माण कार्यको समीक्षा गर्न सकिने र सोपश्चात विकासको मार्गचित्र (Roadmap) तय गर्न सम्भव हुने भएकाले यसको महत्व बढ्दै गएको हो । २०१३ सालदेखि हालसम्म नेपालमा १४ वटा विकास योजनाहरु कार्यान्वयन सम्पन्न गरी पन्ध्रौं पञ्चवर्षीय योजना कार्यान्वयनको अवस्थामा रहेको छ ।

विकास निर्माणलाई व्यवस्थित र निरन्तर गर्नका लागि महत्वपूर्ण शुरुकार्यको रुपमा रहेको आवधिक विकास योजना निर्माणको प्रथम चरणमा यस मालिकार्जुन गाउँपालिकाले आफ्नो प्रथम पञ्चवर्षीय विकास योजना मार्फत् आफ्नो विकास निर्माणको यात्रालाई अग्रसर गरेको र म पनि सो यात्राको सहयात्री बन्न पाउँदा अत्यन्त खुशी लागेको छ । यो कार्यले यस गाउँपालिकाको समग्र विकास निर्माण कार्यलाई व्यवस्थित, प्रभावकारी र दीगो बनाउनेमा म ढुक्क छु । न्यून आन्तरिक श्रोत र बढीजसो अनुदानमा आधारित हाम्रो विकास निर्माणको कार्यले सबै क्षेत्रको विकास निर्माण कार्यलाई व्यवस्थित गर्न निकै नै चुनौतिपूर्ण रहेको छ तथापि उपलब्ध श्रोतसाधनको महत्तम प्रयोग मार्फत् गाउँपालिकाको विकास निर्माण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउँदै दीगो विकासको मार्गमा राज्य र राज्य बाहेकका अन्य सबै क्षेत्रको सक्रिय सहभागिताका साथ सहकार्य हुन अत्यावश्यक छ । राज्य छ र हुनुपर्छ भन्ने अनुभूति हरेक नागरिकमा हुन आवश्यक हुन्छ । राज्यले सो तर्फ आफ्ना गतिविधिहरु केन्द्रित गर्दै विकास निर्माण कार्यलाई अगाडि बढाउनु पर्ने हुन्छ । देश संघीयतामा गएपश्चात तीनै संघीय इकाइहरु मध्ये आम जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारलाई नेपालको संविधानमा नै व्यवस्था गरी राज्यले कर उठाउने र खर्च गर्न पाउने गरी एकल र साझा अधिकार प्रदान गरेको छ । यसै सन्दर्भमा राज्यले गर्ने सार्वजनिक खर्चलाई व्यवस्थित, मर्यादित, मितव्ययी, प्रभावकारी, औचित्यपूर्ण किसिमले जवाफदेहिता र उत्तरदायित्व वहन गर्न सक्ने गरी खर्च गर्नुपर्ने हुन्छ । सार्वजनिक खर्चलाई व्यवस्थित गर्ने क्रममा आवधिक विकास योजनाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

मालिकार्जुन गाउँपालिकाले आफ्नो प्रथम पञ्चवर्षीय आवधिक विकास योजना निर्माण गरेको छ । यसको निर्माण कार्यमा सहयोग गर्नुहुने प्रादेशिक सुशासन केन्द्र, पुन्ना डोटी; जनप्रतिनिधि परिवार लगायत समग्र कर्मचारी साथिहरु प्रति आभार व्यक्त गर्दछु । साथै यस आवधिक विकास योजनाको कार्यान्वयनमा सबै क्षेत्रको उल्लेखनीय योगदानको अपेक्षा गर्दै अबको हाम्रो बाटो यसको प्रभावकारी कार्यान्वयनमा हुनेछ भन्ने विश्वास समेत लिएको छु । धन्यवाद ।

सुरज प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

सुरज प्रसाद जोशी
प्रमुख प्रशासकीय अधिकृत

**विषयसूचीः**


**परिच्छेद १ः परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजनाको उद्देश्य ........ २

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ २

**परिच्छेद २ः मालिकार्जुन गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ ४**

२.१ मालिकार्जुन गाउँपलिकाको परिचय ........ ४

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ........ ४

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ........ ४

२.१.३ जनसांख्यिक अवस्था ........ ९

२.२ आर्थिक विकास अवस्था ........ १०

२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ १०

२.२.२ पर्यटन तथा सस्कृति ........ १०

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ ११

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ........ ११

२.२.५ सहकारी ........ ११

२.३ सामाजिक विकासको अवस्था ........ १२

२.३.१ स्वास्थ्य तथा पोषण ........ १२

२.३.२ शैक्षिक विकास ........ १२

२.३.३ खानेपानी तथा सरसफाइ ........ १३

२.३,४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ १३

२.३.५ युवा, खेलकुद तथा कला ........ १४

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ १४

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १४

२.४.२ सडक, पुल तथा यातायात ........ १५

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा ........ १५

२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ १६

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ १६

२.५.१ बन तथा जैविक विविधता ........ १६

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १७

२.५.४ महामारी तथा विपद् व्यवस्थापन ........ २०

२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ २०

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ २०

२.६.२ सङ्गठनात्मक विकास ........ २१

२.६.३ श्रोत परिचालन....................................................................................................२२
२.६.४ योजना व्यवस्थापन ..............................................................................................२२

**परिच्छेद ३: सोच तथा विकासको अवधारणा..........................................................................२४**
३.१ पृष्ठभूमि ................................................................................................................ २४
३.२ प्रमुख समस्या तथा चुनौती........................................................................................ २४
३.३ प्रमुख सम्भावना तथा अवसर ......................................................................................२६
३.४ निर्देशक सिद्धान्त.......................................................................................................२६
३.५ सोच, लक्ष्य तथा उद्देश्य ..............................................................................................२७
३.६ परिमाणात्मक लक्ष्य .................................................................................................. २८
३.७ रणनीति तथा प्राथमिकता...........................................................................................२९
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट.................................................................................३०
३.९ मालिकार्जुन गाउँपालिकाका गौरवका आयोजनाहरू..........................................................३२

**परिच्छेद ४: आर्थिक क्षेत्र ..........................................................................................................३३**
४.१ कृषि तथा पशुपन्छी ................................................................................................. ३३
४.१.१ पृष्ठभूमि............................................................................................................ ३३
४.१.२ समस्या तथा चुनौती.............................................................................................. ३३
४.१.३ संभावना तथा अवसर........................................................................................... ३४
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................ ३४
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......................................................................३८
४.२ सिँचाइ ................................................................................................................... ४०
४.२.१ पृष्ठभूमि............................................................................................................. ४०
४.२.२ समस्या तथा चुनौती.............................................................................................. ४०
४.२.३ संभावना तथा अवसर............................................................................................ ४०
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना......................................... ४१
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................... ४४
४.३ पर्यटन, संस्कृति तथा सम्पदा .................................................................................... ४५
४.३.१ पृष्ठभूमि............................................................................................................. ४५
४.३.२ समस्या तथा चुनौती.............................................................................................. ४५
४.३.३ संभावना तथा अवसर............................................................................................ ४५
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना......................................... ४६
४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................... ५०
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति .........................................................................५१
४.४.१ पृष्ठभूमि..............................................................................................................५१

४.४.२ समस्या तथा चुनौती....................................................................................५१
४.४.३ संभावना तथा अवसर....................................................................................५१
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................................५२
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................................५५
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ....................................................................................५७
४.५.१ पृष्ठभूमि....................................................................................५७
४.५.२ समस्या तथा चुनौती....................................................................................५७
४.५.३ संभावना तथा अवसर....................................................................................५७
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................................५८
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................................६१

**परिच्छेद ५: सामाजिक क्षेत्र.................................................................................... ६२**
५.१ स्वास्थ्य तथा पोषण ....................................................................................६२
५.१.१ पृष्ठभूमि....................................................................................६२
५.१.२ समस्या तथा चुनौती....................................................................................६२
५.१.३ संभावना तथा अवसर....................................................................................६२
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.................................................... ६३
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.................................................................................... ६६
५.२ शिक्षा, विज्ञान तथा नवप्रवतन....................................................................................६९
५.२.१ पृष्ठभूमि....................................................................................६९
५.२.२ समस्या तथा चुनौती....................................................................................६९
५.२.३ संभावना तथा अवसर.................................................................................... ७०
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.................................................... ७०
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.................................................................................... ७४
५.३ खानेपानी तथा सरसफाइ....................................................................................७६
५.३.१ पृष्ठभूमि....................................................................................७६
५.३.२ समस्या तथा चुनौती....................................................................................७६
५.३.३ संभावना तथा अवसर....................................................................................७६
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना....................................................७७
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका....................................................................................७९
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग .................................................................................... ८०
५.४.१ पृष्ठभूमि.................................................................................... ८०
५.४.२ समस्या तथा चुनौती.................................................................................... ८०
५.४.३ संभावना तथा अवसर.................................................................................... ८०

५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................................८१
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................................................................८४
५.५ युवा तथा खेलकुद........................................................................................................................ ८६
५.५.१ पृष्ठभूमि.................................................................................................................................. ८६
५.५.२ समस्या तथा चुनौती.................................................................................................................. ८६
५.५.३ संभावना तथा अवसर.................................................................................................................. ८६
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................................ ८७
५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................................................................ ९०

**परिच्छेद ६ः पूर्वाधार क्षेत्र ........................................................................................................ ९२**
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण..................................................................................९२
६.१.१ पृष्ठभूमि..................................................................................................................................९२
६.१.२ समस्या तथा चुनौती..................................................................................................................९२
६.१.३ संभावना तथा अवसर..................................................................................................................९३
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................................९३
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................................................................ ९५
६.२ सडक, पुल तथा यातायात...........................................................................................................९७
६.२.१ पृष्ठभूमि..................................................................................................................................९७
६.२.२ समस्या तथा चुनौती..................................................................................................................९७
६.२.३ संभावना तथा अवसर..................................................................................................................९७
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................................ ९८
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................................................................१०१
६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा..........................................................................................१०२
६.३.१ पृष्ठभूमि..................................................................................................................................१०२
६.३.२ समस्या तथा चुनौती..................................................................................................................१०२
६.३.३ संभावना तथा अवसर..................................................................................................................१०२
६.४४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................................१०२
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................................................................ १०४
६.४ सूचना, सञ्चार तथा प्रविधि..........................................................................................................१०६
६.४.१ पृष्ठभूमि..................................................................................................................................१०६
६.४.२ समस्या तथा चुनौती..................................................................................................................१०६
६.४.३ संभावना तथा अवसर..................................................................................................................१०६
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना........................................................१०७
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................................................................१०९

**परिच्छेद ७ः वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ..... १११**
७.१ वन तथा जैविक विविधता ..... १११
७.१.१ पृष्ठभूमि ..... १११
७.१.२ समस्या तथा चुनौती ..... १११
७.१.३ संभावना तथा अवसर ..... ११२
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ११२
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ११४
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ..... ११६
७.२.१ पृष्ठभूमि ..... ११६
७.२.२ समस्या तथा चुनौती ..... ११६
७.२.३ संभावना तथा अवसर ..... ११६
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ११६
७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ११८
७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन ..... १२०
७.३.१ पृष्ठभूमि ..... १२०
७.३.२ समस्या तथा चुनौती ..... १२०
७.३.३ संभावना तथा अवसर ..... १२१
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... १२१
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... १२३
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ..... १२५
७.४.१ पृष्ठभूमि ..... १२५
७.४.२ समस्या तथा चुनौती ..... १२५
७.४.३ संभावना तथा अवसर ..... १२५
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना ..... १२६
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... १२९

**परिच्छेद ८ः संस्थागत विकास तथा सुशासन क्षेत्र ..... १३०**
८.१ संस्थागत विकास तथा सुशासन ..... १३०
८.१.१ पृष्ठभूमि ..... १३०
८.१.२ समस्या तथा चुनौती ..... १३१
८.१.२ संभावना तथा अवसर ..... १३१
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... १३२
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... १३७

**परिच्छेद ९: कार्यान्वयन व्यवस्था......१४०**
९.१ पृष्ठभूमि......१४०
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना......१४०
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट......१४०
९.४ स्रोत अनुमान तथा प्रक्षेपण......१४२
९.४.१ राजस्व परिचालनको अवस्था......१४२
९.४.२ खर्च अवस्थाको विश्लेषण......१४३
९.४.३ अपुग स्रोत व्यवस्थापन......१४४
९.५ स्रोत परिचालन रणनीति......१४४
९.६ आवधिक योजना कार्यान्वयन......१४५
९.६.१ योजना कार्यान्वयन......१४५
९.६.२ कार्यान्वयन प्रकृया......१४७
९.७ अनुगमन तथा मूल्याङ्कन योजना......१४८
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता......१४९
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी......१४९
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया......१५०

**अनुसूची......१५२**
अनुसूची- १: आवधिक योजनाकालागि तयार पारिएका आधार नक्साहरू......१५२

# तालिका सूची


तालिका १: मालिकार्जुन गाउँपालिकाको भू-उपयोगको प्रकार ........ ५
तालिका २: मालिकार्जुन गाउँपालिकाको वडागत भू-उपयोगको प्रकार ........ ६
तालिका ३: मालिकार्जुन गाउँपालिकाको भिरालोपनको अवस्था ........ १८
तालिका ४: मालिकार्जुन गाउँपालिकाको जमीनको उचाइको अवस्था ........ १९
तालिका ५: अपेक्षित परिमाणात्मक उपलब्धि ........ २८
तालिका ६: गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ........ २९
तालिका ७: लगानी प्रक्षेपण ........ ३०
तालिका ८: आवधिक योजनामा खर्च ब्यहोर्ने स्रोतहरू ........ ३०
तालिका ९: गाउँपालिकाको आय अनुमान ........ ३१
तालिका १०: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू ........ ३४
तालिका ११: सिँचाइका रणनीति तथा कार्यनीतिहरू ........ ४१
तालिका १२: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ........ ४६
तालिका १३: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति ........ ५२
तालिका १४: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति ........ ५८
तालिका १५: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू ........ ६३
तालिका १६: शिक्षाका रणनीति तथा कार्यनीतिहरू ........ ७०
तालिका १७: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू ........ ७७
तालिका १८: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू ........ ८१
तालिका १९: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू ........ ८७
तालिका २०: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू ........ ९३
तालिका २१: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू ........ ९८
तालिका २२: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू ........ १०३
तालिका २३: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू ........ १०७
तालिका २४: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........ ११२
तालिका २५: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ........ ११७
तालिका २६: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १२१
तालिका २७: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १२६
तालिका २८: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू ........ १३२
तालिका २९: विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ १४१
तालिका ३०: राजस्व परिचालनको अवस्था ........ १४२
तालिका ३१: खर्च बाँडफाँडको प्रक्षेपण ........ १४३
तालिका ३२: अपुग स्रोत व्यवस्थापन ........ १४४
तालिका ३३: बार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा ........ १४७
तालिका ३४: अनुगमन तथा मूल्याङ्कन खाका ........ १५०

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनावद्ध विकासको थालनी वि.सं. २०१३ साल देखि भएको हो । विगतमा केन्द्रीय योजना मात्र बन्ने गरेकोमा संघीय शासन व्यवस्थाको सुरुवात पछि प्रदेश र स्थानीय सरकारहरूले पनि आवधिक योजना तर्जुमा गर्ने गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालिन, दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको पनि छ । नेपालको संविधानको अनुसूची ८ र ९ मा तोकिएको एकल तथा साझा अधिकार बमोजिम स्थानीय सरकारलाई योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्राप्त भएकोछ ।

यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासकालागि संविधानको अनुसूची ८ र ९ मा तोकिएको अधिकार प्रयोग गरी आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोछ । यस ऐनको दफा २४ को उपदफा २ मा योजना तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तालमेल हुने गरी दिगो विकासको लक्ष्य, भूउपयोग योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री, वातावरणमैत्री, अपाङ्गमैत्री, विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने उल्लेख गरिएको छ । ऐनको दफा २४ को उपदफा ३ ले गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा ऐनमा तोकिए बमोजिमको विषयहरूमा प्राथमिकता दिनुपर्ने विषयहरू समेत तोकेको छ ।

योजनाहरू प्राथमिकिकरण गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीयबासीहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने सूचकहरूको आधारमा योजनाहरू प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरिएको छ । यो ऐनको दफा २४ को उपदफा ४ मा योजना बनाउँदा मध्यम र दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । गाउँपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको अन्य गाउँपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मकोलागि राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचक सहितको पन्ध्रौं पञ्चवर्षीय योजना तयार गरेको छ । त्यसैगरी सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशको **"आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम"** को दिर्घकालिन सोचका सहित प्रथम पञ्चवर्षीय योजनाको आधारपत्रमा सुदूरपश्चिम प्रदेशको समग्र विकासकोलागि अल्पकालीन लक्ष्य विक्रम सम्वत् २०७८/०७९ देखि २०८३/०८४, मध्यमकालीन लक्ष्य वि.सं. २०७८/७९ देखि २०९० र दीर्घकालीन लक्ष्य २०७८/०७९ देखि २१०० सम्मकालागि समृद्धि र सुखका मुख्य सूचकहरू निर्धारण गरिएका छन् । यस सन्दर्भमा स्थानीय तहको चासो संस्थागत विकास र आर्थिक समृद्धिको खाका सहितको मालिकार्जुन गाउँपालिकाको प्रथम आवधिक योजना निर्माण गरिएको छ ।

विकासका परिसूचकहरूमा पृथक तथ्याङ्कहरूको विश्लेषण, तदनुरूप आवधिक योजनाहरूमा मालिकार्जुन गाउँपालिकाको प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमी कमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ । राष्ट्रिय रूपमा आवधिक योजनाको एउटै नीतिगत आधार हुने भएकोले पनि मालिकार्जुन गाउँपालिकाको आर्थिक, सामाजिक, गरिबी, पूर्वाधारको विशिष्टता अनुरूपको नीति र सो अनुसारका कार्य योजना विगतमा बन्न सकेनन् । यसको प्रथम प्राथमिकताको रूपमा छरिएर रहेका तथ्याङ्कको सङ्कलन तुलनात्मक विश्लेशण, सोही अनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुनेगरी मालिकार्जुन गाउँपालिकाको समग्र विकास नीतिका आधारहरू तय गर्नु रहेको छ । मौसममा आधारित कृषि उत्पादन, पर्यटन, जडिबुटी संकलन र विप्रेषण यस गाउँपालिकाको समग्र अर्थतन्त्रको मुख्य आयाम हुन् ।

### १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेकोछ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासकालागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु;
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु;
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु;
- सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु;
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।

### १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

मालिकार्जुन गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिमका कार्यक्षेत्रका अधीनमा रही आवधिक योजना तर्जुमा शुरुआत भएको छ । योजनालाई बढी सहभागितामूलक यथार्थपरक कार्यान्वयनयोग्य र सर्वस्विकार्य गराउन योजना तर्जुमा गर्ने सम्बन्धमा देहाय बमोजिमका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ ।

**प्रारम्भिक छलफलः** प्रस्ताव स्विकृत भई कार्य सम्झौता भएपछि सर्वप्रथम गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बन्ने समिति तथा उपसमितिहरू निर्माण योजनाको कार्य तालिका लगायतका बिषयमा प्रारम्भिक छलफल गरी ति बिषयको टुङ्गो लगाइएको थियो ।

**पुर्वतयारी गोष्ठी सञ्चालनः** आवधिक योजनाको महत्व, औचित्व, विधि, प्रकृया, गाउँपालिकाले यसमा निर्वाह गर्नुपर्ने भुमिका आदिका बारेमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बनेका समिति तथा उपसमितिहरूसँगको छलफल, योजनाका विविध पक्षहरू, चरणहरू तथा कार्य जिम्मेवारीकालागि पुर्वतयारी गोष्ठी सञ्चालन गरिएको थियो ।

**वडागत योजना तर्जुमा गोष्ठी सञ्चालनः** वडाध्यक्ष, वडासदस्य, वडाका कर्मचारी, सबै स्थानीय राजनितिक दलका प्रतिनिधिहरू, विद्यालयका प्रधानाध्यापकहरू, क्षेत्रगत बिज्ञ तथा वौद्धिक ब्यक्तित्वहरू, उद्योगी तथा व्यवशायीहरू लगायत स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा योजना तर्जुमा गोष्ठी सञ्चालन गरिएको थियो ।

**तथ्याङ्क प्रमाणिकरणः** गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई बिषयगत समितिहरूमा छलफल गरी प्रमाणिकरणकालागि पेश गरिएको थियो र योजनामा संलग्न गरिएका मुख्य सुचकाङ्कहरू निर्धारण गरिएको थियो ।

**दीर्घकालीन सोच निर्धारणः** गाउँपालिकाको आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण गर्न सबै सरोकारवालाहरूलाई समूह बिभाजन गरी छलफल गराइएको थियो र सबै समूह सुझाव मध्येबाट सर्वमान्य सोचलाई आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण तय भएको छ । सोहि दीर्घकालीन सोचका आधारमा आवधिक लक्ष्य तथा उद्देश्यहरू निर्माण गरिएकोछ ।

**समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचानः** गाउँपालिकाको आवधिक योजना तर्जुमा पुर्व यस गाउँपालिकामा विकासकालागि विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक बिषयगत क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) को छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको थियो ।

**क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारणः** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा हरेक बिषयगत क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) का उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारण गरिएकोछ । यसका साथै सबै बिषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएकोछ ।

**मस्यौदा प्रतिवेदनः** उपरोक्त चरणहरू पुरा गरिसकेपछि बिज्ञ समूहले गाउँपालिकाबाट प्राप्त सुचना तथा तथ्याङ्कका आधरमा मस्यौदा प्रतिवेदन तयार पारी आवश्यक सुधार तथा सुझावकालागि गाउँपालिकाको कार्यालयमा प्रेषण गरिएकोछ । गाउँपालिकाबाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन गाउँपालिकाको कार्यालयमा पेश गरिएको थियो ।

बिज्ञ समूहले तयार गरी पठाएको मस्यौदा प्रतिवेदन निर्देशक समितिमा छलफल गरी प्राप्त भएको प्रतिवेदनका आधारमा आफ्नो समेत राय सुझाव तयार गरी निर्देशक समितिले दिएको सुझावका आधारमा प्रतिक्रिया नोट गरी सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूमा पठाइएको थियो । सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूले यसरी प्रविष्टि गरी प्राप्त हुन आएको सुझाव सहित आफ्नो सुझाव समेत तयार गरी अन्तिम छलफलकालागि गाउँसभामा पेश गरिएको थियो । गाउँसभाबाट पारित सुधार गर्नुपर्ने कुराहरू तथा प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन गाउँपालिकाको कार्यालयमा पेश गरिएकोछ ।


**गाउँसभाबाट आवधिक योजना पारितः** आवधिक योजनाको अन्तिम प्रतिवेदन गाउँसभामा पेश गरी गाउँसभाबाट स्वीकृतीकालागि प्रकृया अघि बढाइनेछ ।

# परिच्छेद २: मालिकार्जुन गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ मालिकार्जुन गाउँपलिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

मालिकार्जुन गाउँपालिका दार्चुला जिल्लाको मध्य-पश्चिम भागमा रहेको छ । मालिकार्जुन गाउँपालिकाको पूर्वमा शैल्यशिखर नगरपालिका, पश्चिममा छिमेकी देश भारत, दक्षिणमा लेकम गाउँपालिका र उत्तरमा महाकाली नगरपालिकासँग सिमाना जोडिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १००.५३ वर्ग किमी रहेको छ ।




चित्र १: मालिकार्जुन गाउँपालिकाको प्रशासनिक नक्सा

मालिकार्जुन गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र हो । मालिकार्जुन गाउँपालिका मिति २०७३ फागुन १ गते गाउँपालिका घोषणा गरिएको थियो । साबिकका भगवती, मालिकार्जुन, हुनैनाथ, डाँडाकोट, उकु र शंकरपुर गाउँ विकास समितिहरू समेटेर जम्मा ८ वडा कायम गरिएको छ । यो गाउँपालिका सदरमुकाम देखि ४० किलोमिटर टाढा रहेको छ भने अझै पनि महाकली राजमार्ग बाहेक गाउँपालिकाका अन्य भागमा सर्वायम सडक संजाल पुग्न सकेको छैन ।

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा


सुदूर पश्चिमको हिमाली जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले मिश्रित प्रकृतिको भु बनोट रहेको पाइन्छ । अग्ला-अग्ला पहाडका चुलीहरू यहाँका धरातलीय स्वरुपका आकर्षणहरू हुन् । पहाडका काखमा बान्की मिलेर

बसेका खेतियोग्य समथर चौर तथा भिराला जमिनहरू पनि पाइन्छ । ती बाहेक धेरैजसो भूभाग भिरालो र चट्टानी क्षेत्रले ओगटेको छ । अग्ला र भिराला पहाडी श्रृंखलाले बनेको यस गाउँपालिकामा भीरपाखा तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । यस क्षेत्रमा मुख्यतया सामान्य भिरालो जमिन र प्राय स्थानमा भिर रहेको छ । सामान्यतया: यस क्षेत्रमा चिम्ट्याइलो खालको माटो र कडा खालको चट्टान रहेको देखिन्छ ।

**तालिका १: मालिकार्जुन गाउँपालिकाको भू-उपयोगको प्रकार**

| भू-उपयोगको प्रकार | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (वर्ग किमि) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|
| खेति योग्य जमिन | ४१८६.४७ | ४१.८६ | ४१.६४ |
| व्यापारिक क्षेत्र | ०.६६ | ०.०१ | ०.०१ |
| साँस्कृतिक/पुरातात्विक क्षेत्र | १.६५ | ०.०२ | ०.०२ |
| बन/जङ्गल क्षेत्र | ४६६५.२३ | ४६.६५ | ४६.४१ |
| औद्योगिक क्षेत्र | ०.०५ | ०.०० | ०.०० |
| अन्य क्षेत्र | ९२९.६५ | ९.३० | ९.२५ |
| सार्वजनिक क्षेत्र | ९१.७८ | ०.९२ | ०.९१ |
| बस्ती क्षेत्र | २५.१९ | ०.२५ | ०.२५ |
| नदी तथा पोखरी | १५२.३८ | १.५२ | १.५२ |
| जम्मा | १००५३.०६ | १००.५३ | १००.०० |

*स्रोतः नापी विभाग*




चित्र २: मालिकार्जुन गाउँपालिकाको भू-उपयोग नक्सा

गाउँपालिकाको कुल क्षेत्र मध्ये ४१.६४ प्रतिशत जमिन खेति योग्य जमिन रहेको छ भने सबै भन्दा बढी ४६.४१ प्रतिशत बन/जङ्गलले ओगटेको छ । त्यसैगरी ९.२५ प्रतिशत घाँसे मैदान, बुट्यान तथा अनुत्पादक क्षेत्र, १.५२ प्रतिशत पानीले ढाकेको क्षेत्र, ०.९१ प्रतिशत सार्वजनिक क्षेत्र, ०.२५ प्रतिशत बस्ती क्षेत्र, ०.२ प्रतिशत साँस्कृतिक/पुरातात्विक क्षेत्र तथा ०.१ प्रतिशत व्यापारिक क्षेत्र रहेको छ । गाउँपालिकालाई मुलप्रवाह क्षेत्र बनाएर अविरल बगिरहने महाकाली नदी तथा यसका सहायक खोलाहरू यहाँको मुख्य प्राकृतिक सम्पदाहरू हुन् ।

वडागत रुपमा मालिकार्जुन गाउँपालिकाको भू-उपयोग स्थिति विश्लेषण गर्दा वडा नं. ७ मा सबै भन्दा बढी ६२१.५ हेक्टर खेति योग्य जमिन रहेकोमा वडा नं. १ मा सबै भन्दा कम ३०५.३ हेक्टर मात्र रहेको छ । त्यसैगरी सबै भन्दा बढी ११३३.३ हेक्टर जंगल रहेकोमा वडा नं. ३ मा रहेको छ भने सबै भन्दा कम २८०.७ हेक्टर जंगल वडा नं. २ मा रहेको छ (वडागत भू-उपयोगको जिआइएस नक्सा अनुसूचीमा संलग्न गरिएको छ)।

**तालिका २: मालिकार्जुन गाउँपालिकाको वडागत भू-उपयोगको प्रकार**

| भू-उपयोगको प्रकार | वडागत क्षेत्रफल (हेक्टर) | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| खेति योग्य जमिन | ३०५.३ | ४४२.८ | ४९०.१ | ६००.६ | ५७२.९ | ४३९.१ | ६२१.५ | ७१४.२ | ४१८६.५ |
| व्यापारिक क्षेत्र | ०.० | ०.० | ०.३ | ०.२ | ०.० | | | ०.१ | ०.७ |
| साँस्कृतिक/पुरातात्विक क्षेत्र | ०.१ | ०.१ | ०.१ | ०.५ | ०.१ | | | ०.७ | १.७ |
| बन/जङ्गल क्षेत्र | ३५०.० | २८०.७ | ११३३.३ | ४४०.७ | ५९४.७ | ५३९.१ | ४८३.४ | ८४३.३ | ४६६५.२ |
| औद्योगिक क्षेत्र | ०.१ | | | | | | | | ०.१ |
| अन्य क्षेत्र | ९४.९ | १३०.१ | २४६.० | ९४.९ | २८.४ | १६.३ | २५.९ | २९३.२ | ९२९.७ |
| सार्वजनिक क्षेत्र | ५.० | ४.७ | ४.५ | ९.८ | ५.८ | ६.० | १९.८ | ३६.१ | ९१.८ |
| बस्ती क्षेत्र | ०.७ | १.४ | ३.२ | ४.० | ३.० | ६.३ | ३.३ | ३.३ | २५.२ |
| नदी तथा पोखरी | ४.८ | २.७ | ०.८ | ५.५ | १७.२ | ७७.७ | ३३.३ | १०.५ | १५२.४ |
| जम्मा | ७६०.९ | ८६२.५ | १८७८.३ | ११५६.३ | १२२२.१ | १०८४.३ | ११८७.३ | १९०१.४ | १००५३.१ |

*स्रोतः नापी विभाग*

मालिकार्जुन गाउँपालिका नेपालकै सातौं प्रशिद्ध धाम मालिकार्जुनको नामबाट राखिएको हो । यो गाउँपालिकामा भौगोलिक विकटतासँगै विविधता पनि रहेको छ । मालिकार्जुन गाउँपालिकाको क्षेत्र अधिकांश भागहरू पहाडले ओगटेको छ । प्राकृतिक र साँस्कृतिक रुपमा यो गाउँपालिका परिपूर्ण छ । जडीबुटीहरूले पनि सम्पन्न रहेको यस गाउँपालिकामा चिराइतो, गुच्ची च्याउ, लसुन, कटुकी आदि महत्वपूर्ण जडीवुटीहरू पाइन्छन् ।

### २.१.३ ऐतिहासिक चिनारी

शैल्य शिखर मालिकार्जुन मन्दिर नेपालको दार्चुला जिल्लामा अवस्थित छ । यस मन्दिरलाई नेपाल सरकारले २०६५ सालमा देशकै सात वटा धामहरूमध्यको एउटा धाम घोषणा गरेको हो । राष्ट्रकै सात वटा धामहरूमध्येको एउटा धाम तथा जिल्लाकै प्रमुख धार्मिक पर्यटकीय स्थलका रुपमा चिनिदै आएको यस मालिकार्जुन मन्दिरमा विशेष गरी प्रत्येक वर्ष कार्तिक वा मंसीर महिनामा जात्रा र भदौ महिनाको गौरा पर्व लाग्ने गर्दछ । यस मालिकार्जुन मन्दिरबाट ५००० मिटरको उचाईमा श्री शैल्य शिखरधाम छ । यस शैल्य शिखरधाममा विशेष गरी असार शुक्ल चर्तुदशी र कार्तिक शुक्ल त्रियोदशिका दिन जात्रा लाग्ने गर्दछ । श्री शैल्य शिखर धामको दर्शन गर्न महिलाको हकमा विवाहित र पुरुषको हकमा ब्रतबन्ध गरेकाले मात्रै जान सक्छन् । मालिकार्जुन गाउँपालिकामा लटिनाथ, कैलपाल र बालिचन देवताको मन्दिर पनि छ ।

लटिनाथ मालिकार्जुनका सुपुत्र हुन् भने कैलपाल लटिनाथ देवताका भाई अर्थात उनका मामाका छोरा हुन् भन्ने यहाँका बुढापाकाहरू बताउछन् । मालिकार्जुनलाई धार्मिक पर्यटन गनतब्यस्थलका रुपमा विकास गर्न तथा यहाँ रहेका प्राचिन धार्मिक महत्व बोकेका ऐतिहासिक धरोहरहरूको अनुसन्धान, अन्वेषण तथा संरक्षणकालागि मालिकार्जुन पर्यटन पूर्वाधार विकास समिति क्रियासिल रहँदै आए पनि देशमा लम्बिदो संक्रमण अस्थिर राजनीतिले अपेक्षाकृत रुपमा काम हुन सकेको छैन (मालिकार्जुन गाउँपालिकाको वस्तुगत विवरण, २०७६)।

यसको ऐतिहासिक कुरा गर्दा श्री शैल्य मालिकार्जुन देवता भारतको कत्यूर भन्ने ठाउँबाट मालिकार्जुनको शैल्य शिखरमा आएका हुन् भन्ने किंवदन्ती रहेको पाइन्छ । भारतमा भएको धार्मीक दंगाका बखत १६ औं सताब्दी तिर नेपाल विभिन्न राज्य उपराज्यहरूमा विभाजन थियो । कर्णाली प्रदेस अन्तरगत डोटीराज्यमा मल्ल वंशका राजाहरू शासन गर्दथे । भारतमा भइरहेको धार्मीक हिंसाका वेला भारतका विभिन्न ठाउँबाट धर्म रक्षाका निम्ती त्यँहाका हिन्दुहरू एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण हुंदै गए । हुँदा हुदै भारतका विभिन्न ठाउँबाट भारतीय हिन्दुहरू आफ्नो इष्टकुलसहित नेपाल प्रवेस गरेको तथ्य इतिहासबाट पुष्टि हुन्छ । धर्म रक्षा र जीवन रक्षाका क्रममा श्री शैल्य मालिकार्जुन शिवलिंग र शालीग्रामका साथ भारतका विभिन्न ठाउँ हुंदै अभयराज पाण्डेय, निमनाथ योगी, भिमराज भट्ट, धाराधिरा पहलवान र सुरदास औजी दार्चुलाको रिठाचौपाता आई रिठा भन्नेठाउँमा वास बसेको श्रुति छ । त्यही शिवलिंग स्थापित गरी अभयराज पाण्डेयले मालिकार्जुनको पुजन गरेको मानिन्छ । त्यति बेला डोटी राज्य विस्तारणको क्रममा भारतका गढवाल, देहरादून आदि ठाउँ पुगेका इतिहास छ (मालिकार्जुन गाउँपालिकाको वस्तुगत विवरण, २०७६) ।

डोटीका राजा नागी मल्लको पालामा विभिन्न ठाउँमा रहेका शक्ति केन्द्र र शक्ति पीठहरूमा मन्दिर, धर्मशाला र शिलालेख बनाइएको पनि देखिन्छ । यता श्री शैल्य मालिकार्जुन हिमालय एवं पर्वतीय रमणिय स्थलहरू खोजी गर्दै हिड्ने क्रममा दुँहुको हुतिमा समेत बास बसेको कथन छ । श्री मालिकार्जुन ज्योर्तिलिंग स्थायी वासस्थान खोज्दै जाने क्रममा मालिकार्जुनको श्री शैल्य शिखर पर्वतमा आई बस्नुभएको हो भन्ने कुरा मालिकार्जुनको झोडो स्तुतीगानमा उल्लेख भएको पाइन्छ । मालिकार्जुनको शैल्य शिखर धाम साविकका मालिकार्जुन र ग्वानी गाविसको बिचमा पर्दछ । आराध्यदेव श्री मालिकार्जुन देवता बासस्थानको खोजीमा रिठाबाट हिडेपछि उता अभयराज पाण्डेय रिठामै बसी मालिकार्जुनको ज्योर्तिलिंग खोज्दै थिए । उनका अन्य साथिहरू प्रभुको ज्योर्तिलिगंको खोजीमा क्रममा विभिन्न ठाउँहरूमा घुम्दै गए तर, कहि कतै पनि उनीहरूले आफ्ना इष्टदेव मालिकार्जुनको ज्योतिर्लिङ्ग नभेट्टाएपछि भक्ति र शोकमा व्याकुल भए । यसरी इष्टदेव मालिकार्जुनको भक्ति भावमा विलीन भएका अभयराज पाण्डेयलाई महाराज मालिकार्जुनले राती सपनामा दर्शन दिई आफु मालिकार्जुनको शैल्य शिखरमा डेरा जमाई बसेको बताए । सपनामा अभयराज पाण्डेयलाई प्रभुले भन्नु भएछ, 'तिमी चिन्ता नगर त्यहाँ डिडेकोटमा बस्ने डिङे राजाले दैनिक पशुबली गरेर वातावरण र मलाई समेत दुषित बनाउने काम गर्न थाल्यो, उसको कोट उचाईमा छ र रिठामा बस्दा म चाहि गहिराइमा परे । त्यसो भएको हुनाले मैले स्थायी रुपमा बास बस्ने योगय र उचित ठाउँ शिखर पर्वत भेट्टाएको छु, तिमी भक्त एक्लै यहाँ पुग्न सक्दैनौ, म तिम्रो घरमा बाघ पठाउने छु र त्यो बाघको दायाँ खुट्टामा निङालाको छुरा हुनेछ, तिमी नडराउनु र त्यो सुरा बाघको खुट्टाबाट निकाल्नु अनि त्यसपछि बाघ आफ्नो बाटो लाग्ने छ र तिमी पनि बाघकै पछि—पछि आउदै गर्ने बाघले तिमीलाई म कहाँ पुऱ्याउने छ । त्यसपछि अभयराज पाण्डेको निन्द्रा खुल्छ, र ब्युझी हेर्दा बाहिर उज्यालो भएको हुन्छ, सपनिमा भने जस्तै उसको अगाडी प्रभुले भने जस्तै खुट्टामा निङालाको सुरा भएको बाघ देखिन्छ । बाघलाई देखेपछि अभयराजले बाघको खुट्टाको निङालाको सुरा निकाली दिनुभयो । अनि बाघ सरासर आफ्नो बाटोतर्फ लाग्छ र अभयराज पाण्डेय पनि बाघकै पछि—पछि लाग्छन् । बाघले उनलाई शिखर पर्वतको शिलामा पुऱ्याउछ । त्यहाँ पुग्दा अभयराजले साच्चीकै शिवलिंग पाउछन् । अभयराजले खुसीको आँसु झार्दै महाराजप्रति भक्ति भाव प्रकट गर्छन र त्यतिनै बेला अभयराजले वाणि सुन्छ । महाराज मालिकार्जुनले अभयराजलाई भन्नुभयो, हे भक्तराज मेरो स्थायी वसोवास अबदेखि यहि नै हुन्छ, अबदेखि तिमी यही आएर मेरो पुजन र दर्शन गर्न सक्छौ । अरु

भक्तहरूलाई पनि यही आउन भनि दिनु भन्दै आकाश वाणि बन्द हुन्छ (मालिकार्जुन गाउँपालिकाको वस्तुगत विवरण, २०७६)।

यसरी शिखरबाट घर फर्केका अभयराजले श्री शैल्य मालिकार्जुनको ज्योर्तिलिंग खोज्दै हिडेका अन्य भक्तहरू भिमराज भट्ट, निमनाथयोगी, सुरदास औजी र धिराधारालाई खवर गर्न गाउँ—गाउँ मान्छे पठाउँछन् र शिवलिंग शिखर पर्वतमा विराजमान भएको र त्यहि पुजाँपाठ गर्नुपर्ने सन्देस दिन्छन् । साच्चिकै शिखर पर्वतमा रहेको शिला भित्रको अदृष्य गुफामा यस्तो महान एंव अद्वैत शक्ति छ जसको बयान गर्न हामीसँग प्रयाप्त शब्दहरू नै छैनन् । हामीसँग भक्तिभाव र सर्मपण छैन, त्याग, तप र साधना छैन् । महाराज मालिकार्जुन विराजमान हुनुभएको शिखर पर्वतमा पौराणिककालदेखी हरेक वर्ष आषाढ शुक्ल चतुर्दसी र कार्तिक शुक्ल त्रियोदसीका दिन विधि विधान बमोजिम पुजा अर्थात पुजन, दर्शन गरिन्छ । विशिष्ट खालको नीतिनियम र विधि पार गर्दै पुगिने यो श्री शैल्य शिखर पुजन र दर्शनले विघ्न वाधा हट्ने, मनमा शान्ति मिल्ने, दरिद्रता नास हुने, मानसम्मानका साथै मुक्ति प्राप्त हुने कुरामा शतप्रतिसत विश्वास गरिन्छ (मालिकार्जुन गाउँपालिकाको वस्तुगत विवरण, २०७६) ।


इ.सं. १४००—१५०० बिचको अवधिमा मालिकार्जुन र छिपला दुबै देवताबिच युद्ध भएको तथ्य पाइन्छ र युद्धमा मालिकार्जुनको विजय भएको पाइन्छ । यी दुबै बिचको युद्धको कारण कुमाउँखण्डको हुन देश हालको (व्यासतिर) मा कुटी भन्ने प्रख्यात ठाउँ थियो । त्यस देशका राजाकी छोरी (भागाश्री) नामकी सुन्दरी राज कुमारी थिइन् । जसको सुन्दरताको चर्चा सर्वत्र फैलिएको थियो । ती भागाश्रीलाई मालिकार्जुन देवता एकातिर ल्याउन आतुर थिए भने अर्कोतिर केदार देवता पनि त्यसका प्रत्यासी थिए । केदार र मालिकार्जुन एकदमै मिल्ने साथी थिए । यी दुबै शैव सम्प्रदायी हुनुका साथै केदारकी रानी (पटौदा) र मालिकार्जुनकी रानी (शोभाश्री) बिच बहिनी नाता भएबाट दुबैको पारिवारिक सम्बन्ध पनि घनिष्ट नै थियो । यति हुँदाहुदैं पनि मालिकार्जुन र केदारबिच भागाश्री प्राप्तिकालागि प्रतिस्पर्धा गोप्य रूपले चल्न थाल्यो । यसरी दुबैमा एक अर्कालाइ भागाश्री प्राप्तिको मामलामा बाधक सम्झन थाले (मालिकार्जुन गाउँपालिकाको वस्तुगत विवरण, २०७६) ।

एक दिन दुबै देवता पानी धारातर्फ लागे । धारामा पुग्नु भन्दा पूर्व मालिकार्जुनबाट केदार प्रति षडयन्त्र गर्ने योजना बनाइ पानी धारमा माथिबाट चामल फालेका थिए । सो कुरा केदारलाई थाहा थिएन । पानी धारमा पानी पिउँदा ती भिजेका चामल बगेर धारमा आए । मालिकार्जुनबाट केदारको अपहेलना गर्ने तरिकाबाट तिमीले जुठो भात फालेको पानी पिएका छौ । त्यसैले तिमी देवताको सिँढीमा रहदैनौ र तिमी भागाश्री लाइक रहेनौं भनी मालिकार्जुन आफ्नै रैथान तिर लागे । आफ्नो अपमान भएको सम्झी केदारले दुःखित भइ जोगीको रूप बनाइ पानीको मूल खोज्दै हिंडे । जाँदाजादै पानीको मूलमा ठूलो ओढार रहेछ । त्यो ओढारमा अस्त्रशस्त्र सुसज्जित चर्मे भूतको परिवार बस्दो रहेछ । यसरी आफू अपमानित भएको झोकमा केदार देवताले चर्मे भूतका सम्पूर्ण परिवारलाई मारिदियो र चर्मे भूतकी श्रीमती गर्भवती भएकाले उसको पेट बाहेको अन्य ठाउँमा कुटपीट गर्दा एउटा बालक उछिट्टीएर केदारको शरीरमा टाँसियो । यसरी टाँसिएको बच्चालाइ छुरीले आफ्नो मासुकाटी बच्चासहित मासु भुईंमा फालिदिए । छिपलाबाट यसरी आफ्नो परिवारको नास गर्ने कारण सोध्दा उक्त घटनाको यथार्थ सविस्तार भन्दा मालिकार्जुनको षडयन्त्रको कारणले आफ्नो सम्पूर्ण परिवारको नास भएको कुरा थाहा पाए पछि चर्मे (छिपला देवता) भूतको बच्चाले मालिकार्जुनसँग बदला लिने अठोट गर्‍यो । यिनी चर्मे भूतका छोरापछि केदारबाट पालन पोषित भइ स्थान समेत दिएका कारण राक्षस हुँदाहुदैं देव स्थान प्राप्त गरी देवता मानिएका हुन् । यी देवता (छिपला) लेकममा शक्तिशाली देवताका रूपमा मानिने हुनैनाथका जन्मदाता हुन् । यस्तो कुरा केदार देवताले सुन्दा केदारले आफ्नो मन्दिर नजिकै छिपलाको मन्दिर निर्माण गरी बस्ने व्यवस्था समेत मिलाइ दिएपछि मालिकार्जुनले ल्याउन खोजेकी परम सुन्दरी राजकुमारी भागाश्रीलाई छिपलासँग छलकपट बल जे जसरी भएपनि मालिकार्जुनले लैजानपूर्व आफ्नो घरमा ल्याइ स्वास्नी तुल्याइ सकेकाले केदार देवता अति खुसी भई मालिकार्जुनको शेखी झारेकोमा गौरवान्वित भएका थिए

। यसरी आफूले ल्याउन खोजेकी भागाश्री छिपलाले छल कपट पूर्वक ल्याएको सुनेर मालिकार्जुन अत्यन्त भावविभोर हुन्छन् । मालिकार्जुन भागाश्री प्रति यति आशक्त थिएकि उनलाई रातिमा निन्द्रा आउँदैनथ्यो, खाना खान मन लाग्दैनथ्यो, हरक्षण भागाश्री मै तल्लीन रहन्थे । भागाश्रीबिना आफू बाँच्न नसक्ने कुराको विरह पोख्दथे । भागाश्रीलाई छिपलाले ल्याएको कुरा मालिकार्जुनले थाहा पाए पछि भागाश्रीलाई आफ्नी रानी बनाउन उनले हरण गर्ने बिचार गरे । यसरी भागाश्रीलाई मालिकार्जुनले हरण गरेपछि छिपला र मालिकार्जुन बीच ठूलो युद्ध भएको पाइन्छ । युद्धमा मालिकार्जुनको विजय भएको पाइन्छ (मालिकार्जुन गाउँपालिकाको वस्तुगत विवरण, २०७६)।

## २.१.४ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतीजा अनुसार २९९३ घरधुरीका ३२४१ परिवारहरूमा १५७५४ जनसङ्ख्या रहेको छ । जसमध्ये पुरुषको जनसङ्ख्या ६७३१ तथा महिलाको जनसङ्ख्या ८१२३ रहेको छ । औषत घरपरिवारको आकार ४.८६ र लैंगिक अनुपात १२२.४ रहेको छ । गाउँपालिकाको औषत जनघनत्व १५७ जना प्रति वर्ग कि.मी. रहेको छ ।




चित्र ३: मालिकार्जुन गाउँपालिकाका मुख्य बस्तीहरू

यद्यपि राष्ट्रिय जनगणना २०६८ को नतीजा अनुसार भने ३२९५ घरधुरीहरूमा २०१३३ जनसङ्ख्या रहेको देखिन्छ जसअनुसार एक दशकमा करिव ५ हजार जनसंख्या घटेको देखिन्छ । मालिकार्जुन गाउँपालिकाका भर्तोला, डुङरी, रेबली सिराड, सेलीचामा, खुना, न्वालपानी, भद्राडी, प्रेमनगर, ओखरपानी, बसेडी, भौतडी, चौड, सुङरखाली, ऐरिछाना, चन्दनपुर औतालेक, तल्ला, सैन, भनबाटा, लास, ल्वातड, उक्मा, उकू, बाँकु, सलेती डिन्सी, जौलजीवी, जडानी, खोलीचोरा, थक्तोली,

रञ्चनी, पस्ती, सिराडी आदि मुख्य बस्तीहरू हुन् । कूल घरधुरीहरूमध्ये ५५ दलित घरधुरी, ६५ जनजाती, ३ घर बाहुन र बाँकी क्षेत्रीहरू रहेका छन् ।

गाउँपालिकामा आर्थिक रूपले सक्रिय १५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ६३ प्रतिशत भन्दा बढी रहेको छ । यस उमेर समूहलाई गाउँपालिकाले योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीकालागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी गाउँ विकासमा ठूलो फड्को मार्ने अवसर रहेकोछ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई बैज्ञानिक र प्रभावकारी बनाउन सकिन्छ । यसरी पालिकाका समृद्धिका प्रमुख क्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्बन्धित विषयमा शैक्षिक संस्थाको विकास गरी जानसांख्यिक लाभ लिन सकिन्छ । यस गाउँपालिकामा सबैभन्दा बढी धामीहरूको बसोबास रहेकोमा, बोहरा, रोकाया, ठगुन्ना, ओइरे, टमटा, महता आदी जातजातिका मानिसहरू बसोबास गर्दछन् ।

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको धरातलीय स्वरुपमा पनि विविधता पाइन्छ । कतै खोंच, कतै लेक, कतै पहाड, कतै छहरा, कतै गल्छी जस्ता अनेकन प्रकृतिको भुभाग पाइन्छ । यहाँको प्राय जसो जमिनको प्रकृति भिरालो किसिमको रहेको छ । भू-उपयोगको अवस्था हेर्ने हो भने ४१८७ हेक्टर भू-भाग कृषियोग्य जमिन रहेको छ । यस गाउँपालिकाबासीहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा कृषि व्यवसाय रहेको छ । अझैसम्म पनि परम्परागत पद्धतिमा आधारित यहाँको कृषि प्रणाली निर्वाहमुखी मात्र बनेको छ भने भर्खर मात्र व्यावसयिक खेती तर्फ प्रयासहरू शुरु हुन थालेका छन् । कृषि तर्फ खाद्यान्न बाली, तरकारी, ओखर तथा अमिलो जातका फलफुल खेती नै यहाँको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको छ भने पशुपंक्षीपालन तर्फ मह, घ्यु तथा मासुजन्य उत्पादन मुख्य आम्दानीको स्रोतको रुपमा रहेको छ । कृषिको यान्त्रिकरण तथा उन्नत जातका बिउको प्रयोगको थालनी भएसँगै यस पालिकाको कृषि विकासमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

यस गाउँपालिकामा जौ, गहुँ, मकै, फापर, कोदो, मार्सी, आलू, सिमी आदि लगायतका बाली रहेको छ । यस क्षेत्र भित्र नगदे बालीका रुपमा आलु, टमाटर, काउली, सिमी जस्ता वालीहरूको उत्पादन हुने गरेको छ । त्यस्तै गरी आरु, किवी, स्याउ, ओखर, अमिलो लगायतका फलफुल उत्पादन हुने गरेको छ । साथै, दलहनमा राजमा र भटमास लगायतका बालीहरूको उत्पादन हुने देखिन्छ भने तेलहनमा केही मात्रामा तोरी उत्पादन हुने गरेको छ । गाउँपालिका क्षेत्रमा जडीबुटीको समेत प्रचुर संभावना रहेको छ ।

मालिकार्जुन गाउँपालिकामा पशुपंक्षी पालन तिर हेर्नेहो भने गाई, भैंसी तथा बाख्रा पालन मुख्य हो । भौगोलिक रुपमा धेरै विकट यस मालिकार्जुन गाउँपालिकामा भेडा - बाख्रा पालन पराम्परागत रुपमा बर्षौ देखि नै पालिदै आएको मानिन्छ । सडकको पहुँचबाट निकै टाढा रहेका यस गाउँपालिकाका दुर्गम बस्तीहरूमा खच्चडबाट माल समान ढुवानी गर्ने गरेको पाइन्छ ।

### २.२.२ पर्यटन तथा सस्कृति

यस गाउँपालिकामा पर्यटन क्षेत्रको ठूलो सम्भावना रहेकोछ । ऐतिहासिक र धार्मिक महत्व भएका धेरै स्थानहरू यहाँ रहेका छन् । विषेशगरी, यस क्षेत्रमा मालिकार्जुन धाम, शैल्य शिखर धाम, श्री उकू महल भग्नावशेष, हुनैनाथ मन्दिर, शिराड भगवती, न्वालपानी दमौरा पर्यटन क्षेत्र, लटिनाथ मन्दिर, तमैराज मन्दिर, गौरी आमा मन्दिर, मानई भगवती मन्दिर,

जेठी बुहारानी आदि प्रशिद्ध पर्यटकीय क्षेत्रहरू छन् । यस क्षेत्रमा केही समय यता देखि घरेलु पर्यटकको बढ्दो चाप देखिन थालेको छ । यस क्षेत्रको धार्मिक तथा साँस्कृतिक पर्यटनलाई बढवा दिने पर्यटकीय महत्वलाई प्रवर्द्धन गर्ने देउडा गाँउदै र नाच्दै आफ्नै मौलिकपनले यहाँको संस्कृतिलाई विशेष र छुट्टै पहिचान बनाएको छ भने स्थानीय भाषाको अर्थपुर्ण सहभागितालाई प्राथमिकता दिइएको छ ।

अग्ला पहाड, झरना, फाँटहरू र ढकमक्क गुँरास फुलेको दृश्यावलोकन लगायत स्थानीय कला संस्कृतिको संरक्षण, पर्यटकीय स्थलको स्तरोन्नती प्रकृतिक र सास्कृतिक सम्पदाको संरक्षण गर्न सकेको खण्डमा पयर्टन क्षेत्रमा यस गाउँपालिकालाई थप लाभ हासिल हुने देखिन्छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

गाउँपालिकाको मुख्य बजारको रुपमा रहेको मालिकार्जुन, भौतडी, चौड, ऐरिछाना, सैन, भनबाटा, लास, ल्वातड, उक्मा, उकू, जौलजीवी, पस्ती, सिराडी बजार बाहेक अन्य मुख्य सरसामानकालागि गोकुलेश्वर तथा खलङ्गा श्रोत बजारको रुपमा रहेको छ । गाउँपालिकामा साना घरेलु उद्योगहरू रहेका छन् । यी उद्योगहरूले स्थानीय उत्पादनलाई गाउँपालिका क्षेत्र, खलङ्गा र गोकुलेश्वर बजार समेत आपूर्ति गर्छन् । त्यस किसिमका साना उद्योगहरूमा डेरी उत्पादन, उन, जडिबुटी, हाते कागज उद्योग आदि पर्दछन् ।

धार्मिक तथा सांस्कृतिक रुपमा निकै धनि मानिएको यस पालिकामा वसोवास गर्ने अधिकांश मानिसहरू पशुपालन तथा सोहि सम्बन्धि व्यापार गर्ने गर्दछन् । यसका साथै गाउँपालिकामा भेडा बाख्रा पालन तथा राडिपाखि बुन्ने कार्य समेत गर्दछन् ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

मालिकार्जुन गाउँपालिकाका मानिसहरू जेठ, अषाढ, असौज, कार्तिक र चैत्र महिनामा स्थानीय खेतीपाती, सिजन अनुसारको खर संकलन, जडिबुटी संकलन, भण्डारण तथा बिक्री वितरण ब्यवसायले गर्दा ब्यस्त हुने गर्दछन् । त्यस कारण बाँकी अन्य महिनाहरू केही फुर्सदिला देखिएका कारण विकास निर्माणका गतिविधिहरूमा समुदाय सहभागिता हुने गरेको देखिन्छ । समग्रमा यस गाउँपालिकामा पुरुषको भन्दा महिलाहरू सिजन अनुसारको काममा बढी ब्यस्त हुने अवस्था तथ्यांक विश्लेषणले देखाउँछ । गाउँपालिका भित्र कुल जनसङ्ख्या आधा भन्दा बढी आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये करिव १५ प्रतिशत मानिसहरू वैदेशिक रोजगारीमा गएका छन् । गाउँपालिकाको क्षेत्रका कूल ३२४१ घरपरिवार मध्ये परिवारका कुनै एक सदस्य वैदेशिक रोजगारीमा गएका घरपरिवारको अनुपात करिव २५ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिव ३२ करोड रूपैंया भन्दा बढी विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । जसलाई औषत कमाइको रूपमा हेर्दा प्रति व्यक्ति प्रति महिना २८ हजार रूपैंया हुन आउँछ ।

### २.२.५ सहकारी

यस गाउँपालिकामा नियमित सञ्चालनमा रहेका ३ वटा सहकारी संस्थाहरू रहेको छन् । कृषि सहकारी संस्थाको सङ्ख्या ३ वटा रहेका छन् ती संस्थाहरूको लगानी प्रायः कृषि क्षेत्रमा नै केन्द्रित छ । मालिकार्जुनबासी करिब ५ प्रतिशत परिवारहरू सहकारीमा आवद्ध छन् । ऋण प्रवाह, धितो मूल्यांकन जस्ता विषयहरूमा सहकारीहरूको आफ्नै विविध प्रावधानबाट ग्रामीण वडाबासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् र वडास्तरको धितोबाट आवश्यकता अनुसार सहकारीबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामुहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । यसर्थ पर्याप्त पुँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि

सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पुँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको देखिंदैन ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

गाउँपालिका क्षेत्रभित्र सबै स्वास्थ्य संस्थाहरूमा सुरक्षित मातृत्व, पोषण सेवा र परामर्श सेवा उपलब्ध भएपनि ल्याव, एक्सरे तथा एससिटि जस्ता अत्यावश्यक सुविधाहरू उपलब्ध हुन सकेको छैन । आधारभूत स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न गाउँपालिका क्षेत्रभित्र ६ वटा स्वास्थ्य चौकी, ६ वटा सामुदायिक स्वास्थ्य इकाई एवं सेवा केन्द्र, ६ वटा बर्थिंग सेन्टर, १ आयुर्वेद औषधालय, २ वटा आयुर्वेद सेवा केन्द्र, ३ वटा निजी क्लिनिक र ५५ जना सक्रिय महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् भने ७८ जना स्वास्थ्यकर्मी सेवारत छन् । मुख्य रूपले यस गाउँपालिकामा झाडापखाला, रुघाखोकी, ज्वरो, टाईफाईड, ग्यास्ट्रिक तथा निमोनिया लगायतका रोगहरू बढी मात्रामा लागेको देखिन्छ । गर्भावस्थामा रहेका मध्ये करिब ८० प्रतिशतले मात्र ४ पटक गर्भजाँच गराएको तथ्यांक छ भने १८ प्रतिशत महिलाले स्वास्थ्य कर्मीको अनुपस्थितिमा घरमै प्रसुती गरेका छन् ।

स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई सुत्केरी पोषण प्रोत्साहन शुरुवात गरिएको छ । पछिल्ला दिनमा स्वास्थ्यकर्मीको उपस्थितिमा सुधार भएको छ । स्वास्थ्य व्यवहार परिवर्तनकोलागि स्वास्थ्य संस्थास्तरमा अन्तरकृया तथा मधुमेह, रक्तचाप र पिसाव जाँच कार्यक्रम हरेक वर्ष सञ्चालन हुने गरेको छ । विद्यालयस्तरमा जुकाको औषधी तथा भिटामिन ए र स्वास्थ्य शिक्षा कार्यक्रम वर्षमा १ पटक हुने गरेको छ । पाठेघर खस्ने महिलाकोलागि उपचार स्थानीयस्तरमा हुने गरेको छ । गाउँपालिकास्तरमा स्वास्थ्य सेवा उपलव्ध गराउन गैर सरकारी संस्थाहरू स्वास्थ्य क्षेत्रमा साझेदारको रुपमा रहेका छन् । आधारभूत स्वास्थ्य सेवालाई चुस्त र दुरूस्त बनाउनकोलागि शाखाबाट औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरूलाई तालिममा सहभागी, विभिन्न कार्यक्रमहरूको समीक्षा, स्वास्थ्य शिविर लगायत कार्यहरू गर्दै आइरहेको छ । गाउँबासीकालागि सुलभ स्वास्थ्य सेवाको उद्देश्य पुरा गर्न र आकस्मिक महामारीलाई समेत व्यवस्थापन गर्न स्वास्थ्य संस्थाहरू सुदृढीकरण, गाउँपालिकाको अस्पताल सञ्चालन र स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालनकोलागि गाउँपालिका स्वास्थ्य नीति तयार गरी लागु गर्नुपर्ने देखिएको छ ।

### २.३.२ शैक्षिक विकास

यस गाउँपालिकाको स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, र प्रविधिको संरक्षण, प्रवर्द्धन, र विकास गर्न गाउँ शिक्षा समितिबाट आधारभुत तहको परिक्षा सञ्चालन, व्यवस्थापन, अनुगमन र नतिजा प्रकाशनकोलागि कार्यविधि निर्माण गरिएको छ । यसैगरी सुचना प्रविधिको प्रयोग गरी कक्षा ८ को परिक्षाफल कार्यालयको वेवसाइट मार्फत प्रकाशन गर्ने गरिएको छ । प्रारम्भिक वाल विकास केन्द्रमा कार्यरत सहयोगीलाई स्थानीय तहबाट वजेट विनियोजन र कक्षा सञ्चालन गर्ने नीति लिइएको छ । विद्यायलको शैक्षिक विकास र शिक्षकको क्षमता विकासकोलागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको र आधुनिक माध्यमबाट शैक्षिक सुचना प्रवाह गरी विद्यालय र पालिका बिच वैठक सञ्चालनको शुरुवात गर्ने अभ्यास गरिएको छ ।

भोगौलिक रुपामा विकट तथा छरिएर रहेको बस्तीकाकारण गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा विद्यालय शिक्षाको सहज पहुँचबाट बञ्चित हुनु परेको अवस्था छ । यस गाउँपालिका अन्तर्गत हाल ४४ वटा सामुदायिक विद्यालय, १२ वटा सामुदायिक बालबिकास केन्द्र र १ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् जसमध्ये कक्षा १—१२ सञ्चालित

३ वटा, १—१० सञ्चालित २ वटा, १—८ सञ्चालित ८ वटा र १—५ सञ्चालित २५ वटा र १—३ सञ्चालित ६ वटा सामुदायिक विद्यालय छन् ।

यस गाउँपालिकामा रहेका अधिकांश विद्यालयहरूमा श्रोत कक्षा, एकीकृत पाठ्यक्रम, इनटरनेट सुविधा जस्ता शैक्षिक गुणस्तर कायम गर्न सघाउ पुऱ्याउने साधनहरू उपलब्ध नभएको देखिन्छ । विद्यालयहरूमा बालक्लबहरू गठन भएता पनि बालमैत्री शिक्षण विधिको प्रयोग नभएको देखिन्छ । सबै विद्यालयहरूले दलित, अपांग, विपन्न तथा जेहेन्दार जस्ता विभिन्न शिर्षकमा छात्रवृति उपलब्ध गराउदै आएका छन् ।

### २.३.३ खानेपानी तथा सरसफाइ

गाउँपालिका क्षेत्रमा रहेका कूल ३२४१ घरपरिवार मध्ये करिव ५५ प्रतिशत घरपरिवारले मात्र पाइपको धाराको पानी उपयोग गर्दछन् अन्यले मुल तथा खोला नदिनालाको पानी प्रयोग गर्ने गरेका छन् ।करिव ८५ प्रतिशत परिवारमा आधारभूत खानेपानी सेवा उपलब्ध छ र अझैपनि धेरै घरपरिवारमा पाइपबाट खानेपानीको सुबिधा नपुगेको देखिन्छ । गाउँपालिकाले एक घर एक धारा नीति अनुसार काम गरिरहेको छ । गाउँपालिका पूर्णरुपमा खुल्ला दिशामूक्त क्षेत्र घोषणा भइसकेको अवस्था भएपनि केही घरधुरीहरूमा शौचालय नभएको देखिन्छ । वडाहरूको फोहरमैला जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गरिने गरेको छ । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाइमा अझै पनि कमि कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत देखिन्छन् ।

### २.३,४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नेपालको संविधानले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्वोधन गर्दै लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक लगायतका हकको प्रत्याभुती गरेको छ । गाउँपालिकाले पाँच वर्ष भित्र बालविवाह मुक्त, महिला हिंसामुक्त र शत प्रतिशत महिला साक्षर गाउँ निर्माणकोलागि आवश्यक पहल गरेको छ । महिलामैत्री गाउँपालिकाकालागि टोलटोलमा आमा समूह गठन भएका छन् । लक्षित वर्गकालागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएका छन् । सामाजिक सुरक्षा कार्यक्रमबाट सबै वर्गलाई समेट्ने प्रयास भइरहेको छ । लक्षित वर्गकालागि आयमुलक कार्यक्रम सञ्चालनमा रहेका छन् । गाउँपालिकास्तरमा बाल, महिला, आदिवासी जनजाति तथा अपाङ्ग संजाल रहेका छन् । स्थानीय समिति तथा संरचना समावेशी स्वरुपमा गठन हुने गरेका छन् ।

अझैपनि सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई गाउँपालिका स्तरीय योजनाले समेट्नेछ । गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । यस गाउँपालिकाबासी नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति, बाल सुरक्षा अनुदान र दलित वर्गहरू सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित भएका छन् ।

### २.३.५ युवा, खेलकुद तथा कला

यस गाउँपालिकाले युवा जनसक्तिलाई उत्पादन, विकास निर्माण र रोजगारीसँग जोडने नीति लिएको छ भने गाउँपालिका तथा वडा तहमा खेलकुद प्रतियोगिताको आयोजना तथा खेलाडी प्रोत्साहन हुने गरेको छ । मालिकार्जुन गाउँपालिकाका विभिन्न ठाउँहरूमा खेलकुद मैदान रहेका छन् । प्राय खेलकुद मैदानहरू विद्यालय भित्र नै रहेका छन् । यस गाउँपालिका क्षेत्रभित्र खेलकुद, मनोरञ्जन, पिकनिक लगायतका स्थलहरू रहेको छ । यस गाउँपालिकामा राष्ट्रीयस्तरका ४ जना र प्रदेश तथा जिल्लास्तरका ६ खेलाडी छन् भने, ३ वटा युवा क्लव र विद्यालय स्तरका खेल मैदानहरू रहेका छन् ।

यस गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । माघेसंक्रान्ति मेला, शिवरात्री, दशैं, तिहार, लाङ्ग, भादौ मेला, कृष्णजन्माष्टमी, भुअ, सीउरो हर्रयालो, मालिका पूर्णी, भुअ, गौरा, पूर्णिमा मेला, देव जात्रा, अनन्तपूर्णिमा, टुवाठु लगायतका चाडपर्व जात्रा र मेला मनाइने गरिन्छ । विभीन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

मालिकार्जुन गाउँपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड तयार गरी लागु गर्न बाँकी रहेको छ । हरेक क्षेत्रको विकास निर्माणलाई योजनावद्ध ढङ्गले अगाडि बढाउने पहल कदमी गरिनु पर्दछ । गाउँपालिकामा आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी कानुन बनाउने अधिकार प्राप्त भएको छ भने केही आवास निर्माणकोलागि आवश्यक स्थानीय ढुङ्गा, गिट्टी, बालुवा, काठ आदिको उपलब्धता रहेको छ । आवश्यक खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था तथा बसोबासकोलागि उपयुक्त हावापानी रहेको छ । व्यवस्थित बस्ती विकासकोलागि गाउँपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । गाउँपालिकाको प्रशासकीय भवन निर्माण हुन नसकिरहेको अवस्थामा निर्माणकालागि सहजिकरण जारी रहेको र सो भवन निर्माण पश्चात सेवा प्रवाहमा सहजता हुने अवस्था रहेको छ । त्यसैगरी गाउँपालिकाका ८ वटा वडा मध्ये ५ वटाको आफ्नै कार्यालय भवन रहेको छ भने बाँकी ३ वडाको कार्यालय भवन छैन ।

पहिरो र कटानले गाउँपालिकाका केही क्षेत्र प्रभावित भएका कारण बर्षेनी मानवीय तथा आर्थिक क्षतिको सामना गर्नु परेको छ । भू-उपयोग नीति अनुसार बस्ती विकास हुन नसक्दा मालिकार्जुन गाउँपालिकाका बिभिन्न ठाउँहरूमा मापदण्ड विपरित आवास निर्माण भएका छन् साथै मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नभएकाले अव्यवस्थित भवन निर्माण हुने क्रम रोकिएको छैन । गाउँपालिकामा विद्यमान अवस्थामा शहरी विकासको पूर्वाधार विकास गर्न आवश्यक आर्थिक समस्या रहेको देखिन्छ । एकै पटकमा सेवा प्रदान गर्न बनाउन पर्ने भवनहरू र तिनीहरूकोलागि आवश्यक मानव स्रोत एवम् साधनहरूकोलागि गर्नु पर्ने लगानी पुऱ्याउन सक्षम हुन नसक्दा मालिकार्जुन गाउँपालिकाले सेवाग्राहीलाई शिघ्र सेवा प्रदान गर्न नसकिरहेको अवस्था छ । ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिने तथा निर्माण सामाग्री कम गुणस्तरको प्रयोग गर्ने भएका कारण त्यस्ता ठाउँका भवन जोखिमयुक्त रहेका छन् । सामुहिक आवास तथा एकिकृत बस्ती निर्माणमा जनचासो नहुँदा जोखिममा रहेका घर तथा बस्ती स्थानान्तरणमा समेत चुनौती रहेको छ ।

आवास तथा बस्ती विकासकालागि आवश्यक उच्च प्रविधिहरू प्रयोग तथा दक्ष जन शक्तिहरूको परिपूर्ति गर्नु मालिकार्जुन गाउँपालिकाको बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणकालागि पहिलो प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, बिजुली तथा सूचना प्रणालीको व्यवस्था गरी मालिकार्जुन गाउँपालिकालाई

सुव्यस्थित एवं सुरक्षित पालिका बनाउने प्रसस्त आधार रहेका छन् । स्थानीय स्रोत र साधनको प्रयोग गरी सुरक्षित घरहरू बनाउन सकिने तथा व्यापक जनसहभागिता स्वयं गाउँपालिकाले आफ्नो वस्तुगत अवस्था अनुरूप आवास योजना निर्माण गर्ने अधिकार रहेको कारण मौलिक प्रकृतिको वास्तुकलाको जगेर्ना गरी मौलिक पहिचान कायम गर्न आवास निर्माण अनुमति दिँदा विशेष प्रोत्साहन गर्नु पर्ने देखिन्छ । खेर गएका बाँझो जमिनहरूलाई आवास योजना निर्माण गरी सुरक्षित घडेरी विकास गर्ने तथा उर्वर, खेती योग्य जमीनको संरक्षणमा मालिकार्जुन गाउँपालिकाको पहलकदमी जरुरी छ । पालिकामा हालसम्म शहरीकरण नभइसकेकोले शुरुको अवस्थाबाट नै वैज्ञानिक ढङ्गले शहरीकरणलाई अगाडि बढाउन सकिने अवस्था रहेको छ ।

### २.४.२ सडक, पुल तथा यातायात

गाउँपालिका भित्र हाल सम्म महाकाली राजमार्ग खण्डको करिव २५ कि.मि. बाहेक अन्य सडक कालोपत्रे हुन सकेको छैन भने करिव १२ कि.मि. सडक मात्रै सर्वयाम सडक रहेको छ । अन्य सबै सडक कच्ची अवस्थामा रहेको छ । यातायात सुविधा निकै कष्टकर रहेको छ । प्रायजसो ठाउँमा वर्षातको समयमा पहिरोले बाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमितरुमा सडक सुचारु गर्न कठिनाई हुने गरेको छ । सडक विस्तार जथाभावी तरिकाले गरिँदा धेरै स्थानहरूमा खेतीयोग्य जमीनको विनाश हुनका साथै पहिरोको प्रकोप बढ्ने तथा वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ । गाउँपालिकाका अधिकांश सडकहरू कच्ची र सम्पूर्ण सडकको स्तरोन्नति गर्न समयमै आवश्यक बजेटको अभाव रहेको छ

आन्तरिक सडक सञ्जालको पूर्णरुपमा विकास हुँदा पालिकालाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तरउन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने देखिन्छ । सडक पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनेछ साथै स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग तथा स्थानीय स्तरमा औद्योगीकरणमा सहजता हुने देखिन्छ ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

नेपालको संविधानले वैकल्पिक ऊर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्तिकालागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ र यसबाट दुर्गम क्षेत्रमा रहेका राष्ट्रीय प्रशारण लाइन पुऱ्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तीहरूमा आधुनिक ऊर्जाको पहुँच पुऱ्याउन र शहरी क्षेत्रको बढ्दो ऊर्जा भागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मुल प्रवाहमा ल्याउन जरुरी छ । नविकरणीय ऊर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत सुधारिएको पानि घट्ट, सौर्य ऊर्जा, वायु ऊर्जा, सुधारिएको चुलो, विद्युतीय चुलो, गोबरग्यास र वायोग्यास आदि रहेको छ ।

मालिकार्जुन गाउँपालिकाका अधिकांश स्थानमा राष्ट्रीय प्रशारण लाइन मार्फत विद्युतीकरण हुन सकेको छैन । जलविद्युत उत्पादनको सम्भावना भएता पनि यस गाउँपालिकामा हाल ३ वटा लघु जलविद्युत सञ्चालनमा रहेको र सो लघु जलविद्युतबाट करिब २० किलोवाट विद्युत उत्पादन भएको तथ्याङ्कले देखाएको छ । यस गाउँपालिकामा रहेका जम्मा २९९३ घरधुरीहरूमध्ये करिब ९० प्रतिशत घरधुरीहरूले विद्युतीय उर्जाको प्रयोग गर्ने गरेको देखिन्छ । करिव १० प्रतिशत परिवमरले नविकरणीय तथा वैकल्पिक उर्जा अन्तर्गत सोलारको प्रयोग गरिराखेको देखिन्छ । राष्ट्रीय प्रशारण लाइन

जोडिएका अधिकांश घरधुरीमा सिङ्गल फेजको प्रषारण लाइन रहेका कारण सेवाग्राहीले आवश्यकता अनुसार उर्जाको प्रयोग गर्न सकिरहेका छैनन् ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

मालिकार्जुन गाउँपालिका क्षेत्रमा सबै वडामा मोबाइल सेवाको सुविधा पुगेता पनि अधिकांश बस्तीमा मोबाइल नेटवर्क ज्यादै कमजोर रहेको छ भने सेवा पहूँच भने करिव ६० प्रतिशत मात्रै छ । करिब ४० प्रतिशत परिवार मात्रै इन्टरनेट सेवाको पहूँचमा छन् । हाल स्थानीय प्रशारण हुने एफ.एम सञ्चालनमा नरहेको भएता पनि रेडियो सुन्ने तथा स्याटलाइट टेलिभिजन हेर्न सकिने अवस्था छ । यस पालिकाकामा तीन स्थानमा मात्रै मोबाइल टावरहरू रहेको छ जस्ले गर्दा सूचना आदान प्रदानमा केहि सहज भएता पनि प्रायजसो बस्ती अग्ला अग्ला डाँडाको फेदीमा रहेका कारण मुख्य बस्ती क्षेत्रमा नै मोबाइल नेटवर्क कमजोर रहेको छ । हाल सम्म पनि अप्टिकल फाइबर विस्तार हुन नसक्दा मालिकार्जुन गाउँपालिकामा इन्टरनेट सुविधा एकदमै कमजोर रहेको छ । अति दुर्गम तथा बिकट भौगोलिक अवस्थितिका कारण सूचना, सञ्चार तथा प्रविधिको विकासमा मालिकार्जुन गाउँपालिका निकै पछी परेको छ । छरिएर रहेको बस्ती भएकाले सञ्चारक्षेत्रको विकास र विस्तार गर्न कठिनाई रहेको देखिन्छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ बन तथा जैविक विविधता

वन क्षेत्र जैविक विविधिताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको श्रोत हुनुको साथै प्रमुख पर्यटकीय गन्तब्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो । वनबाट हाम्रो करिब ७० प्रतिशत इन्धन झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ । वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । जडीबुटी लगायत विभिन्न वन पैदावारको बिक्रिबाट मात्र वर्षेनी करिब दुई अरब भन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ । नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताकोलागि वन क्षेत्र तथा जैविक विविधताको सरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ । वन वातावरण र जैविक विविधताको दृष्टिकोणले मालिकार्जुन गाउँपालिका एक महत्वपुर्ण स्थान मानिन्छ ।


यस गाउँपलिकामा वन जंगलको अवस्था राम्रो देखिन्छ । गउँपालिकाको कूल भूभाग १००५३.०६ हेक्टर मध्ये करिब ४६६६ हेक्टर अर्थात करिब ४६.४१ हिस्सा वन जंगलले ओगटेको छ । जसमध्ये वडा नं. ३ मा सबैभन्दा बढी ११३३.३ हेक्टर वन/जङ्गल रहेको छ भने सबैभन्दा कम वडा नं. २ मा २८०.७ हेक्टर वन/जङ्गल रहेको छ ।

उच्च पहाडी क्षेत्रमा रहेको यस गाउँपालिकाको पश्चिम सिमाना भएर महाकाली नदी बग्दछ भने महाकालीमा मिसिन पुग्ने दर्जन बढी खोला तथा गाडहरू मालिकार्जुन गाउँपालिकाका जलाधारहरू हुन् । समाशितोष्ण प्रकृतिको हावापानीमा पाइने धुपी सल्ला, बाँझ, उतिस, चिलाउने, कटुस फलाँट, वर, पीपल जातका प्रजातिका बोटविरुवा यहाँ पाइन्छ । यसैगरी मुनाल, च्याँखुरा, डाँफे, कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा आदि तथा घस्रने जीवहरूमा, हरेउ, सुनगोहोरो, छेपारो, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि जातका चराचुरुङ्गीहरू पाइन्छन् । यहाँका जंगलहरू बस्तीदेखि टाढा, अपायक स्थानमा घना र उत्तम छन् भने बस्ती नजिक रहेका वन क्षेत्रहरू विगतमा विनाशको क्रममा रहेतापनि हाल क्रमशः सुधारको क्रममा छन् ।

भूउपयोगको दृष्टिकोणले नदी तथा ताल क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । गाउँक्षेत्रमा रहेको विभिन्न नदी, खोला तथा साना खोल्साले यस क्षेत्रको जैविक विविधताको संरक्षणमा निकै ठुलो योगदान पुऱ्याएका छन् ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

गाउँपालिकाले जलाधार व्यवस्थापनलाई जिविकोपार्जनसँग जोडेर जलउपयोग गुरूयोजना तथा जिविकोपार्जन कार्यन्वयन तर्जुमा गरेको छ । यस गाउँपालिकाको मूख्य जलाधार क्षेत्र भनेको महाकाली नदी रहेको छ । स-साना खोलाहरू पनि उच्च पहाडी क्षेत्रबाट उत्पन्न भएका हुँदा मुख्य खोलाहरूमा बर्षायाममा पानीको मात्रा प्रयाप्त देखिन्छ ।





चित्र ४: मालिकार्जुन गाउँपालिकाको भिरालोपनको जिआइएस नक्सा

यस गाउँपालिकाको कूल क्षेत्रफल मध्ये १८५९.०१ हेक्टर जमीन २०० भन्दा कम भिरालोपन भएको अर्थात समथर प्रकृतिको रहेको देखिन्छ र कृषि तथा बस्ती विकासालागि उपयुक्त मानिन्छ ।

**तालिका ३: मालिकार्जुन गाउँपालिकाको भिरालोपनको अवस्था**

| क्र.सं. | भिरालोपना | क्षेत्रफल/हेक्टर | प्रतिशत |
|---|---|---|---|
| १ | <२०° | १८५९.०१ | १८.४९ |
| २ | २०°-४०° | ६१०८.७० | ६०.७६ |
| ३ | ४०°-६०° | २०१९.५९ | २०.०९ |
| ४ | >६०° | ६५.७६ | ०.६५ |
| **जम्मा** | | **१००५३.०६** | १०० |



चित्र ५ मालिकार्जुन गाउँपालिकाको जमीनको उचाइको जिआइएस नक्सा

मालिकार्जुन गाउँपालिकाको जमीनको उचाइ विश्लेषण गर्दा करिव एक चौथाइ भू-भाग (२३९३.३१ हेक्टर) समुद्र सतहबाट १००० मि. भन्दा कम उचाइमा रहेको पाइन्छ भने लगभग एक चौथाइ नै भू-भाग (२३७२.६३ हेक्टर) समुद्र सतहबाट

१५००-२००० मि. उचाइमा रहेको झण्डै आधा भू-भाग (४५२३.७२ हेक्टर) समुद्र सतहबाट १०००-१५०० मि. उचाइमा रहेको छ भने बाँकी करिव ८ प्रतिशत जमीन २००० मि. माथिको उचाइमा रहेको छ ।

**तालिका ४: मालिकार्जुन गाउँपालिकाको जमीनको उचाइको अवस्था**

| क्र.सं. | उचाइ (मि.) | क्षेत्रफल/हेक्टर | प्रतिशत |
|---|---|---|---|
| १ | <१००० | २३९३.३१ | २३.८१ |
| २ | १०००-१५०० | ४५२३.७२ | ४५.०० |
| ३ | १५००-२००० | २३७२.६३ | २३.६० |
| ४ | २०००-२५०० | ६७८.३१ | ६.७५ |
| ५ | >२५०० | ८५.०९ | ०.८५ |
| **जम्मा** | | **१००५३.०६** | १०० |

मालिकार्जुन गाउँपालिकाको समग्र भू—उपयोगको स्थिति हेर्दा गाउँपालिकाको कूल भूभाग मध्ये करिब १.५२ प्रतिशत हिस्सामा नदी तथा पोखरी रहेको देखिन्छ । अन्य चट्टान क्षेत्र रहेको देखिन्छ । जलाधार व्यवस्थापन एवम् संरक्षणका अभावमा सिँचाइ व्यवस्थापन तथा बाढी पहिरो नियन्त्रणमा कठिनाइ छ । स्थानीय खोला खोल्साले खेतियोग्य जमीन कटान गर्ने क्रम बढ्दो छ भने बेमैसमी बाढीका कारण यहाँका स्थानीयबासीले धन-जनको क्षति व्यहोर्नु परेको अवस्था विद्यमान छ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

गाउँ क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामीण वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनकालागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ । अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनकालागि दाउराको प्रचलन यथावतै छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्व दिने एउटा संस्कृतिनै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । पानीका श्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । गाउँ क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ । यसक्षेत्रको खानेपानी, सिँचाइ, र विभीन्न उचाइमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेकोछ । तीव्र शहरीकरणबाट वन, र उर्वर भूमि माथि  बढदै गएको चाप र जलवायु परिर्वतनबाट सृजित भएका र भविष्यमा हुन सक्ने दुश्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय गाउँपालिकाको सामु एक प्रश्नको रूपमा देखिएको छ ।

कृषि क्षेत्रमा अत्यधिक रसायनिक औषधिको प्रयोगमा न्यूनिकरण हुन नसकेका कारण जल तथा जमिनमा प्रदुषण बढ्दो रूपमा रहेकोछ । साथै ग्रामीण क्षेत्रमा अव्यवस्थित रूपमा बाटो खन्ने कारण धूलोको समस्याका साथै भूक्षयको समेत समस्या विद्यमान देखिन्छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

गाउँ र वडा स्तरीय विपद्व्यवस्थापन समिति गठन भएको छ । स्थानीय आपतकालीन सञ्चालन केन्द्र स्थापना प्रक्रिया अगाडि बढेको छ । स्थानीय आपतकालीन सञ्चालन केन्द्रले गैर सरकारी संस्थाहरू र सरकारी एजेन्सीहरू र अन्य सरोकारवालाहरू सहित गाउँ स्तरीय प्रकोप सम्बन्धी जानकारीकालागि समन्वय र सञ्चार बिन्दु बनाउने काम अगाडि बढेको छ । विपद्जोखिम न्यूनीकरणकालागि गाउँपालिकाको आफ्नै राष्ट्रिय एकीकृत सूचना प्रणाली विकासको कार्यविधि तयार गरी यस मार्फत विपद्का सूचनाहरू एकै ठाउँबाट सबैले जानकारी पाउने व्यवस्था अगाडि बढाइएको छ ।

पहिरो मालिकार्जुन गाउँपालिकाको सबैभन्दा ठूलो चुनौतीका रुपमा देखा परेको छ । बर्षायाममा पहिरोका असुल्य धनजनको क्षति हुने गरेको छ । अव्यवस्थित सडक पुर्वाधारका कारण विपदको जोखिम अझ बढेको देखिन्छ । मालिकार्जुन गाउँपालिकाको विपद् तथा जलवायुजन्य जोखिम पाश्र्वचित्रमा उल्लेख भए अनुसार गाउँपालिकाका केही स्थानका घरधुरी जोखिममा रहेका छन् । खोलानालाले वर्षेनी बाटो परिवर्तन गर्ने गरेका कारण नदी किनारमा रहेका कृषि क्षेत्र बगरमा परिणत हुने गरेका छन् । नदी कटानका साथै गाउँपालिका भित्र पहिरोको जोखिमयुक्त क्षेत्रहरू समेत रहेका छन् । यदाकदा वनजंगल वरपरका क्षेत्रमा आगलागीको जोखिम समेत रहेको छ भने वनजंगल वरपरका क्षेत्रमा वन्यजन्तुका् कारण वालिनाली तथा धनजनमा क्षती हुने गरेको (बाँदर आदि) देखिन्छ । चट्याङ्गका कारण समेत यदाकदा धनजनको क्षति हुने गरेको छ । विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू-उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को त्रासले स्थानीयहरू घर/बस्ती छाडी अन्यत्र बसाइँसराइ सर्ने सम्मको अवस्था सिर्जना भएकोछ । विपद्को जोखिमले जग्गा/जमिन बिक्री गर्ने वा भू-उपयोग परिर्वतन गर्ने प्रवृति रोक्नु सकिएको छैन । गाउँपालिका स्तरमा वैज्ञानिक भू-उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएका देखिएको छैन ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो । यसकालागि शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समदुाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मुल मर्म हो । संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ । सुशासनकालागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । यसै सन्दर्भमा गाउँपालिकामा बन्न लागेको यस योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ ।

गाउँपालिकामा ४६ सदस्यीय गाउँ सभा तथा १६ सदस्यीय गाउँ कार्यपालिकाको व्यवस्था छ । गाउँको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनकालागि सङ्घीय कानुनको अधिनमा रही ५ वटा विषयगत विकास

समितिहरू र विधायन, गाउँ शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, गाउँ स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन सम्बन्धी स्थानीय समिति र सल्लाहकार समिति लगायतका समितिहरूले कार्यसम्पादन गर्दै आएका छन् । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनकालागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ । गाउँपालिकाले आफ्नो पाँच बर्षे कार्यकालमा जम्मा ३५ वटा ऐन, कानुन, कार्यविधि, मापदण्ड र निर्देशिका तर्जुमा गरी गाउँपालिकाको नियमित कार्य सम्पादनलाई व्यवस्थित बनाउने प्रयास गरेकोछ ।

स्थानीय तहको निर्वाचन २०७४ पश्चात निर्वाचित जनप्रतिनिधिको सक्रिय पहलमा संघियता कार्यन्वयनको शुरुआती चरण पूरा भएको छ । कुनै पनि नीति तथा कानुन नभएको अवस्थामा नव निर्वाचित प्रतिनिधिहरूको मुख्य जिम्मेवारी नै स्थानीय ऐन, नीति, निर्देशिका तथा कानुन निर्माण गरी मालिकार्जुनमा सुशासन कायम गर्नु रहेको थियो । आवश्यक कर्मचारी पदपूर्ति नभएको साथै भएका कर्मचारी पनि गाउँपालिकाको कार्य व्यवस्थापनमा अभ्यस्त नभैसकेको अवस्थामा पालिकाका नियमित कार्य सञ्चालनमा समेत चुनौतीको सामना गर्नु परेको थियो । भौतिक पूर्वाधारको अभावले गर्दा शुरुआती बर्षमा कार्य सम्पादनमा ठुलो कठिनाई भएको थियो, जसले गर्दा अधिकांश समय भौतिक पूर्वाधार तथा कार्यालय सञ्चालनकालागि आवश्यक सामाग्री व्यवस्थापन खर्चनु परेको थियो ।

### २.६.२ सङ्गठनात्मक विकास

गाउँ कार्यपालिकाको प्रमुखको रुपमा अध्यक्ष र उपाध्यक्षको रुपमा निर्वाचित पदाधिकारी रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहिआएको छ । गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत (सातौं तह) को रुपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँसभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा, र आन्तरिक लेखापरीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत प्रशासन उपशाखा, राजश्व उपशाखा, योजना तथा अनुगमन उपशाखा र कानुन एकाइ रहने व्यवस्था भएको छ । यसै शाखाले गाउँपालिकाभित्र रहेका ८ वटै वडाहरूसँग समन्वय गर्ने व्यवस्था पनि रहेको छ । पूर्वाधार विकास शाखा अन्तर्गत सडक, सिँचाइ तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ती विकास उपशाखा र वातावरण तथा विपद्व्यवस्थापन एकाइ रहने व्यवस्था छ । स्वास्थ्य तथा सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला बालबालिका र समाज कल्याण उपशाखाको व्यवस्था गरिएको छ । यसैगरी विद्यमान सङ्गठन संरचना अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतको मातहतमा स्वास्थ्य र कृषि/पशु तर्फका निकायहरू (प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, शहरी स्वास्थ्य केन्द्र, कृषि विकास शाखा र पशु सेवा केन्द्र) रहने व्यवस्था भएको देखिन्छ ।

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस गाउँपालिकाको सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । गाउँपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् । विद्यमान दरबन्दी अन्तर्गत अधिकृत स्तरका ८, सहायक स्तरका ८५ समेत ९३ वटा पदको स्वीकृत दरबन्दी देखिन्छ भने तह विहिन ३४ गरी कूल १२५ कर्मचारी कार्यरत रहेको देखिन्छ । मालिकार्जुन गाउँपालिकाको विद्यमान

सङ्गठन संरचना, कर्मचारी दरबन्दी, कार्यबोझ समेतको अध्ययन गरी प्राप्त कार्यआदेशको परिधि भित्र रही सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने देखिन्छ ।

हालसालै स्थानीय तहमा कर्मचारी दरबन्दीहरू समायोजन भएको र यस गाउँ कार्यपालिकाको कार्यालयमा अझैसम्म सबै पदहरूको सङ्ख्या स्पष्ट हुन नसकेको व्यहोरा यस कार्यालयको प्रशासन शाखाबाट जानकारी हुन आएको छ । नेपालको संविधानबाट स्थानीय तहकोलागि निर्दिष्ट अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहकोलागि तोकेको काम, कर्तव्य र अधिकार तथा वदलिँदो शासकीय स्वरुप अनुसार स्थानीय तहप्रतिको नागरिकको अपेक्षा एवं परिवर्तित शासकीय स्वरुपलाई व्यवस्थित गर्न आवश्यक साधन/स्रोत र सोको व्यवस्थानकोलागि विद्यमान जनशक्ति पर्याप्त देखिंदैन । यस सन्दर्भमा सङ्ख्यात्मक एवं गुणात्मक रुपमा बढोत्तरी गर्नु जरुरी देखिन्छ ।

### २.६.३ श्रोत परिचालन

गाउँपलिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनकालागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत पालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी सोहि वमोजिम स्रोत परिचालन तथा व्यवस्थापन गर्नु पर्ने हुन्छ । मालिकार्जुन गाउँपालिकाले हाल सम्म पनि स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा नगरेकोले सम्वन्धित मन्त्रालय तथा स्रोत प्रदायक निकायको कानुन, ऐन, निर्देशिका तथा कार्यविधिका आधारमा स्रोत परिचालन गर्ने गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्रोत परिचालन समन्वय शाखाले सबै ७५३ पालिकाहरूलाई स्थानीय तहको  राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण, आन्तरिक श्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय, राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन, राजस्व सूचना तथा तथ्यांक आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन, स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण, राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार, राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान, स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानकालागि समन्वय, स्थानीय राजस्वको मुल्याङ्कन, स्थानीय तहको प्राकृतिक श्रोत साधन सम्बन्धी कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय तथा स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य गरिरहेको छ र सोहि शाखाको समन्वय तथा सहजिकरणमा मालिकार्जुन गाउँपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन हुने गरेको छ ।

### २.६.४ योजना व्यवस्थापन

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न सुदूरपश्चिम प्रदेश सरकारले **"समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउने"** लक्ष्यका साथ प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजनाको तर्जुमा गरेको छ । योजनाबद्ध विकासकालागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीति सहितको योजना आवश्यक पर्दछ । त्यसैले यस गाउँपालिकाले पनि पन्ध्रौं

योजना तथा सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती हुने गरी आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

राज्य पुनर्संरचना मार्फत मालिकार्जुन गाउँपालिकाको स्थापना भएसँगै यस गाउँपालिकाले प्रचलित कानुन तथा ऐन वमोजिम योजना व्यस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उपाध्यक्षको संयोजकत्वमा रहेको राजस्व परामर्श समितिको सिफारिसमा गाउँ सभाद्वारा बार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी बार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ भने निर्माणाधीन आवधिक योजनाले योजनाबद्ध विकासमा थप योगदान हुने अपेक्षा गरिएको छ । स्थानीय तह गठन भए पश्चात् स्थानीय विकास अवधारणा अनुरूपका प्राथमिक कामहरू शुरुवात भएका छन् । आर्थिक वर्ष २०७३/७४ मा स्थानीय रूपमा वित्तीय कारोबार सीमित रहेको थियो भने आ.व. २०७४/७५, आ.व. २०७५/७६, आ.व. २०७६/७७ तथा आ.व. २०७७/७८ कोलागि पूरा अवधिको बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयनका क्रममा रहेको छ ।

राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगसँग नियमित रूपमा परामर्श गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसकिरहेको अवस्थामा योजना व्यस्थापनमा समस्या रहेको छ । आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंकको तर्जुमा नहुँदा मालिकार्जुन गाउँपालिकाको योजना व्यवस्थापन अपेक्षाकृत छैन । योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु तथा कर्मचारीहरूको स्थायित्व नहुनु पनि यहाँका योजना व्यवस्थापनका चुनौतीहरू हुन् । नियमित अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितताालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणकालागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । मालिकार्जुन गाउँपालिकाले अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरूको नेतृत्वमा आवश्यकता अनुसार हरेक कार्यक्रमको अनुगमन गरिरहेको छ ।

## परिच्छेद ३: सोच तथा विकासको अवधारणा

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्देश्यहरू, नेपालको दीर्घकालीन सोच र सुदूरपश्चिम प्रदेश सरकारले लिएका आ-आफ्ना दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादात्म्य गर्दै मालिकार्जुन गाउँपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । गाउँ कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा मालिकार्जुन गाउँपालिकाको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्देश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

### ३.१ पृष्ठभूमि

संघीय शासन प्रणाली अनुरुप गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेका समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी योजना तर्जुमा गरेको छ । कतिपय आर्थिक नीति कार्यान्वयन गर्न तीनै तहकाबीच एकीकृतरुपमा जानुपर्ने अपरिहार्य रहेको छ । राष्ट्रिय तथा प्रादेशिक संकल्प, समृद्धि र समुन्नतिकालागि सार्वजनिक क्षेत्रका अतिरिक्त सहकारी क्षेत्र र निजी क्षेत्रसँग समेत सहकार्य साझेदारीका कार्यहरूहरूलाई सँगसँगै लिएर जानुपर्ने अवस्था रहेको छ । संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्न तीनै तहले तर्जूमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुनु आवश्यक हुन्छ । यो आवधिक विकास योजना मालिकार्जुन गाउँपालिकाको समग्र विकासकालागि तयार गरिएको आयोजना दस्तावेज हो, जस्ले निर्दिष्ट लक्ष्य हासिल गर्नकालागि निश्चित अवधि भित्र गर्नुपर्ने कार्य तथा रणनीतिहरूको वारेमा विश्लेषण गरेको छ । यसले स्थानीय समुदायका जन गुनासो, आवश्यकता र ती आवश्यकता पूर्ति गर्न आवश्यक स्रोतको विश्लेषण गर्नुका साथै चुनौती समाधानका क्षेत्रमा के कस्ता जोखिमहरू आउन सक्छन भन्ने वारेमा विश्लेषण गर्दछ । गाउँपालिका भित्र आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा सुशासनको क्षेत्रमा समावेशी विकास गर्नकालागि आवधिक योजनाले अल्पकालिन तथा दीर्घकालिन महत्वका आयोजना बनाउने गर्दछ जस्को परिणाम स्वरुप उपेक्षित वर्गले समेत विकासमा अपनत्व लिने वातावरण तयार हुन्छ । यसकालागि पनि यो योजनाको निर्माणका क्रममा सबै वर्गको साझा संलग्नतालाई मध्यनजर राख्दै वडास्तरबाट योजना संकलन गरी यस आवधिक योजनामा समावेश गरिएका छन् । यस अर्थमा यो स्थानीय योजना आफैमा सहभागितामूलक तरिकाले निर्मित योजना हो ।

### ३.२ प्रमुख समस्या तथा चुनौती

**<u>समस्याहरू</u>**

१. दीर्घकालीन सोचका आधारमा योजनावद्ध विकास प्रक्रिया अघि बढाउने परिपाटीको थालनी भएतापनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
२. योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।
३. जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनु पर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोगले सुशासनमा समस्या देखिनु ।
४. गाउँपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो छिटो तथा अप्रत्यासित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।
५. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।

६. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या ।
७. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था ।
८. मालिकार्जुनको कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारकोलागि वृहत्तर क्षेत्रगत योजना तयार हुन सकेको छैन।
९. वन विनाश र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् ।
१०. विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ ।
११. एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।
१२. विकासका पूर्वाधारहरूको समान वितरण गर्न सकेको अवस्था छैन ।
१३. उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ ।
१४. शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको समाधान नै विकासको ठुलो समस्या देखिएको छ।
१५. विद्यार्थी र शिक्षकको अनुपात नमिलेको कारणले थप समस्या भएको छ ।

**चुनौतीहरू**

मालिकार्जुन गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

१. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संशाधन विकासका कारण अपेक्षित रुपमा आन्तरिक राजस्व सङ्कलन नहुनु।
२. धेरैजसो भू-भागमा वन क्षेत्र, चरनपाखा, खोला, बगर, भीर पाखा र भिरालो जमिन भएकोले कृषिको आधुनीकिकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु ।
३. विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु ।
४. गाउँपालिकाका सबै वडाहरूमा मोटरबाटो पुऱ्याउनु
५. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रुपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।
६. पर्यटकीय विकासको उच्च सम्भावना बोकेका हिमाल, पदयात्रा, उच्च पहाडी फाँटहरू र झरना लगायतका क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु ।
७. गाउँपालिकाका विभिन्न वडाहरूमा विभिन्न प्रकारका फलफूल तथा जडिबुटीहरूको व्यावसायिक रुपमा खेती शुरु गरे तापनि यिनीहरूकालागि बजार व्यवस्थापन गरी कृषकहरूलाई यसतर्फ दीर्घकालीन रुपमा आकर्षित गराउनु।
८. गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्वपूर्ण जडिबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।
९. स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
१०. ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
११. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राखु ।

१२. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
१३. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमीनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्नु ।
१४. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत राख्नु।
१५. भ्रष्टाचार तथा फजूल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्नु ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रुपमा उल्लेख गर्न सकिन्छः

१. संवैधानिक रुपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको छ ।
२. गाउँपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस गाउँपालिकालाई पहिचान दिने गरी कृषि उत्पादन गर्न सक्ने गाउँपालिकाका रूपमा विकास गर्न सकिनेछ ।
३. एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र पर्यटन विकासको प्रचुर सम्भावना रहन गएको छ ।
४. कृषिजन्य उत्पादित वस्तुकोलागि आवश्यक बजारको समस्या नरहेको, यस गाउँपालिकामा उत्पादन हुने जैविक कृषि तथा पशुजन्य उत्पादनले राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।
५. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट स्थानीयबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
६. अमिलो प्रजातीका फलफुल, किवी, आलु, टमाटर, अदुवा, टिमुर लगायत विभिन्न मौसमी तथा बेमौसमी फलफुल एवं तरकारीहरू, मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस गाउँपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा वृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ ।
७. गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ ।
८. वनजङ्गल, यार्सागुम्बा लगायतका जडिबुटी, जलस्रोत, ढुङ्गाखानी आदिजस्ता प्राकृतिक स्रोतको लाभ लिन सकिने अवस्था रहेको छ ।
९. पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ ।
१०. गाउँपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडिबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।
११. आवधिक योजनाको निर्माण प्रक्रियासँगै जनमानसमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ ।

## ३.४ निर्देशक सिद्धान्त

नेपालको बदलिदो राजनैतिक, सामाजिक र कानुनी आधार र पन्ध्रौं राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न निर्देशक सिद्धान्तहरूलाई पालन गरी गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ साथै आवधिक योजना कार्यान्वयन

गर्दा सबै सरोकारवाला संस्था/निकाय तथा समूहहरूले निम्नलिखित विकासका सिद्धान्तहरूलाई अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) नेपालको संविधानको भाग १ धारा १४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ" भन्ने उल्लेख भए अनुसार पिछडिएका, उपेक्षित तथा सीमान्तकृत समुदायको सामाजिक विकास तथा आर्थिक उत्थानकालागि गाउँ विकास योजनाको ध्येय समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्नु हुनेछ ।

(ख) उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ ।

(ग) नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा गाउँपकिलाको स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ ।

(घ) संविधानको भाग ४ धारा ५१ (घ) (२) मा उल्लेख भए अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै गाउँको समृद्धि हासिल गरिनेछ ।

(ङ) संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई गाउँको उच्च सम्भावना रहेका आर्थिक विकासका क्षेत्रमा परिचालन गरिनेछ ।

(च) रणनीनितिक शहरी पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्य अगाडि बढाइनेछ ।

(छ) स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, विद्युत्, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, प्रदेश, विकास साझेदार, निजीक्षेत्र र समुदायसँग सहकार्य गरिनेछ ।

(ज) आर्थिक-सामाजिक रूपले पछाडि परेका दलित, जनजाति, मधेसी, गरिब, एकल महिला, अपाङ्ग र पिछडा वर्गको सेवामा पहुँच बृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरू पत्ता लगाई सोको सम्वोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(झ) स्थानीय श्रोत, सीप तथा साधनको अधिकतम परिचालन गरी प्राकृतिक श्रोतको दिगो उपयोग गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य तथा समावेशी विकासका उद्देश्य प्राप्त गर्नेतर्फ गाउँ विकास योजनाका नीति तथा कार्यक्रमहरू परिलक्षित गरिनेछ ।

(ञ) सांस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको मालिकार्जुन गाउँपालिकामा आधुनिक कृषि र पर्यटन विकास मार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को लक्ष्यलाई यथार्थमा बदल्न योगदान दिन सक्ने नवप्रवर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

**"सुखी मालिकार्जुनबासी-समृद्ध मालिकार्जुन"**

**लक्ष्य**

गाउँपालिकाको विकासकोलागि प्राप्त अनुदान तथा आन्तरिक स्रोत साधनहरूको अधिकतम मात्रामा परिचालन गरी समृद्ध एवम् समतामूलक मालिकार्जुन निर्माणको आधार तयार गर्ने ।

**उद्देश्य**

१. उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु ।
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्नु ।
३. गुणस्तरीय तथा प्रयोगकर्तामैत्री पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गर्नु ।
४. वातावरणीय सन्तुलन कायम गर्दै जल, जमिन, जङ्गल, जैविक विविधता जस्ता प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्नु,
५. संस्थागत तथा जनशक्तिको क्षमता विकास गरी सुशासन अभिवृद्धि गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

**तालिका ५: अपेक्षित परिमाणात्मक उपलब्धि**

| सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | तेस्रो | पाँचौं | | | |
| **समष्टिगत विकास** | | | | | | | | |
| मानव विकास सूचकाङ्क* | सूचकाङ्क | ०.४५ | ०.४७ | ०.४८ | ०.४८ | ०.०४८ | मानव विकास प्रतिवेदन, गाउँपालिका प्रोफाइल | आर्थिक वृद्धि दर थप भएको हुने |
| आर्थिक वृद्धि* | प्रतिशत | ५.२ | ५.४ | ६ | ७ | ७ | | |
| वार्षिक प्रति व्यक्ति आय* | रु. | ६८४५० | ६९००० | ७२००० | ८२००० | ८२००० | | |
| बहुआयामिक गरिबी | प्रतिशत | ३२ | ३१ | २३ | १६ | १६ | | |
| साक्षरता | प्रतिशत | ८२ | ८२ | ८३ | ९० | ९० | | शिक्षा, स्वास्थ्य, सडक, खानेपानी तथा विधुत लगायतका क्षेत्र तिनै तहको सरकारको प्राथमकितामा परेको हुनुको साथै थप अनुगमन पनि प्रभावकारी भएको हुने |
| विद्यालयमा खुद भर्ना दर* | प्रतिशत | ७४ | ७४ | ७५ | ८५ | ८५ | | |
| औसत आयु* | वर्ष | ६८ | ६८ | ६९ | ७० | ७० | | |
| कालोपत्रे सडक | कि.मि. | ० | ० | ५ | १० | १० | | |
| ग्राभेल सडक | कि.मि. | १२ | १२ | २५ | ३७ | ३७ | | |
| विद्युत सेवा प्राप्त घरधुरी (सोलार समेत) | प्रतिशत | ६२ | ६५ | ८५ | १०० | १०० | | |
| खानेपानी सेवा प्राप्त घरधुरी | प्रतिशत | ८४ | ८८ | ९० | १०० | १०० | | |
| वेरोजगारी | प्रतिशत | १८ | १७ | १३ | १० | १० | | प्रधानमन्त्री रोजगार कार्यक्रम थप प्रभावकारी भएको हुने र गाउँ भित्र नयाँ उद्योग व्यवसायहरू सञ्चालनमा आएका हुने |
| विपद् बाट हुने वार्षिक क्षती रकम | रू. लाखमा | १०० | ९० | ५० | २५ | २५ | | विपद् व्यवस्थापन थप प्रभावकारी भएको हुने |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

* *जिल्लागत तथ्यांक तथा प्रदेश तथ्यांकका आधारमा*

## ३.७ रणनीति तथा प्राथमिकता

**तालिका ६: गाउँपालिकाका प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू**

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १: उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु ।** | |
| १.१: प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | १. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ ।<br>२. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाकालागि प्रोत्सहान गरिनेछ । |
| १.२: विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ ।<br>२. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।<br>४. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । |
| **उद्देश्य २: गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्नु** | |
| २.१: शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने । | १. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>२. खुला दिशामुक्त गाउँ कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ ।<br>३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई गाउँपालिकाको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ । |
| **उद्देश्य ३: गुणस्तरीय तथा प्रयोगकर्ता मैत्री पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गर्नु ।** | |
| ३.१: गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।<br>२. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी क्रियाकलापमा जोड दिइनेछ ।<br>३. सडकको स्तरोन्नत्ति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँड गरिनेछ । |
| **उद्देश्य ४: वातावरणीय सन्तुलन कायम गर्दै जल, जमिन, जङ्गल, जैविक विविधता जस्ता प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्नु ।** | |
| ४.१: वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | १. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>२. एकघर एक धारा र पूर्ण सरसफाइ सहितको गाउँपालिका बनाउने नीति अवलम्बन गरिने छ ।<br>३. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आबद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ४. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ । |
| **उद्देश्य ५: संस्थागत तथा जनशक्तिको क्षमता विकास गरी सुशासन अभिवृद्धि गर्नु ।** | |
| **५.१:** सुशासन सम्बन्धी नीतिगत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्न्वयन गर्ने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।<br>२. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिवहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>३. गाउँपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>४. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ।<br>५. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् ।<br>६. समावेशी सामाजिक संरचनाका माध्यमबाट गाउँपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>७. गाउँपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ । |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

**तालिका ७: लगानी प्रक्षेपण**

| क्र.सं. | आ.व. | अपेक्षित आर्थिक बृद्धि दर | अपेक्षित गार्हस्थ उत्पादन (रु हजारमा) | प्रक्षेपित लगानी (रु हजारमा) |
|---|---|---|---|---|
| १ | ०७९/८० | ४.८ | - | ७०४३६० |
| २ | ०८०/८१ | ५.२ | - | ८१६८८० |
| ३ | ०८१/८२ | ६ | - | ८४६९६० |
| ४ | ०८२/८३ | ६.५ | - | ९४४४०० |
| ५ | ०८३/८४ | ७ | - | १०००६०० |
| **योजना अवधिमा हुने कुल प्रक्षेपित लगानी** | | | | **४३१३२००** |

**तालिका ८: आवधिक योजनामा खर्च ब्यहोर्ने स्रोतहरू**

| क्र.सं. | आ.व. | अपेक्षित आर्थिक बृद्धि दर | अपेक्षित गार्हस्थ उत्पादन (रु हजारमा) | प्रक्षेपित लगानी (रु हजारमा) |
|---|---|---|---|---|
| १ | ०७९/८० | ४.८ | - | ७०४३६० |
| २ | ०८०/८१ | ५.२ | - | ८१६८८० |
| ३ | ०८१/८२ | ६ | - | ८४६९६० |
| ४ | ०८२/८३ | ६.५ | - | ९४४४०० |
| ५ | ०८३/८४ | ७ | - | १०००६०० |
| **योजना अवधिमा हुने कुल प्रक्षेपित लगानी** | | | | **४३१३२००** |

## तालिका ९: गाउँपालिकाको आय अनुमान

रू. हजारमा

| क्र. सं. | विवरण | २०७७/७८ को यथार्थ | आय % | २०७८/७९ को अनुमान | २०७९/८० को प्रक्षेपित | २०८०/८१ को प्रक्षेपित | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नगद मौज्दात | | ०.०० | | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ |
| २ | आन्तरिक राजस्व | ४०५० | ०.८४ | ४०५० | ४६५८ | ५३५६ | ६१६० | ७०८३ | ८१४६ |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १०६५०० | २२.११ | १०६५०० | ११७१५० | १२८८६५ | १४१७५२ | १५५९२७ | १७१५१९ |
| ४ | सशर्त अनुदान (संघीय सरकार) | २०८००० | ४३.१८ | २०८००० | २२८८०० | २५१६८० | २७६८४८ | ३०४५३३ | ३३४९८६ |
| ५ | संघीय सरकारबाट राजस्व बाडफाट प्राप्त आय | ६०६२४ | १२.५८ | ६०६२४ | ६६६८६ | ७३३५५ | ८०६९१ | ८८७६० | ९७६३६ |
| ६ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ६९५० | १.४४ | ६९५० | ७६४५ | ८४१० | ९२५० | १०१७५ | १११९३ |
| ७ | सशर्त अनुदान (प्रदेश सरकार) | | ०.०० | | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ |
| ८ | राजस्व बाँडफाट (प्रदेश सरकार) | ९५७ | ०.२० | ९५७ | १०५३ | ११५८ | १२७४ | १४०१ | १५४१ |
| ११ | विशेष/ समपुरक अनुदान (संघ) | २१८०० | ४.५३ | २१८०० | २३९८० | २६३७८ | २९०१६ | ३१९१७ | ३५१०९ |
| १२ | विशेष /समपुरक अनुदान (प्रदेश) | १९८७७ | ४.१३ | १९८७७ | २१८६५ | २४०५१ | २६४५६ | २९१०२ | ३२०१२ |
| १३ | जनसहभागिता | | | ६८०१ | ७४८१ | ८२२९ | ९०५२ | ९९५७ | १०९५३ |
| १४ | सामाजिक सुरक्षा कोष | ५३००० | ११.०० | ५३००० | ५८३०० | ६४१३० | ७०५४३ | ७७५९७ | ८५३५७ |
| | **जम्मा** | **४८१७५८** | **१००.००** | **४८८५५९** | **५५७६१७** | **६१३६१२** | **६७५२४१** | **७४३०७३** | **८१७७३५** |

## ३.९ मालिकार्जुन गाउँपालिकाका गौरवका आयोजनाहरू

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| **सुखी मालिकार्जुनबासी-समृद्ध मालिकार्जुन** | | | | | | | | |
| **गौरबको आयोजाना** | | | | | | | | २४८२००० |
| शंकरपुर-चसकोट-धामालेख-सानानीचोरा-धरमपानी-जोलजीवी सडक निर्माण | किमि | २० | | | | | | ६००००० |
| ऐरीछाना-डाँडाकोट-लिमा-बाँकु सडक निर्माण | किमि | ३० | | | | | | ९००००० |
| मालिकार्जुन-न्वालपानी सडक निर्माण | किमि | १८ | | | | | | ५४०००० |
| शंकरपुर-सात्चोरी-बागबजार-पासादेब-बन्थला-थला-चिउरानी-बसानी-गराडा सडक स्तरउन्नती | किमि | २५ | | | | | | २५०००० |
| भटमास तथा मकै पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | १ | | | | | | १५००० |
| एक गाउँ एक गाउँ उत्पादन | एकमुष्ठ | १ | | | | | | १५००० |
| एक घर एक धारा | एकमुष्ठ | १ | | | | | | ३०००० |
| न्वालपानीमा पर्यटकीय पूर्वाधार तथा योग साधना प्रशिक्षण केन्द्र निर्माण | एकमुष्ठ | १ | | | | | | १०००० |
| मसला खेती (अदुवा, बेसार, धनिया, लसुन, प्याज) पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | | | | | | | १०००० |
| मासुजन्य उत्पादन प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | १ | | | | | | १०००० |
| दुग्धजन्य उत्पादन प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | १ | | | | | | १०००० |
| खच्चड संरक्षण कार्यक्रम | एकमुष्ठ | १ | | | | | | ५००० |
| गाउँपालिकाको प्रशासकीय भवन निर्माण | एकमुष्ठ | १ | | | | | | ३०००० |
| बहुउद्देशीय सभा हल निर्माण | एकमुष्ठ | १ | | | | | | २०००० |
| १० शैयाको अस्पताल निर्माण | एकमुष्ठ | १ | | | | | | १०००० |
| जडीबुटी संकलन, प्रशोधन, प्रर्वधन कार्यक्रम | एकमुष्ठ | १ | | | | | | १५००० |
| पालिकास्तरीय शीत भण्डारण केन्द्र निर्माण | एकमुष्ठ | १ | | | | | | १२००० |

## परिच्छेद ४: आर्थिक क्षेत्र

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहन्छ । यसलाई मुर्तरुप दिन संवैधानिक व्यवस्था, संघ, प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र पर्यटन, कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, जलविद्युत, वन पैदावार, सहकारी एवं कृषि पर्यटन रहेका छन् ।

यस गाउँपालिकाको उत्पादन, रोजगारी र आयको प्रमुख संभाव्य स्रोतका रुपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, बित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकासका प्रयासलाई डोहोर्‍याउन यस क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौती समेत विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र सो को प्राप्तिकालागि अवलम्वन गर्नु पर्ने रणनीति र बिषय क्षेत्रगत प्रमुख कार्यक्रमहरू सहितको आर्थिक विकास योजना निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.१ कृषि तथा पशुपन्छी

#### ४.१.१ पृष्ठभूमि

कृषि तथा पशुपन्छी क्षेत्रले यस पालिकामा कुल गार्हस्थ उत्पादनको सर्वाधिक करिब ५३ प्रतिशतको योगदान गरेको पाइन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको गाउँपालिकामा करिव एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुर्‍याउने सोच अनुरूप नै यस पालिकालाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नकालागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्वपूर्ण भूमिकालाई मनन गरी गाउँपालिकामा पशुपन्छी पालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनकोलागि सहयोग पुग्ने देखिन्छ ।

#### ४.१.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय विउविजन, मलखाद एवं औषधीहरूको अभाव तथा विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणकालागि सिप तथा पूंजीको अभाव, स्थानीय स्तर विमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट वाली उत्पादनमा भैरहेको क्षतीप्रमुख समस्याको रुपमा रहेको पाइन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु जस्ता समस्या, व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि संकलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पकेट खेती विकास कार्यक्रम नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु, कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, रष्टिक स्टोर लगायतको सुविधा नहुनुबाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ भने अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास संभावनाका क्षेत्रहरू प्रचुर भएपनि परम्परागत र निर्वाहमुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली नहुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था पाइन्छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले

माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानीकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, संकलन साथै उत्पादनकालागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ ।

भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकिकरण तथा सरलीकरण गर्नु, गुठी जग्गाको अभिलेखाङ्कन गरी अतिक्रमण रोक्नु, परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण र व्यावसायिकरण गराई युवा जनशक्तिलाई कृषि तथा पशु व्यवसायतर्फ आकर्षित गराउनुका साथै कोभिड-१९ महामारीका कारण वैदेशिक रोजगारीबाट फर्केकाहरूकालागि कृषिमा आकर्षित हुने खालका कार्यक्रमहरूबाट स्वरोजगार गराउनु, खाद्यान्नको उचित वितरण गर्नु र यसको प्रयोगमा जनचेतनामूलक कार्य सञ्चालन गर्नुका साथै कृषि सहकारीहरूको लगानीलाई व्यापकरूपमा कृषि उत्पादन तथा उद्योगमा परिचालन गर्नुपर्ने चुनौतीहरू रहेका छन् ।

### ४.१.३ संभावना तथा अवसर

रैथाने जातका खाद्यान्न वालीहरू जस्तो जौ, फापर, जुनेलो, लट्टे, सिमि, भट्ट, कोदो, सुन्तला, किवि र केरा खेती उत्पादनलाई व्यावसायिक रुपले उत्पादन गर्न सकिने संभावना छ । रैथाने बाली तथा फलफुल खेतीकोलागि उपयुक्त हावापानी रहेको छ । मौसमी तथा बेमौसमी तरकारी खेतीकालागि प्रचुर सम्भावना रहेको छ । उच्च मुल्य जाने रायोको साग तथा तरकारीको विउ लगायत बालीको पकेट क्षेत्रको बिस्तार र प्रर्वद्धन गर्न सकेको खण्डमा कृषिको व्यावसायिकता एवं दिगो खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्न सक्ने प्रचुर संभावना रहेको छ । यसका अतिरिक्त मुख्य वनजन्य उत्पादनहरूको व्यवस्थित संकलन तथा बजारीकरण गर्न सके यहाँको आर्थिक अवस्थामा समेत प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ ।

गाउँपालिकामा भेडा वाख्रापालनको प्रशस्त सम्भावना छ । व्यावसायिक रुपमा पशुपालन गर्न सकेमा पशुपालकहरूलाई मनग्य आम्दानी हुने देखिन्छ । पशुपालनको तथ्याङ्कलाई हेर्दा खसी, बोका, कुखराको स्थानीय वजारमा खपत भई निर्यात समेत हुने गरेको छ । गाई तथा बंगुर पालन गरेमा मासु तथा दुधजन्य पदार्थहरू गकुलेश्वर बजारको मागलाई समेत पुरा गर्न सकिने राम्रो अवसर रहेको छ ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>**लक्ष्य**</u>

कृषिको आधुनिकीकरण एवम् व्यावसायिकताको विकासद्वारा कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने ।

<u>**उद्देश्य**</u>

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकाको निर्यात प्रवर्द्धन गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु ।

<u>**रणनीति र कार्यनीति**</u>

**तालिका १०: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकाको निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **१.१:** कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र आधुनिकीकरण गर्ने । | १. दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनकालागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>३. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे, आदि)मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>४. कृषिमा आधुनिकीकरणकालागि आवश्यक कृषि औजारको व्यवस्था गरिनेछ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २: निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| २.१: तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन (जौ, फापर, जुनेलो, लट्टे, सिमि, भट्ट, कोदो, सुन्तला, अदुवा, कफी) प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ।<br>७. सुरक्षित खानपान र पौष्टिकतत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३: जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी गाउँपालिकाको अर्थतन्त्रमा टेवा पुर्‍याउनु ।** | |
| ३.१: जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | १. प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । |
| **उद्देश्य ४: पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ४.१: कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लाक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यावसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यावसायिक पशुपन्छी पालनका साथै ट्राउट जातका माछा पालन तथा मौरी पालनका कालागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>६. प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | प्रति एकाइ लागत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | | |
| | **कृषि तथा पशुपन्छी** | | | | २३८०० | २४१०० | २४३०० | २८३०० | ३२३०० | १३२८०० | ७.२५ | | | | | | | |
| ३ | धान पकेट क्षेत्र (वडा नं. ४, ५, ६ र ७) | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | | २ | ४ | | १ | २ |
| ३ | फलफुल पकेट क्षेत्र - आँप/लिची/कागती/केरा (वडा नं. ५, ६ र ७) | एकमुष्ठ | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | | | | २ | ४ | | १ | २ |
| ३ | फलफुल पकेट क्षेत्र - ओखर (वडा नं. २, ३, ४, ७ र ८) | एकमुष्ठ | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | | | २ | ४ | | १ | २ |
| ३ | फलफुल पकेट क्षेत्र - सुन्तला (वडा नं. १, २, ३, ४ र ८) | एकमुष्ठ | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | | २ | ४ | | १ | २ |
| १ | तरकारी पकेट क्षेत्र - (वडा नं. १,२, ४, ६ र ७) | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | | २ | ४ | | १ | २ |
| २ | अलैंची खेती प्रर्वद्धन | एकमुष्ठ | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | | २ | ४ | | १ | २ |
| | | एकमुष्ठ | | | | | | | | ० | | | | २ | ४ | | १ | २ |
| २ | कृषि यान्त्रिकरण (ट्रयाक्टर/थ्रेसर सहायता) कार्यक्रम | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | | | २ | ४ | | १ | २ |
| १ | व्यावसायिक कृषि तथा पशुपालन तालिम कार्यक्रम | एकमुष्ठ | | | ५०० | ८०० | १००० | १००० | १००० | ४३०० | | | | २ | ४ | | १ | २ |
| १ | एक वडा एक कृषि उपज सङ्कलन केन्द्र स्थापना | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | ३००० | ४५०० | १२००० | | | | २ | ४ | | १ | २ |
| ३ | एक वडा एक उन्नत जातको बिउ बिक्रि तथा भण्डारण केन्द्र निर्माण | सङ्ख्या | | ८ | २५०० | २५०० | २५०० | ५००० | ७५०० | २०००० | | | | २ | ४ | | १ | २ |
| २ | कृषि सहकारी व्यवस्थान तथा प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | | २ | ४ | | १ | २ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | प्रति एकाइ लागत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | | |
| ४ | नक्ल सुधार कार्यक्रम | एकमुष्ठ | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | | | २ | ४ | | २ | २ |
| ४ | खोर/गोठ सुधार कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | | २ | ४ | | २ | २ |
| ४ | सामुहिक/सहकारी कृषि तथा पशुपालनकालागि अनुदान कार्यक्रम | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | | | २ | ४ | | २ | २ |
| १ | उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम | एकमुष्ट | | | २०० | २०० | २०० | २०० | २०० | १००० | | | | १२ | ४ | | २ | २ |
| ३ | टिमुर, सतुवा लगायतका जडिबुटी खेती प्रवर्द्धन कार्यक्रम | एकमुष्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | | २ | ४ | | २ | २ |
| ३ | रेन्बो ट्राउट माछा पालनको सम्भाव्यता अध्ययन तथा प्रवर्द्धन कार्यक्रम (वडा नं. १, २, ४, ६ र ७) | एकमुष्ट | | | | ५०० | ५०० | ५०० | ५०० | २००० | | | | २ | ४ | | २ | २ |

## ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| १. कृषि तथा पशुपन्छी | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | गाउँपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नु। | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ३० | ३० | ३१ | ३२ | ३३ | ३४ | ३४ | गाउँपालिका प्रोफाइल, कृषि, पशु विकास र स्वास्थ्य शाखाको प्रतिवेदन | कृषि, पशु र खाध्य सुरक्षा क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने |
| **असर** | कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकाको निर्यात प्रवर्द्धन भएको हुनेछ । | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (धान, मकै, गहुँ, तोरी) | मे. टन प्रति हेक्टर | ३.५ | ३.८ | ३.९ | ४.१ | ४.२ | ४.३ | ४.३ | | |
| | | दलहन (सिमी) को उत्पादकत्व | मे. टन प्रति हेक्टर | ४ | ४.२ | ४.४ | ४.६ | ४.८ | ५ | ५ | | |

| १. कृषि तथा पशुपन्छी | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | आलु बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | ३.१ | ३.५ | ३.८ | ४.२ | ४.६ | ४.८ | ४.८ | | |
| प्रतिफल | निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यावसायिक प्रणालीमा रुपान्तरण हुनेछ । | ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीकालागि बजार उपलव्ध भएका कृषक परिवार | प्रतिशत | २० | २१ | २५ | ३० | ३५ | ४० | ४० | | |
| | | वर्षभरी सिंचाइ हुने खेतियोग्य जमिन | प्रतिशत | १५ | १८ | २० | २२ | २४ | २६ | २६ | | |
| | | तरकारी व्यवसायिक उत्पादन क्षेत्र | प्रतिशत | १० | १० | ११ | १२ | १५ | १८ | १८ | | |
| | | कृषि सहकारी संस्था | सङ्ख्या | १ | ३ | ५ | ८ | १० | १५ | १५ | | |
| | | सहकारीमा आवद्ध कृषक | सङ्ख्या | १२० | ३०० | ६०० | १००० | २००० | ४००० | ४००० | | |
| | कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी र आम्दानी बृद्धि हुनेछ । | कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | कृषिमा आधारित रोजगारी | सङ्ख्या | १०० | १२० | १८० | २८० | ३५० | ६०० | ६०० | | |
| | | कृषि तालिम प्राप्त जनशक्ति | जना | ५० | ६० | ८० | १५० | ३०० | ५०० | ५०० | | |
| | | शीत भण्डार | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | १ | २ | ४ | ६ | ८ | ८ | ८ | | |
| | | टनेल | सङ्ख्या | ५० | १०० | २०० | ४०० | ८०० | १६०० | १६०० | | |
| | | कृषि प्राविधिक | जना | ६ | ८ | ८ | ८ | १० | १० | १० | | |
| | व्यवसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | व्यवसायिक पशुपालन फर्म | सङ्ख्या | ५ | ८ | १५ | २५ | ४० | ६० | ६० | | |
| | | अण्डाको उत्पादकत्व | सङ्ख्या (हजारमा) | १२ | १५ | १८ | ३० | ४५ | ६० | ६० | | |
| | | दुधको उत्पादकत्व | लीटर (हजारमा) | ९ | १५ | १८ | २५ | ३० | ३५ | ३५ | | |
| | | मासुको उत्पादकत्व | मेट्रिक टन | ७ | ८ | १० | १२ | १४ | १६ | १६ | | |
| | | पशु प्राविधिक | जना | ६ | ६ | ८ | ८ | १० | १० | १० | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

सिँचाइ र खानेपानीकालागि स्थानीय खोला तथा मूलहरूमा स्रोतहरूमा निर्भर रहेको यो पालिकाका दर्जन बढी सिँचाइ आयोजना तथा स्थानीय कुलोहरूबाट सिँचाइ सुविधा उपलव्ध भइरहेको छ। अझ पनि उच्च भागका खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलव्ध हुन सकेको छैन र सिँचाइ सुविधा नपुगेका स्थानहरूमा खेतीकोलागि आकाशे पानीमा निर्भर रहनु पर्ने बाध्यता रहेको छ । यहाँका कृषकहरूले धान, गहुँ, मकै, फलफूलका साथै विभिन्न थरिका बेमौसमि तरकारी बालीको पनि उत्पादन गर्ने गरेको पाइन्छ । आवश्यक पूर्वाधार विकासको अभावमा सबै नागरिकले यथोचित रुपमा सिँचाइकोलागि पानी व्यवस्थापन गर्न सकिरहेको अवस्था छैन । मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्व तापमान वृद्धि साथै प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण पानीका स्रोतहरू सुक्ने क्रम जारी छ ।

गाउँपालिकाका २२ प्रतिशतको जमिनमा कुनै न कुनै प्रकारको सिँचाइको व्यवस्था भएको देखिन्छ । यस गाउँपालिकाको मूख्य जलाधार क्षेत्र भनेको महाकाली नदी रहेको छ । स—साना खोलाहरू पनी हिमालय क्षेत्रबाट उत्पन्न भएका हुदा मुख्य खोलाहरूमा पानीको मात्रा प्रयाप्त देखिन्छ ।

### ४.२.२ समस्या तथा चुनौती

कृषि योग्य जमिनमा न्यून सिँचाइ सुविधा हुनु, सिँचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिँचाइ, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, प्रयाप्त सिँचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

पहाडी र जटिल भू–धरातल भएकाले सिँचाइ योजना निर्माण खर्चिलो र कठिन हुनु, कृषियोग्य जमिनमा सर्वयाम सिँचाइ सुविधा उपलव्ध गराउन नसक्नु, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भईआएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु आदि गाउँपालिकाको सिँचाइ विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ संभावना तथा अवसर

गाउँपालिकाको केही वडाहरूमा उत्पादनशिल जमिन भएको हुनाले सिँचाइबाट मनग्य फलपुल, नगदेवाली, गेडागुडी मकै आदीको उत्पादन गर्न सकिने र यहांको उत्पादन स्थानीय होटल, दार्चुला बजार र गोकुलेश्वर बजारसम्म विक्रि वितरण गर्न सकिने संभावना छ । यस गाउँपालिकाको विभिन्न खोला मार्फत सिँचाइ व्यवस्था भैरहेको र ती सिँचाइ योजनाहरूबाट वर्षभरी सिंचित हुने गरेको पाईन्छ । यसैगरी सिँचाइकालागि विगतमा निर्माण भएका सिँचाइ कुलो तथा थप निर्माणकालागि पानीको श्रोत रहेको तथा सिँचाइका स्रोतहरूको दिगो व्यवस्थापनबाट खेतीयोग्य भूमीमा सिँचाइ सुविधा विस्तार गर्न सकिने देखिन्छ ।

सिँचाइकालागि प्रयाप्त स्रोतहरूको उपलव्ध भएको लिफ्ट सिँचाइको विकासकालागि उपयुक्त भू-बनौट भएका कारण कम खर्चमा सिँचाइ सुविधा उपलव्ध गराउन सकिने सम्भावना रहेको छ । आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिँचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु, साना सिँचाइ गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिँचाइ क्षेत्र समावेश हुनु तथा सिँचाइकालागि उपयुक्त फाँटहरूको उपलव्धता हुनु यस गाउँपालिकाका सिँचाइ विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सिँचाइ प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ११: सिँचाइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।** | |
| १.१: परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने । | १. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिँचाइको पहुँच बृद्दिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| १.२: आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ ।<br>६. सतह सिँचाइको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिँचाइ गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>७. संरचना निर्माणको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ।<br>८. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ।<br>९. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>१०. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारकोलागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ ।<br>११.सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.१ः खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गरिनेछ । | १. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिँचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिँचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ ।<br>७. सिँचाइको व्यवस्थापनकोलागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ । |
| २.२ः दिगो सिँचाइ प्रणालीकोलागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>२. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>३. दिगो सिँचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>४. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>५. सिँचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ । |
| २.३ः जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।<br>२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ ।<br>४. नदी किनाराको वनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | | | | |
| | **सिचाँइ** | | | | ९००० | १०००० | ११५०० | १३००० | १६५०० | ६०००० | ३.२८ | | | | | | | | | |
| १ | सिंचाइ कुलो मर्मत संभार कार्यक्रम | | | | २००० | २००० | २५०० | ३००० | ३५०० | १३००० | | | | | | १२ | ४ | | २ | २ |
| २ | भूमिगत सिंचाइ आयोजना संभाव्यता अध्ययन | संख्या | | १ | | १५०० | १५०० | | | ३००० | | | | | | १२ | ४ | | २ | २ |
| २ | भूमिगत सिंचाइ आयोजना निर्माण | एकमुष्ठ | | | | | | ५००० | ७००० | | | | | | | १२ | ४ | | २ | २ |
| १ | लिफ्ट सिंचाइ (उकू) | एकमुष्ठ | | | २५०० | | | | | २५०० | | | | | | १२ | ४ | | २ | २ |
| १ | पानी भकारी निर्माण १५ वटा | संख्या | | १५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | | | | १२ | ४ | | २ | २ |
| १ | बाँकु सिँचाइ योजना -२०० घर | संख्या | | २०० | १००० | २००० | ३००० | | | ६००० | | | | | | १२ | ४ | | २ | २ |
| १ | सलेनी पम्पिङ सिँचाइ योजना - ३५ घर | संख्या | | ३५ | | | | २००० | | २००० | | | | | | १२ | ४ | | २ | २ |
| १ | कुचाकोट सिँचाइ योजना - ४० घर | संख्या | | ४० | | | | | ३००० | ३००० | | | | | | १२ | ४ | | २ | २ |
| १ | सेल्पे सिँचाइ योजना -७० घर | संख्या | | ७० | १००० | १००० | १००० | | | ३००० | | | | | | १२ | ४ | | २ | २ |
| १ | पन्थापाली-बिनाकोइराली पाइप सिँचाइ योजना | किमि | | ५ | ५०० | ५०० | ५०० | | | १५०० | | | | | | १२ | ४ | | २ | २ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | प्रति एकाइ लागत | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | | | | |
| २ | एकीकृत सिंचाइ योजना | एकमुष्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | | | | १२ | ४ | | २ | २ |
| १ | थला-बन्थला पम्पिङ सिँचाइ योजना - ३५ घर | वटा | | ३५ | | १००० | १००० | | | २००० | | | | | | १२ | ४ | | २ | २ |
| १ | तल्ली पनेरी क्यासीरी सिंचाइ | एकमुष्ट | | | | | | १००० | १००० | २००० | | | | | | १२ | ४ | | २ | २ |

## ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| २. सिंचाइ | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | जलस्रोत तथा सिंचाइको विकास र व्यवस्थापनबाट सबै क्षेत्रमा पानीको अभाव अन्त्य गर्ने । | खेतियोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | २८ | २९ | ३० | ३१ | ३२ | ३३ | ३३ | पूर्वाधार विकास शाखा, सम्बन्धित शाखाको प्रगती विवरण | सिंचाई पूर्वाधार क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने |
| | | बाह्रै महिना सिंचाइ हुने घरधुरी | प्रतिशत | १६ | १८ | २० | २२ | २४ | २६ | २६ | | |
| असर | बाह्रै महिना सिंचाइ उपलब्ध हुने क्षेत्र थप भई कृषि उत्पादकत्व वृद्धि भएको हुनेछ । | सुचारु सिंचाइ आयोजना | सङ्ख्या | ३५ | ३७ | ४० | ४२ | ४४ | ४५ | ४५ | | |
| | | कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | १५ | २० | २५ | ३० | ३५ | ४० | ४० | | |
| प्रतिफल | पानीको मुहानहरू संरक्षण र व्यवस्थापन भएको हुनेछ । | संरक्षित मुहान | सङ्ख्या | १० | १५ | २० | २५ | ३० | ३५ | ३५ | | |
| | | प्लास्टिक पोखरी | सङ्ख्या | ० | २ | ५ | ८ | १० | १५ | १५ | | |
| | | रिचार्ज पोखरी | सङ्ख्या | ० | २ | ५ | ८ | १० | १५ | १५ | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

मालिकार्जुन गाउँपालिका धार्मिक—सांस्कृतिक तथा जैविक विविधताको धनी, प्राकृतिक स्रोतको खानी र मनोरम सौन्दर्य स्थलको धनी छ । यस क्षेत्रमा पाइने जैविक विविधता, विविध सांस्कृतिक सम्पदा र प्राकृतिक मनोरम सुन्दरताले यस गाउँपालिकाको महत्त्वलाई झनै बढाएको छ । मनोरम पहाड तथा हिमालको दृश्य, विभिन्न प्रजातिको गुराँस सहितको हरियो वनजङ्गल, डाँडाकाँडाबाट देखिने आकर्षक दृश्य, ऐतिहासिक तथा पुरातात्विक धरोहर, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, रीतिरिवाज, भेषभूषा, कलाकौशल र शान्त एवम् स्वच्छ वातावरण नै यस क्षेत्रको पर्यटनका सम्भावित क्षेत्रहरू हुन् ।

भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनगुमन र नियमन, पुरातत्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास, परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन, प्रचलित कानुन बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्यलाई स्थानीय सरकारको कार्यक्षेत्रका रूपमा उल्लेख गरेको छ । विभिन्न जात जाति, भाषाभाषीको मौलिक एवम् परम्परागत संस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकूल हस्तान्तरण गर्नु आवश्यक छ भने पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गर्न पनि उत्तिकै जरुरी छ । साथै यसबाट धार्मिक पर्यटन प्रवर्द्धन गर्दै आर्थिक उत्थान पनि गर्न सकिन्छ ।

### ४.३.२ समस्या तथा चुनौती

धार्मिक स्थलहरूको मर्मत सम्भार, पर्यटकीय स्थलको पहिचान र प्रचार प्रसारमा कमी, पर्यटक स्तरका होटल तथा रेष्टुराँहरू सञ्चालनमा कमी, आधुनिक तथा आयातित संस्कृतिको बढ्दो प्रभाव रहेको एवं व्यावसायिक होमस्टे समेत प्रयाप्त नरहेको अवस्था छ । यसैगरी, पर्यटकीय स्थलहरूमा मोटरेवल वाटो पुग्न सकेको छैन । पर्यटन पदमार्गको मर्मत र नयां पदमार्ग निर्माण हुन सकेको छैन । गाउँपालिका भित्र वाह्य संस्कृतिको प्रभावका कारण मौलिक भेषभुषा, भाषा तथा संस्कृतिको ह्रास हुँदै गएको छ । यस क्षेत्रमा रहेका ऐतिहासिक सम्पदा र भाषा तथा संस्कृतिको संरक्षण र सम्बद्र्धनमा पर्याप्त ध्यान पुगेको छैन । पश्चिमी तथा आधुनिक संस्कृतिको प्रभाव रहेको छ । मौलिक साँस्कृतिक अभ्यास र मौलिक ज्ञानको संरक्षणमा कमी रहेको छ ।

पर्यटकहरूलाई आकर्षण गर्ने जैविक विविधता कायम गर्नु, लालिगुरांस लगायतका विरुवाको संरक्षण गर्नु, पर्यटकीय पदमार्गमा होटल, खाजा पसलहरू सञ्चालन गर्नु चुनौतीका रुपमा रहेका छन । त्यसैगरी, भौगोलिक बिकटताका कारण पर्यटकीय पूर्वाधार विकास खर्चिलो हुनु, युवावर्ग विदेश जाने क्रम अत्यधिक हुँदा पर्यटन विकासकालागि आवश्यक मानव स्रोत संसाधन व्यवस्थापन गर्न गाह्रो हुनु, ठूला योजनामा लगानी गर्न स्थानीय निजी क्षेत्र सक्षम नहुँदा पर्यटकीय पूर्वाधार विकास अपुरो हुने अवस्था सृजना हुनु गाउँपालिकाका पर्यटन पूर्वाधार विकासका चुनौतीहरू हुन् ।

### ४.३.३ संभावना तथा अवसर

आर्थिक विकासको आधारमा यस गाउँपालिका अन्तर्गत प्रशस्त धार्मिक, ऐतिहासिक स्थल तथा पर्यटकीय स्थलहरू रहेको पाइन्छ । ती पर्यटकीय स्थलहरू व्यवस्थित गरी आन्तरिक पर्यटकीय रुपमा यहाँको सांस्कृतिक महत्वहरू समेत झल्काउन सक्ने हो भने आर्थिक उपार्जनको समेत एक गतिलो आधार हुन सक्ने देखिन्छ । आकर्षक हिमाल, झरना, उच्च पहाडी फाँटहरू, मन्दिरहरू लगायतका क्षेत्रको पर्यटन विकासमा प्रचुर संभावना रहेको छ । यस क्षेत्रहरूमा वाह्य तथा आन्तरिक पर्यटकहरू घुम्न आउने गर्दछन् जसले गर्दा गाउँपालिकामा आर्थिक गतिविधि हुने सम्भावना रहेको छ ।

वनजङ्गल प्रशस्त रहेकाले जीवजन्तु, चराचुरुङ्गीको दृश्यावलोकन हुने, प्रशिद्ध मन्दिरका साथै विभिन्न प्रजातीका गुराँसहरू फुल्ने, र माथिल्लो भेगका बस्तीहरूमा हिउँ पर्ने हुँदा आकर्षणका केन्द्र बनेको, अग्ला टाकुरहरूमा दृश्यावलोकन

केन्द्रहरू बनाउन सकिने प्रवल सम्भावना रहेको छ । पर्यटन उद्योगकालागि आवश्यक अध्ययन र तालिमकालागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगकालागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमानै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, होमस्टे सञ्चालनकालागि स्थानीय समुदाय इच्छुक रहनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि यस गाउँपालिकाकालागि पर्यटन विकासका अवसर हुन् । यस गाउँपालिकामा ग्रामीण कृषि पर्यटन र पर्यटन महोत्सव गरी विभिन्न किसिमका पर्यटन प्रवर्द्धनका क्रियाकलापहरू सञ्चालन गर्न सकिने सम्भावना छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

ऐतिहासिक सम्पदा तथा मौलिक कला संस्कृतिहरूको जगेर्ना गर्दै मालिकार्जुनलाई आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने ।

**उद्देश्य**

१. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
३. मानव संसाधन विकास गर्नु ।
४. पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।
५. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।
६. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु।

**रणनीति तथा कार्यनीति**

**तालिका १२: पर्यटनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| १.१: गाउँपालिकामा सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तरोन्नति गर्ने । | १. स्थानीय होटेल, लज, रेस्टुराँ र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तरोन्नतिकालागि गाउँपालिकाको पहलमा सहुलियत दरको पुँजीको खोजी गरिदिइनेछ । |
| १.२: पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने । | १. पर्यटन प्रवर्द्धन बारेमा विज्ञहरूबाट संक्षिप्त अध्ययन गराइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरूबारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोस्योर तयार गरी छिमेकी जिल्लाहरूमा वितरण गरिनेछ ।<br>४. जिल्लाका ब्याचलर्स/ मास्टर्स तहका विद्यार्थीहरूलाई अनुसन्धानकालागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा नियात्राकारहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेखरचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६. वेबसाइट, युट्युव, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ । |
| **उद्देश्य २: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| २.१: पर्यटन क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन सडक, पदमार्ग, झोलुङ्गे पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ । |
| २.२: पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ । |
| **उद्देश्य ३: पर्यटकीय मानव संसाधन विकास गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **३.१:** गाउँपालिका भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसायप्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा ब्याचलर्स डिग्रीमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ । |
| **उद्देश्य ४: पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।** | |
| **४.१:** बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. पालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. पालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| **४.२:** आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. वार्षिक बजेटको निश्चित प्रतिशत रकम गाउँपालिकाको पर्यटन क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ। |
| **उद्देश्य ५: विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| **५.१:** सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | १. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>२. भाषा, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ । |
| **५.२:** भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | १. सबै जात जातिको संस्कृति, रितिरिवाज र परम्पराको संरक्षणकोलागि बहुसांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>२. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्वर्द्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ।<br>३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>४. व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, संगीत, नृत्य र नाटक सम्बन्धी व्यावसायिक र गैरव्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>६. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| **५.३:** भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | १. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२. भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । |
| **५.४:** बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | १. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>२. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ।<br>३. संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |

| | |
|---|---|
| **५.५:** पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संबर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने। | १. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने संघ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।<br>३. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गने प्रबन्ध मिलाइनेछ। |
| **उद्देश्य ६: विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |
| **६.१:** जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | १. महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नकालागि पहल गर्न निर्देशिका बनाई यसकालागि प्रदेश र संघ सरकारसँग समन्वय गरिनेछ ।<br>२. पालिका क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ । |
| **६.२:** भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने। | १. प्रदेशका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रहरू सञ्चालन गरिनेछ ।<br>५. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **पर्यटन, संस्कृति तथा सम्पदा** | | | ५० | ८००० | १०००० | १२५०० | १३००० | १३५०० | ५७००० | ३.११ | | | | | | |
| १ | घरबास कार्यक्रम (उकू, मालिकार्जुन, हुनैनाथ, जलजिवी, भगवती,गौरी आमा मन्दिर- ५० वटा) | सङ्ख्या | | ५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ८ | १ | | ३ | ३ |
| ३ | अतिथि सत्कार तालिम | एकमुष्ठ | | | | ५०० | | ५०० | | १००० | | | ८ | १ | | ३ | ३ |
| ५ | हुनैनाथ मन्दिर, उकु महल, त्रिवेणी, जलजेवी, गौरीआमा, भगवती लगायतका धार्मिक तिर्थस्थलहरुको पर्यटन पूर्वाधार निर्माण | एकमुष्ठ | | | २५०० | २५०० | ३००० | ३००० | ३००० | १४००० | | | ८ | १ | | ३ | ३ |
| ५ | मालिकार्जुन क्षेत्र विकास अन्तर्गत डिपिआर भएका कार्ययोजना कार्यन्वयन | एकमुष्ठ | | | ३००० | ३००० | ५००० | ५००० | ६००० | २२००० | | | ८ | १ | | ३ | ३ |
| ६ | शिवमन्दिर धाम जलजिवी धर्मशाला निर्माण | एकमुष्ठ | | | | १००० | १००० | | | २००० | | | ८ | १ | | ३ | ३ |
| २ | पर्यटकीय पदमार्ग निर्माण तथा स्तरउन्नती | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | ८ | १ | | २ | ३ |
| ४ | पर्यटकीय क्षेत्र व्यवस्थापन (खानेपानी शौचालय बिश्रामस्थल आदि) कार्यक्रम | एकमुष्ठ | | | ५०० | १००० | १५०० | २५०० | २५०० | ८००० | | | ८ | १ | | ३ | ३ |

## ४.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ३. पर्यटन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाई** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | **जम्मा** | **पुष्ट्याँइको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | | |
| **प्रभाव** | गाउँपालिका एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको हुनेछ । | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने | सङ्ख्या | **१५०** | १६० | १७५ | २०० | २५० | ३०० | **३००** | गाउँपालिकाको प्रगति विवरण, वार्षिक नीति तथा कार्यक्रम, गाउँपालिका प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | पर्यटन क्षेत्रमा तीनै तहको सरकारको लगानी वृद्धि भएको हुने नीजि क्षेत्रको लगानी वृद्धि भएको हुने, पर्यटकीय स्थलहरूको बारेमा प्रभावकारी प्रचार प्रसार र आवश्यक पूर्वाधारहरू तयार भएका हुने |
| | | पर्यटक सङ्ख्या (आन्तरिक) | सङ्ख्या | **१०००** | १५०० | २५०० | ५००० | १०००० | १५००० | **१५०००** | | |
| | | पर्यटक सङ्ख्या (बाह्य) | सङ्ख्या | **१०००** | १२०० | १५०० | २५०० | ३५०० | ५००० | **५०००** | | |
| **असर** | पर्यटन व्यवसायको गुणस्तर बृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | **३५** | ४० | ५० | ८० | १२५ | २०० | **२००** | | |
| | | पर्यटन सुचना केन्द्र स्थापना | सङ्ख्या | **१** | ० | ० | ० | ० | १ | **१** | | |
| | | पालिकामा भ्रमण गर्न आएका आन्तरिक पर्यटकहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | **१५००** | २५०० | ४००० | ७५०० | १५००० | २५००० | **२५०००** | | |
| **प्रतिफल** | आधारभुत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । | आधारभुत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | **५** | ६ | ७ | ८ | १० | १५ | **१५** | | |
| | | पर्यटकीय स्तरका होटल तथा बेड | सङ्ख्या | **१०** | ११ | १२ | १५ | १८ | २० | **२०** | | |
| | | | सङ्ख्या | **५०** | ५५ | ६० | ७५ | ९० | १२० | **१२०** | | |
| | | साधारण होटल तथा बेड | सङ्ख्या | **२०** | २५ | ३० | ३५ | ४० | ५० | **५०** | | |
| | | | सङ्ख्या | **६०** | ७५ | ९० | १२० | १५० | २०० | **३००** | | |
| | | होम स्टे तथा बेड | सङ्ख्या | **०** | ५ | १० | १५ | २० | २५ | **२५** | | |
| | | | सङ्ख्या | **०** | १० | २० | ३० | ४० | ५० | **५०** | | |
| | | पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | **१५** | १८ | २० | २५ | २८ | ३० | **३०** | | |
| | पर्यटन उद्योगकालागि आवस्यक स्थानीय मानव संसाधन विकास भएको हुनेछ । | ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | **०** | ५ | | १० | | १५ | **१५** | | |
| | | कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | **०** | १५ | | २० | | ३० | **३०** | | |
| | | होटल व्यवस्थापन तालिम प्राप्त नशक्ति | सङ्ख्या | **०** | १० | | १५ | | २५ | **२५** | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

उद्योग तथा वाणिज्य क्षेत्र मालिकार्जुन गाउँपालिकाको अर्थतन्त्रको महत्वपूर्ण आधार हो । नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पुंजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सिपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशिलता विकास र प्रवर्द्धनको आधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय वजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्दछन् । विकासको संरचना र प्रविधिहरूमा आएका प्रगतिहरूले गाउँपालिकाका कुनै पनि बस्तीहरू वाह्य क्षेत्र वा वजारबाट हुने आयात निर्यातबाट अलग रहन सकेको अवस्था छैन ।

गाउँपालिकामा साना ठूला गरी करीव ३५० जति साना व्यापार व्यवसाय रहेका छन् । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार दार्चुला, गोकुलेश्वर बजार र भारतीय सिमा बजार क्षेत्र नै हुन् । अमिलो, कागती, सिमी, ताजा तरकारी र विभिन्न जडिबुटीहरू यहाँबाट निर्यात हुने गरेको छ । भौगोलिक हिसावबाट विविधता रहेको यस पालिका भित्र खाद्यान्नको विनिमयमा एक आपसमा आश्रित रहेको अवस्था छ । मुख्य रुपमा लताकपडा, शिक्षा, स्वास्थ्य, संचार तथा यातायातका साधनहरू र कृषि तथा पशुपन्छिकालागि चाहिने मल, विषादि, दाना र औषधिहरू नै पालिका भित्र आपुर्ति हुने प्रमुख वस्तुहरू हुन् । विगतका तथ्याङ्कलाई हेर्दा गाउँपालिकाको वित्तिय संचिति ऋणात्मक देखिन्छ । आयातलाई निर्याततले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधिकरण गर्न आवश्यक देखिन्छ ।

### ४.४.२ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्र भित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनकालागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलव्धता स्थानीयस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् । साथै उत्पादन भएता पनि बाँसबाट सामग्री निर्माण गर्ने सीपको कमी रहेको देखिन्छ भने यसका अतिरिक्त अन्य उत्पादनमा समेत उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यावसायिक सुचना केन्द्रको कमी जस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

आयातमा देखिएको मुख्य चुनौती भन्नु नै ग्रामीण क्षेत्रमा हुने मुद्रा संचिती घट्नु रहेको छ । ग्रामीण क्षेत्रको वित्तिय स्रोत पुन शहर तर्फ फर्किदा ग्रामीण क्षेत्र उत्पादन स्थलबाट उपभोग गर्ने वजारका रुपमा रुपान्तरण हुनु रहेको छ । निर्यात वृद्धि गर्न ग्रामीण क्षेत्र हुने उत्पादनका क्षेत्र र परिमाणमा वृद्धि गर्न लगानी गर्ने स्रोतको व्यवस्था गर्नु चुनौती रहेको छ । कच्चा पदार्थ उत्पादनमा आवश्यक सिप, ज्ञान, वजार सुचना र ढुवानीलाई अर्को चुनौतीका रुपमा लिइएको छ ।

### ४.४.३ संभावना तथा अवसर

वर्तमान अवस्थामा यस गाउँपालिकामा राष्ट्रिय स्तरका ठूला उद्योग एवं कारखानाहरू नभए पनि स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । गाउँपालिकामा चिज, सिस्नु पाउडर, सावुन, बेकरीको स्तरउन्नती गर्ने संभावना देखिन्छ । वनपैदावारमा आधारीत उद्योग सञ्चालन गर्न सक्ने सम्भावना छ । साना तथा मझौला उद्योगकालागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुन सक्ने देखिन्छ । गाउँपालिकाले विभिन्न व्यवसाय र उद्योगहरूबाट राजश्व उठाई आन्तरिक आम्दानी वृद्धि गर्न सक्ने संभावना छ ।

साना तथा मझौलाका उद्योगकोलागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु,

उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाइँसराइ कम भई स्व–स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि गाउँपालिकामा उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्थानीय कच्चा पदार्थ र सीपमा आधारित उद्योग व्यवसायको सिर्जना, विकास तथा औद्यौगिक उत्पादनमा वृद्धि गर्ने

**उद्देश्य**

१. गाउँपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १३: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| **१.१:** अत्यावस्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | १. सुपथ मुल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मुल्य पसल सञ्चालनकालागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. गाउँपालिका भित्रको सम्पुर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| **२.१:** स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजिकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा (जौं, कोदो, लालिगुराँस आदि) वाइन डिस्टीलरी स्थापना र व्यावसायिक उत्पादन गरी वाइन उद्योग सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्नेकार्यलाई प्रोत्साहन गरिनेछ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ । |
| **उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन गर्नु ।** | |
| **३.१:** स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४: वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| ४.१: तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ । <br> २. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग वमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति** | | | १ | १६००० | ९६३० | ९७७५ | ८९३५ | १५११० | ५९४५० | ३.२५ | | | | | | |
| २ | जुस उद्योग स्थापना | एकमुष्ठ | | | | | | २००० | | २००० | | | ९ | ९ | | २ | २ |
| ३ | चुक अमिलो प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | | | १५०० | | | ९ | ९ | | २ | २ |
| २ | सिलाई कटाई उद्योग (स्कुल तथा अन्य कार्यलय) | एकमुष्ठ | | | | १००० | | | | १००० | | | ९ | ९ | | २ | २ |
| १ | सोडा साबुन उद्योग (रिट्ठा, चिउरी) | एकमुष्ठ | | | | १००० | ५०० | | | १५०० | | | ९ | ९ | | २ | २ |
| १ | सोयविन उद्योग (तेल, मस्यौरा) | एकमुष्ठ | | | | | २००० | | | २००० | | | ९ | ९ | | २ | २ |
| ४ | मालिकार्जुन प्याकेजिंग (स्थानीय अन्न प्रर्वधन) | एकमुष्ठ | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | | ९ | ९ | | २ | २ |
| १ | पशु आहार (चारा) उद्योग (मकै, भटमास) | एकमुष्ठ | | | ५०० | | | | २५०० | ३००० | | | ९ | ९ | | २ | २ |
| ३ | पुजा सामाग्री उत्पादन उद्योग स्थापना | एकमुष्ठ | | | १००० | | | | | १००० | | | ९ | ९ | | २ | २ |
| १ | मिनरल वाटर उद्योग स्थापना | सङ्ख्या | | १ | ५००० | | | | | ५००० | | | ९ | ९ | | २ | २ |
| २ | हाते कागज उद्योग प्रर्वद्धन कार्यक्रम | एकमुष्ठ | | १ | | | ५०० | ५०० | | १००० | | | ९ | ९ | | २ | २ |
| २ | जडिबुटी प्रशोधन केन्द्र स्थापना | सङ्ख्या | | १ | | | | | ५००० | ५००० | | | ९ | ९ | | २ | २ |
| १ | उद्योग, व्यापार, व्यावाशय दर्ता सचेतना कार्यक्रम | सङ्ख्या | | ११ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ९ | ९ | | २ | २ |
| ४ | नियमित बजार अनुगमन संयन्त्र निर्माण तथा व्यवस्थापन | सालबसाली | | | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | ९ | ९ | | २ | २ |
| १ | एक वडा एक सुपथ खाद्यान्न पसल स्थापना तथा संचानल | सङ्ख्या | | ११ | २००० | २००० | २००० | २००० | ३००० | ११००० | | | ९ | ९ | | २ | २ |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| ३ | निकाशी चेकपोष्ट निर्माण तथा सञ्चालन | सङ्ख्या | | १ | ३००० | | | | | ३००० | | | ९ | ९ | | २ | २ |
| २ | ढुंगा, गिट्टी, बालुवा सङ्कलन तथा उत्खनन् कालागि वातावरणीय अध्ययन | सङ्ख्या | | १ | | १००० | | | | १००० | | | ९ | ९ | | २ | २ |
| २ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन अनुदान कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ९ | ९ | | २ | २ |
| २ | हस्तकला तथा सीप विकास सम्वन्धि तालिम कार्यक्रम | सङ्ख्या | | ५ | ८०० | ८८० | ९७० | १०७० | ११८० | ४९०० | | | ४ | २ | | २ | ३ |

## ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ४. उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाई** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | **जम्मा** | **पुष्ट्याँइको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | | |
| **प्रभाव** | औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा बृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | संख्या | **८०** | १०० | १५० | २०० | २५० | ३०० | **३००** | | |
| | | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | **४०** | ५० | ८० | १०० | १५० | २०० | **२००** | | |
| **असर** | गाउँपालिका भित्र उल्लेख्य सङ्ख्यामा लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । | प्रत्यक्ष रोजगरीमा बृद्धि (वार्षिक) | प्रतिशत | **४०** | २ | २ | ३ | ५ | ५ | **५** | | |
| | | सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | **८०** | हरेक वर्ष ५० जना थपिने | | | | | | | |
| | | घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | **८०** | १०० | १५० | २०० | २५० | ३०० | **३००** | | |
| | | मझौला उद्योग दर्ता | सङ्ख्या | **०** | ० | १ | २ | २ | ३ | **३** | | |
| **प्रतिफल** | स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ । | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | **५०** | ६० | ७० | ८० | ९० | १०० | **१००** | | |
| | | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | **०** | १ | | २ | | ३ | **३** | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उत्पादित बस्तुहरूको बिक्रि वितरणकालागि बजार व्यवस्थापन भएको हुनेछ । | विभिन्न ठाउमा हाट बजार सञ्चालन | सङ्ख्या | **०** | २ | | ५ | | ७ | **७** | | |
| | | निकासीजन्य कच्चा पदार्थको परिमाण | मे. टन | **०** | ५ | | ७ | | १० | **१०** | | |
| | वाणिज्य क्षेत्रले स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा लिएको हुनेछ । | विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन | सङ्ख्या | **०** | ४ | | ७ | | ७ | **७** | | |
| | | उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | **३** | १ | | २ | | २ | **२** | | |
| | | थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | **५०** | ८० | १०० | १५० | २०० | २५० | **२५०** | | |
| | गाउँपालिका भित्रको आपूर्ति प्रणाली प्रभावकारी भएको हुनेछ । | सुपथ मूल्य पसल | सङ्ख्या | **०** | २ | ४ | ५ | ७ | ८ | **८** | | |
| | | सहकारी पसल | सङ्ख्या | **०** | १ | | २ | | ३ | **३** | | |
| | | होलसेल पसलको सङ्ख्या | सङ्ख्या | **२०** | २२ | २५ | २८ | ३० | ३५ | **३५** | | |
| | | स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | **१२** | १२ | १२ | १२ | १२ | १२ | **१२** | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

श्रम तथा रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र रोजगारबाट प्राप्त ज्ञान, सीप, पुँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनकालागि प्रोत्साहन गर्न सुरक्षित रोजगारीको सवाललाई गाउँपालिकाले आफ्नो योजनामा समेट्न आवश्यक रहेको छ । गाउँपालिका भित्र कुल जनसङ्ख्याको आधा भन्दा बढी आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुंदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस गाउँपालिकाको कुल घरधुरी मध्ये करिव १७ प्रतिशत मानिसहरू वैदेशिक रोजगारीमा गएका छन् । धेरै जसो मानिसहरू रोजगारीकालागि छिमेकी देश भारत जाने गरेका छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिब २२ करोड रूपैया भन्दा बढी विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । गाउँपालिकामा करिब १७ प्रतिशत जनसङ्ख्या बेरोजगार छन् ।

गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ। राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्था सहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । संघीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी बनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । गाउँपालिका क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

संघ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् । अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुनः एकिरकणका सवालहरू सम्बोधन नहुनु, वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु आदि गाउँपालिकाकोलागि चुनौतीका रूपमा देखिन्छ । त्यसैगरी, सामाजिक सुरक्षा तथा संरक्षण सेवाको एकीकृत् सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, एकीकृत् तथ्याङ्कको व्यवस्थापन गर्नु, सामाजिक सुरक्षाको दायरामा क्रमशः वृद्धि गरी स्रोतको दिगोपना र न्यायपूर्ण वितरण गर्नु सामाजिक सुरक्षाको क्षेत्रका विद्यमान चुनौतीहरू हुन् ।

### ४.५.३ संभावना तथा अवसर

आर्थिक रूपले जानसाख्यिक लाभ लिनसकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैंमा एउटा महत्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो भूमिमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

रोजगारीका अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित गर्ने ।

**उद्देश्य**

१. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक लाभमा वृद्धि गर्नु ।
२. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनकालागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका १४: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु।** | |
| १.१: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि गर्नु का साथै वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने । | १. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानकालागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. गाउँपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नकालागि वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणकालागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।<br>४. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सिप, पुँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>५. मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तर्गत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>६. सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ । |
| **उद्देश्य २: सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनकालागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |
| २.१: लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत् लक्षित वर्गको पहिचान गरी आवश्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूकालागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ।<br>५. लक्षित वर्ग प्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.२: सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्ने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणकालागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>५. मर्यादित जीवनबारे सचेतनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **श्रम, रोजगारी र सामाजिक सुरक्षा** | | | ११ | ७००० | ७०५० | १२१०५ | ७१६५ | ७२३० | ४०५५० | २.२१ | | | | | | |
| २ | कृषि रोजगारी अनुदान (यान्त्रीकरण) | एकमुष्ठ | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | | ८ | २ | | २ | ३ |
| २ | कृषिजन्य उद्योगमा लगानी | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ८ | २ | | २ | ३ |
| २ | सीपमुलक तालिम (कृषि पशु) | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ४ | २ | | २ | ३ |
| १ | डकर्मी सिकर्मी थप तालिम निर्माण ((driving/plumbing/electrician) | एकमुष्ठ | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | | ४ | २ | | २ | ३ |
| १ | रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन | सङ्ख्या | | १ | | | ५००० | | | ५००० | | | ८ | २ | | २ | ३ |
| | सचेतना मुलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/होर्डिङबोर्ड/जानकारीमुलक पर्चा विकास तथा वितरण) कार्यक्रम सञ्चालन | सालबसाली | | | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | ८ | २ | | २ | ३ |
| १ | आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन | सङ्ख्या | | ५ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | | | ४ | २ | | २ | ३ |
| १ | व्यवसायिक सीप विकास तालिम सञ्चालन | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ४ | २ | | २ | ३ |
| १ | वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकासकालागि सहजिकरण तथा सहयोग कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ८ | २ | | २ | ३ |
| १ | सामाजिक सुरक्षा कोषको व्यवस्थापन | एकमुष्ठ | | | १७०० | १७०० | १७०० | १७०० | १७०० | ८५०० | | | ८ | २ | | २ | ३ |
| १ | अपांगमैत्री र लैंगिकमैत्री संरचना निर्माण | एकमुष्ठ | | | ३००० | | ३००० | | ३००० | ९००० | | | ८ | २ | | २ | ३ |
| १ | सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिबृद्धि | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ८ | २ | | ३ | ३ |
| १ | सामाजिक सुरक्षा सूचना प्रणाली अद्यावधिक | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ८ | २ | | ३ | ३ |

### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत् कल्याणकारी पालिकाको रूपमा स्थापित हुनेछ । | सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | २२ | २५ | ५० | ८० | ९० | १०० | १०० | गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन | गाउँपालिका भित्र थप रोजगार सृजना भइ सामाजिक सुरक्षाको प्रत्याभूति भएको हुने |
| | | विप्रेषणलाई उद्यम विकास रआयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | ० | २ | ४ | ५ | ८ | १० | १० | | |
| असर १ | वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारमा वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि हुनेछ । | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनकालागि वित्तीय साक्षरता | परिवार | ० | ४० | ८० | १२० | १६० | २०० | २०० | | |
| | | वैदेशिक रोजगारी संलग्न घरपरिवारहरुलाई उद्यम विकास सहयोग | संख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| प्रतिफल | समाजमा वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरु न्यूनिकरण हुनेछ । | सुरक्षित वैदेशिक रोजगारकालागि सूचना प्रवाह | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| | | वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरुमा मनोसमाजिक परामर्श सेवा प्रदान | संख्या | ० | १० | १२० | ३० | ४० | ५० | ५० | | |
| | वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणमा वद्धि हुनेछ | विप्रेषण | रुपैंया (करोडमा) | ३२ | ३५ | ४० | ४५ | ५० | ५५ | ५५ | | |
| असर २ | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित भएको हुनेछ । | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | सङ्ख्या | थ्व | आवस्यकता अनुसार सबै | | | | | | | |
| | | कृषि तथा पशु बिमामा आवद्ध परिवार | प्रतिशत | थ्व | ५ | ८ | १० | १५ | २५ | २५ | | |
| प्रतिफल | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी कानुनी दस्तावेज तयार भई कार्यान्वयनमा आएका हुनेछ । | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | सङ्ख्या | ० | १ | | १ | | १ | १ | | |
| | एकीकृत सूचना प्रणाली कार्यान्वयनमा आएको हुनेछ । | सामाजिक सुरक्षा सम्बन्धि एकीकृत सूचना प्रणाली व्यवस्थापन | सङ्ख्या | ० | १ | | १ | | १ | १ | | |

*स्रोत: विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## परिच्छेद ५: सामाजिक क्षेत्र

गाउँपालिकाले विगत वर्षदेखि नै शिक्षा, स्वास्थ्य, खेलकुद र युवा स्वरोजगारलाई प्राथमिकता क्षेत्रका रुपमा राखेर वार्षिक नीति तथा कार्यक्रम तयार गरेको छ । शैक्षिक क्षेत्रमा गुणस्तर र पहुँचमा अभिवृद्धिका लागी प्राविधिक शिक्षाको विस्तार, नमुना विद्यालय कार्यक्रम सञ्चालनमा रहेका छन् । स्वास्थ्य सेवा विस्तार, विशिष्टीकरण तथा गुणस्तर वृद्धि, एक घर एक खानेपानी धारा निर्माण, खुला दिशामुक्त क्षेत्र घोषणा, बालमैत्री तथा लैङ्गिक हिंसामुक्त गाउँपालिका, विभेद् अन्त्य तथा समावेशी प्रतिनिधित्व र उत्पादनमुखी कार्यक्रममार्फत युवालाई रोजगारी प्रदान गर्ने नीति तथा कार्यक्रम गाउँपालिकाले तर्जुमा गरेको देखिन्छ । विद्यालय वाहिर रहेका वालबालीकालाई विद्यालय शिक्षामा समाहित गर्ने अभियान निरन्तर रहेको र विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्नुका साथै वालमैत्री सिकाइ विधि अवलम्बन गरिने नीति लिइएको छ ।

### ५.१ स्वास्थ्य तथा पोषण

#### ५.१.१ पृष्ठभूमि

स्वास्थ्य एक आधारभूत आवश्यकता भएकाले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । कसैले पनि आकस्मिक सेवाबाट बञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ (नेपालको संविधान, धारा ३५, उपधारा १) । त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न गाउँपालिकाले यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

आधारभूत स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न गाउँपालिका क्षेत्रभित्र ६ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य इकाई एवं सेवा केन्द्र, ६ वटा बर्थिंग सेन्टर, १ आयूर्वेद औषधालय रहेका छन् । मुख्य रूपले यस गाउँपालिकामा झाडापखाला, रुघाखोकी, ज्वरो, टाईफाईड, ग्यास्ट्रिक तथा निमोनिया लगायतका रोगहरू बढी मात्रामा लागेको देखिन्छ ।

#### ५.१.२ समस्या तथा चुनौती

स्वास्थ्य चौकीका पूर्वाधार अपर्याप्त अवस्थामा रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध नभएको, भवन सबैलाई पायक पर्ने ठाउँमा नभएको, जनशक्तिको अभावमा पर्याप्त बर्थिङ् सेन्टर सञ्चालन गर्न नसकिएको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा उपचार सुविधा उपलब्ध हुन नसकेको पाइन्छ । साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता समस्याहरू पनि रहेका छन् ।

विद्यमान भौतिक संरचनाबाट सेवा प्रवाह गर्न कठिनाइ हुनु, रोगको निदान गर्नकोलागि न्युनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नु, बजेट र जनशक्तिको अभावमा पायक पर्ने स्थानमा स्वास्थ्य चौकीका शाखाहरू, बर्थिङ् सेन्टर लगायत घुम्ती स्वास्थ्यसेवा दिन नसक्नु, आवश्यकता अनुसार जनशक्ति र औषधीहरूको आपूर्ति बढाउन नसक्नु, भौगोलिक बिकटताले अपाङ्ग, बृद्ध, बृद्धालाई सहज पहुँच पुऱ्याउन नसक्नु, बदलिँदो अस्वस्थकर जीवनशैली तथा आहार-व्यवहारको अभ्यास रहनु जस्ता चुनौतीहरू विद्यमान छन् ।

#### ५.१.३ संभावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कानुनहरूको निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य

बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरू सडक सञ्जालमा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता रहेको जस्ता स्वास्थ्य तथा पोषण विकासका सवल पक्षहरू हुन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वास्थ्य संस्थाहरूको भौतिक संरचना निर्माण गरी सेवा प्रवाहको क्षमतामा वृद्धि गर्ने ।

**उद्देश्य**

१. सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।
२. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।
३. स्वास्थ क्षेत्रमा थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधार गर्नु।
४. गाउँपालिकालाई कुपोषण मुक्त बनाउनु ।

**रणनीति र कार्यनीति**

**तालिका १५: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।** | |
| १.१: गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्वास्थ्यको सहज पहुँचकालागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. ल्याब सेवा सञ्चालनकालागि आवश्यक पहल अघि बढाइनेछ । |
| १.२: पालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. पालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।** | |
| २.१: पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने । | १. गुणस्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ ।<br>२. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३. "सुनौला हजार दिन" अभियानलाई निरन्तरता दिइनेछ।<br>४. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.२: मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने । | १. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनकोलागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>२. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३: स्वास्थ क्षेत्रमा थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधार गर्नु।** | |
| ३.१: स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्घ–संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। |
| ३.२: गाउँपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास विकास गर्ने । | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनकोलागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारकालागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |
| **उद्देश्य ४: गाउँपालिकालाई कुपोषणको मुक्त बनाउनु ।** | |
| ५.१: मालिकार्जुन बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रवन्ध मिलाइनेछ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्थवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाकोलागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **शिक्षा, विज्ञान तथा नवप्रर्वतन** | | | | २९९०० | १६५०० | २७५०० | १४००० | २७५०० | ११५४०० | ६.३० | | | | | | |
| १ | विद्यालयको भवन निर्माण तथा स्तरउन्नती | एकमुष्ठ | | ४४ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | | ४ | ६ | | २ | ३ |
| १ | विद्यालयको घेराबार तथा सरसफाई कार्यक्रम | एकमुष्ठ | | ४४ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ४ | ६ | | २ | ३ |
| १ | आवसीय विद्यालय निर्माण तथा अंग्रेजी माध्यममा अध्यापन सञ्चालन | एकमुष्ठ | | ८ | १५००० | | १५००० | | १५००० | ४५००० | | | ४ | ६ | | २ | ३ |
| २ | स्थानीय भाषा भाषामा पाठ्यक्रम सञ्चालन (हाम्रो भाषा) | एकमुष्ठ | | १ | २००० | | | | | २००० | | | ४ | ६ | | २ | ३ |
| २ | सस्कृति भाषा प्रर्वद्धन (एउटा स्कुलामा आधारभूत संस्कृत अध्ययन अध्यापन) | एकमुष्ठ | | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ४ | ६ | | २ | ३ |
| ३ | प्रविधि मैत्री स्कुल सञ्चालन (सुचना प्रविधिको प्रयोग, टेली क्लास सञ्चालन) | एकमुष्ठ | | | १४०० | १००० | १००० | १००० | १००० | ५४०० | | | ४ | ६ | | २ | ३ |
| ३ | २ कृषि, १ सिभिल सहित थप ३ वटा प्राविधिक विद्यालय सञ्चालन (वन विज्ञान, बहु कृषि, योग आयूर्वेद, सूचना प्रविधि) | एकमुष्ठ | | | | ४००० | | १५०० | | ५५०० | | | ४ | ६ | | २ | ३ |
| ४ | विद्यालयहरुमा शौचालय निर्माण तथा छात्रामैत्री शौचालय व्यवस्थापन | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ४ | ६ | | २ | ३ |
| ४ | विद्यालय आधुनिकिकरण (कम्युटर इन्टरनेट इ-हाजिरी प्रोजेक्टर आदि व्यवस्थापन) कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ४ | ६ | | २ | ३ |
| ५ | शिक्षक व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ४ | ६ | | २ | ३ |

## ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| १. स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | गाउँपालिकामा स्वास्थ्य सेवा सर्व शुलभ भएको हुनेछ । | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९ | ६९ | ७० | ७० | ७१ | ७१ | ७१ | गाउँपालिका प्रोफाइल, स्वास्थ्य शाखा, वार्षिक प्रतिवेदन, HMIS | सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात भरपर्दो सहजहुने, बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने, स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने, स्वास्थ्य पूर्वाधारमा गाउँपालिकाको लगानी वृद्धि भएको हुने |
| | | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| असर १ | गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा स्वास्थ्यसेवाकोलागि जिल्ला बाहिरका अस्पताल धाउनु पर्ने बाध्यताको अन्त्य हुनेछ । | प्राथमिक उपचार केन्द्र | सङ्ख्या | ० | ० | | ० | | ० | ० | | |
| | | अस्पताल (निर्माणाधिन) | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | बेड (निर्माणाधिन) | सङ्ख्या | १० | | १० | १० | १० | १० | १० | | |
| | | हेल्थ पोष्ट (आधारभुत स्वास्थ्य सेवा केन्द्र) | सङ्ख्या | ६ | ६ | ७ | ८ | ८ | ८ | ८ | | |
| | | स्वास्थ्य एकाई | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | | |
| | | विशेषज्ञ चिकित्सक | सङ्ख्या | १ | २ | ४ | ४ | ४ | ४ | ४ | | |
| | | मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ५८ | ६० | ६५ | ७० | ७५ | ७५ | ७५ | | |
| प्रतिफल | गर्भवती परीक्षणको सुविधाबाट आमा र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा रुग्णता दरमा कमी हुनेछ। | संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ४९ | ६० | ७५ | ९० | १०० | १०० | १०० | | |
| | | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० | १०० | १०० | | |
| | | बर्थिङ सेन्टर | सङ्ख्या | ६ | ६ | | ७ | | ७ | ७ | | |
| | | गर्भावस्थाको परीक्षण दर | प्रतिशत | ७९.२ | ८० | ९५ | ९९ | १०० | १०० | १०० | | |
| | बाल मृत्युदर, शिशु मृत्युदरमा कमी आउनेछ । | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | | ० | | ० | ० | | |
| | | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | | ० | | ० | ० | | |
| | | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | | ० | | ० | ० | | |
| | | पूर्ण खोप | प्रतिशत | ८४.१ | ९५ | ९८ | १०० | १०० | १०० | १०० | | |
| | | भिटामिन ए खाने बालबालिका | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | झाडा पखालाको संक्रमण दर | प्रतिशत | १० | ३ | | १ | | ० | ० | | |
| | | महिला स्वास्थ्य स्वयं सेविका | सङ्ख्या | ५५ | ५५ | ५५ | ६० | ६५ | ७० | ७० | | |

| १. स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाई** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | **जम्मा** | **पुष्ट्याँइको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | | |
| | महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायमा स्वास्थ्य सेवा र सुविधाको पहुँचमा बृद्धि हुनेछ। | सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन | सङ्ख्या | १४ | सबै स्वास्थ्य संस्थामा | | | | | | | |
| | | आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | सङ्ख्या | १ | ४ | ५ | ६ | ७ | ८ | ८ | | |
| | | आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | परिवार नियोजनको साधन प्रयोग गर्ने दम्पति | प्रतिशत | २५ | ३० | ३२ | ३५ | ४० | ५० | ५० | | |
| | प्रतिकारात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । | सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | १ | १ | २ | २ | ३ | ४ | ४ | | |
| | | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | ५ | १० | १२ | १५ | १७ | १८ | १८ | | |
| | | एम्बुलेन्स सञ्चालन | सङ्ख्या | ३ | ३ | ३ | ३ | ४ | ४ | ४ | | |
| | | पालिका मार्फत निशुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ | | |
| | स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा बृद्धि हुनेछ । | एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ७५ | ८० | | ९५ | | १०० | १०० | | |
| | | स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | २ | | |
| | | घुमन्ते स्वास्थ्य सेवा | पटक | ५ | २ | | २ | | २ | २ | | |
| | | दक्ष स्वास्थ्य सेवा तालिम | सङ्ख्या | १३ | १ | | १ | | १ | १ | | |
| | | प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | २ | ३ | ४ | ५ | ७ | ८ | ८ | | |
| **असर २** | मालिकार्जुन बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता हुनेछ । | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | ११ | ५ | | १ | | ० | ० | | |
| | | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| **प्रतिफल** | मालिकार्जुन कुपोषणमुक्त गाउँपालिका बन्नेछ । | सुत्केरी -स्याहार भत्ता पाउने महिला | सङ्ख्या | NA | सुत्केरी स्याहार भत्ता पउनु पर्ने सबै महिला | | | | | | | |
| | | करेसाबारी भएको घरपरिवार | प्रतिशत | १५ | ३० | ४५ | ६० | ७५ | ९० | ९० | | |
| | | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने घरधुरी | प्रतिशत | १५ | १८ | २५ | ३० | ३५ | ४० | ४० | | |
| | | प्रतिव्यक्ति खाद्य उत्पादन | किलोग्राम | ४५ | ४८ | ५० | ५५ | ६० | ७० | ७० | | |
| | | कम्तिमा एक गाई/भैंसी भएको परिवार | प्रतिशत | ७५ | ७५ | ७६ | ७७ | ७८ | ८० | ८० | | |

| १. स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | कम्तिमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | ३० | ३० | ३२ | ३५ | ३८ | ४० | ४० | | |
| | | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५ | ५ | ४ | ३ | २ | १ | १ | | |
| | | उपभोगको दुइ तिहाई खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | ५० | ४८ | ४२ | ३६ | ३२ | ३० | ३० | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवतन

### ५.२.१ पृष्ठभूमि

शिक्षा हरेक व्यक्तिको मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएकोछ । गाउँवासीलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहयोग पु¥याउनु पर्दछ । यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा गरिएको छ ।

नेपालको संविधानले विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चिता गरेको छ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट अभ्यासहरू भई रहेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ । शिक्षालाई विकासको मुल आधारका रुपमा लिई अन्नपूर्ण गाउँपालिकाले नमुना विद्यालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरू सृजना गर्ने कुरालाई महत्व दिई दश वर्षे शिक्षा योजना तर्जुमा कार्यको शुरुवात गरेको छ ।

गाउँपालिकाको कुल साक्षरता दर ५ वर्ष माथिको ७४ प्रतिशत रहेको छ । गाउँपालिकामा माध्यमिक तहको खुद भर्नादर ६२ प्रतिशत छ भने आधारभुत तहको खुद भर्नादर ८० रहेको देखिन्छ । गाउँपालिकाभित्र ४४ वटा सामुदायिक सरकारी र २ वटा संस्थागत विद्यालय रहेका छन् ।

### ५.२.२ समस्या तथा चुनौती

शिक्षा क्षेत्रको सुधारमा राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत तथा व्यवहारिक प्रयास भएता पनि गुणस्तरीय तथा प्रतिस्पधी शिक्षाको दिशामा समय सापेक्ष सुधारहरू हुन सकेका छैनन् । भौगोलिक बिकटता, गरिवी र श्रोत तथा साधनको अपर्याप्तता रहको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधिमा पहुँचमा कमी रहेको छ । स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुन सकेको छैन । विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रकृया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ ।

स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाकालागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायम रहेको छ । उच्च शिक्षाकालागि क्याम्पस र प्राविधिक शिक्षाकालागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई सम्बोधन हुन सकेको छैन । धेरैजसो ११ र १२ कक्षामा अध्ययन गर्ने विद्यार्थिको अन्यत्र वस्नु पर्ने अवस्था विद्यमान छ । कतिपय वडाहरूमा विद्यालयका भवनहरू जिर्ण र पहिरोको जोखिममा रहेका छन् । दलित जातिका वालवालिकाहरूको विद्यालयलाई निरन्तरता दिने क्रम कम छ । सानो उमेरमा विवाह गर्ने र उमेर वढ्दै गएपछि वजार र वैदेशिक रोजगारीमा जाने क्रम रोकिएको छैन । निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन् । पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन, खेल मैदान, घेरवार र शौचालयको कमी रहेको छ । सामाजिक परिवेशमा शैक्षिक वातावरणको कमी जस्ता समस्या विद्यमान रहेको छ ।

### ५.२.३ संभावना तथा अवसर

महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तीकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने अवस्था रहनु, माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना रहेको छ ।

प्राविधिक तथा व्यावसायिक सीपप्रतिको युवाको आकर्षण रहनु, अभिभावकहरूमा थप जागरुकता विकास गरी शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिनु, समृद्धिका मुख्य सम्बाहकका रुपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, सुशासनको मुख्य आधार नै शिक्षाको विकास रहनु यहाँका शिक्षा विकासका अवसरहरू हुन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिकामा विज्ञान र नवप्रवर्तनको प्रवर्द्धनसँगै सबैको गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षामा सहज पहुँचको प्रत्याभूति गर्ने।

**उद्देश्य**

१. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
२. सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु।
४. शैक्षिक विकासकालागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

**रणनीति र कार्यनीति**

**तालिका १६: शिक्षाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।** | |
| १.१: विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. गाउँपालिका शिक्षा नीतिको तर्जुमा, ऐन नियमावली तथा योजनाको कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी पालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३. उत्कृष्ट कार्य गर्ने शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।<br>४. विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>७. विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ ।<br>८. महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयमसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ९. जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नकालागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिनेछ। |
| १.२ः गुणस्तरीय शिक्षाकोलागि तालिमको संस्थागत विकास गर्ने । | १. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोड्युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>२. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ।<br>४. प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ। |
| **उद्देश्य २ः सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।** | |
| २.१ः सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने। | १. दुर्गम बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण गरिनेछ ।<br>२. आवश्यक परेको ठाँउमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>३. पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>४. नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>५. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>६. पालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाकालागि रोजगारी अभियान सञ्चालन गरिनेछ ।<br>७. हेलचक्र्याइ गरी बालबालिकाहरूलाई नियमित विद्यालय नपठाउने अभिभावकहरूलाई पालिकाबाट प्रदान गरिने सबै सुविधाबाट वञ्चित गरिनेछ । |
| २.२ः दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | १. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्नलागि सिफारिस गरिनेछ ।<br>२. दृष्टिविहिनलाई ब्रेल लिपी तथा बहिरालाई सांकेतिक भाषामा निःशुल्क शिक्षाकोलागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ ।<br>३. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाकालागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा पालिकाबाट व्यवस्थापन गरिनेछ।<br>६. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| २.३ः अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाकालागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | १. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>२. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३. पालिका भित्र ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।<br>४. एक विद्यालय एक पुस्तकालय तथा एकवडा–एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सबैकालागि आजीवन सिकाइको वा |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ । |
| **उद्देश्य ३: प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु ।** | |
| **३.१:** आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन गर्ने । | १. आधारभूत तहमा व्यावसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>२. विद्यालय शिक्षामा निर्वाहमुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| **३.२:** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा सहजता, गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने । | १. प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९–१२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>२. सबै विद्यालयमा कम्प्युटरको ल्याबको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ।<br>३. विद्यालयमा प्रयोगात्मक कक्षाकालागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>४. माध्यमिक तह (कक्षा ११–१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४: शैक्षिक विकासकालागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।** | |
| ४.१: उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | १. गाउँपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासकालागि उच्च शिक्षामा प्राविधिक विषयको क्याम्पस, बहुप्राविधिक शिक्षालय र बहुसंकाय क्याम्पस स्थापनाको पहलकालागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न पालिका भित्र कम्तीमा एउटा पोलीटेक्नीकल शिक्षालय स्थापना गरिनेछ । |
| ४.२: विद्यालयको पूर्वाधार निर्माण गर्ने । | १. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ।<br>३. प्रत्येक विद्यालयमा छात्र र छात्राकालागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ५: संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाइनेछ ।** | |
| **५.१:** संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. प्रत्येक कक्षामा १५ प्रतिशत गरिब र विपन्न विद्यार्थीलाई वडाको सिफारिसमा निःशुल्क पढाउने व्यवस्था गरिनेछ ।<br>२. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ।<br>३. संस्थागत विद्यालयहरूको नियमनकालागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । |
| **५.२:** सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १. विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ ।<br>३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ ।<br>५. आवश्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ ।<br>६. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यकता अनुसार मर्जिङ् गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **शिक्षा, विज्ञान तथा नवप्रर्वतन** | | | | **२९९००** | **१६५००** | **२७५००** | **१४०००** | **२७५००** | ११५४०० | **६.३०** | | | | | | |
| १ | विद्यालयको भवन निर्माण तथा स्तरउन्नती | एकमुष्ठ | | ४४ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | | ४ | ६ | | २ | ३ |
| १ | विद्यालयको घेराबार तथा सरसफाई कार्यक्रम | एकमुष्ठ | | ४४ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ४ | ६ | | २ | ३ |
| १ | आवसीय विद्यालय निर्माण तथा अंग्रेजी माध्यममा अध्यापन सञ्चालन | एकमुष्ठ | | ८ | १५००० | | १५००० | | १५००० | ४५००० | | | ४ | ६ | | २ | ३ |
| २ | स्थानीय भाषा भाषामा पाठ्यक्रम सञ्चालन (हाम्रो भाषा) | एकमुष्ठ | | १ | २००० | | | | | २००० | | | ४ | ६ | | २ | ३ |
| २ | सस्कृति भाषा प्रर्वद्धन (एउटा स्कुलामा आधारभूत संस्कृत अध्ययन अध्यापन) | एकमुष्ठ | | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ४ | ६ | | २ | ३ |
| ३ | प्रविधि मैत्री स्कुल सञ्चालन (सुचना प्रविधिको प्रयोग, टेली क्लास सञ्चालन) | एकमुष्ठ | | | १४०० | १००० | १००० | १००० | १००० | ५४०० | | | ४ | ६ | | २ | ३ |
| ३ | २ कृषि, १ सिभिल सहित थप ३ वटा प्राविधिक विद्यालय सञ्चालन (वन विज्ञान, बहु कृषि, योग आयूर्वेद, सूचना प्रविधि) | एकमुष्ठ | | | | ४००० | | १५०० | | ५५०० | | | ४ | ६ | | २ | ३ |
| ४ | विद्यालयहरुमा शौचालय निर्माण तथा छात्रामैत्री शौचालय व्यवस्थापन | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ४ | ६ | | २ | ३ |
| ४ | विद्यालय आधुनिकिकरण (कम्युटर इन्टरनेट इ-हाजिरी प्रोजेक्टर आदि व्यवस्थापन) कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ४ | ६ | | २ | ३ |
| ५ | शिक्षक व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ४ | ६ | | २ | ३ |

## ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**२. शिक्षा**

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुनेछ । | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७४ | ७४ | ७५ | ७५ | ७६ | ७७ | ७७ | | |
| | | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७८ | ७८ | ७८ | ७९ | ७९ | ८० | ८० | | |
| | | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८४ | ८५ | ८६ | ८७ | ८८ | ८९ | ८९ | | |
| असर | गाउँपालिकाको शैक्षिक सूचकांकमा उल्लेख्य सुधार भएको हुनेछ । | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ७२ | ७२ | ७२ | ७३ | ७५ | ७६ | ७६ | | |
| | | आधारभूत तह (१,८) मा लैगिंक समानता | महिला प्रति सय पुरुष | १.०९ | १.०८ | १.०७ | १.०६ | १.०५ | १.०४ | १.०४ | | |
| | | उच्च शिक्षामा कुल विद्यार्थी | सङ्ख्या | | माध्यमिक तह ९,१२ पुरा गरेका ८० प्रतिशत हुने | | | | | | | |
| | | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ८४ | ८४ | ८५ | ८५ | ८६ | ८७ | ८७ | | |
| | | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ८८ | ८८ | ८८ | ८९ | ८९ | ९० | ९० | | |
| | | आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत | ८७ | ८७ | ८७ | ८८ | ८८ | ८९ | ८९ | | |
| | | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ८५ | ८५ | ८६ | ८६ | ८७ | ८७ | ८७ | | |
| प्रतिफल | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) न्यून हुनेछ । शिक्षक विद्यार्थी अनुपात आवश्यकता अनुरुप व्यवस्थापन भएको छ | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | ३ | १ | १ | ० | ० | ० | ० | | |
| | | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) आधारभूत तह | प्रतिशत | १.४ | १ | १ | ० | ० | ० | ० | | |
| | | विद्यालय शिक्षा (१-८) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | १५ | १५ | १७ | १८ | १८ | २० | २० | | |
| | | विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | १३ | १३ | १५ | १६ | १८ | २० | २० | | |
| | प्राविधिक र व्यवसायिक विद्यालय को स्तरउन्नति भएको हुनेछ । | प्राविधिक धारको विद्यालय सञ्चालन | सङ्ख्या | १ | १ | २ | २ | ३ | ४ | ४ | | |
| | | प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | सङ्ख्या | ८४ | ८४ | ९० | १०० | १५० | २०० | २०० | | |
| | | प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | विद्यालयहरूको गुणात्मक परिवर्तन भएको हुनेछ । | बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | ४१ | सबै विद्यालयहरूमा | | | | | | | |
| | | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | १५ | १८ | २० | २५ | ३० | ३५ | ३५ | | |

| २. शिक्षा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | १० | सबै मावि विद्यालयहरूमा | | | | | | | |
| | | ईन्टरनेट तथा ई- शिक्षा सुविधा भएका विद्यालय | सङ्ख्या | ७ | सबै विद्यालयहरूमा | | | | | | | |
| | शिक्षामा सबैको पहुँच सुनिश्चित भई समुदायको शैक्षिक स्तर माथि उठेको हुनेछ । | छात्रामैत्री विद्यालय | सङ्ख्या | ११ | १२ | १५ | २० | २५ | ३० | ३० | | |
| | | अपाङ्गतामैत्री विद्यालय | सङ्ख्या | थ्व | सबै विद्यालयहरूमा | | | | | | | |
| | | आवासीय विद्यालय | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | सामुदायिक र संस्थागत तहबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा रहेको अन्तर घटेको हुनेछ । | माध्यमिक शिक्षा कक्षा(९-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | ५ | ६ | ७ | ८ | ८ | ८ | ८ | | |
| | | सामुदायिक विद्यालय | सङ्ख्या | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४२ | ४२ | | |
| | | संस्थागत विद्यालय | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | २ | | |
| | विपन्न वर्ग तथा दलित विद्यार्थीलाई उच्च शिक्षा (इञ्जिनियरिङ्ग, मेडिकल, कृषि, वन, आदिमा) गाउँपालिकाबाट छात्रवृत्ति प्रदान हुनेछ र पालिकामा प्राविधिक जनशक्तिको आपूर्ति सहज हुनेछ । | प्राविधिक विषयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | १ | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | प्राविधिक विषयमा अध्ययनरत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | ५ | ५ | १० | १५ | २० | २५ | २५ | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिशामुक्त क्षेत्र घोषणा भई सकेको यस गाउँपालिकामा एक घर, एक धारा तथा शौचालय निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ । फोहर व्यवस्थापनकालागि गाउँपालिकास्तरबाट पहल गरिएको छ । खानेपानी तथा सरसफाइको क्षेत्रमा विभिन्न गैह्र सरकारी निकायको सहयोग रहेको छ ।

गाउँपालिका भित्र ६४ प्रतिशत घरपरिवारले पाइप धाराको पानी उपयोग गर्ने गरेको तथा बाँकीले मुल तथा खोला नदिनालाको पानी प्रयोग गर्ने गरेको देखिन्छ ।

### ५.३.२ समस्या तथा चुनौती

संघीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत प्रयास भएता पनि खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइजन्य परम्परागत व्यवहारका कारण आशातित सुधार हुन सकेको छैन । मानिसहरूको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुख्खा यामममा कतिपय वस्तीमा खानेपानीको अभाव हुने गरेको छ ।

सरसफाइ सम्बन्धी आनिवानी कमजोर रहेको यस क्षेत्रमा घरमै फोहर वर्गिकरण गरी व्यवस्थापन गर्ने प्रचलन रहेको छैन । पर्यटकीय मार्ग र मुख्य वजारहरूमा प्लास्टिकजन्य तथा सिशाजन्य फोहरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदुषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरूमा समेत सडक नाली र ढल सुविधा उपलब्ध रहेको छैन । सार्वजनिक शौचालयमा सावुन, नियमित पानी आदिको नियमित व्यवस्थापन भएको देखिदैन । शुद्ध खानेपानी, पहिरोको कारण खानेपानीका मुल तथा पाईपहरूमा क्षति भएको छ । जलविद्युत परियोजना को कारण खानेपानीका मुहानहरू सुक्दै गएका छन् । खानेपानीका मुहानहरू वस्ति भन्दा टाढा रहेको कारण मर्मतसंभार गर्न समष्या रहेको देखिन्छ । खानेपानीका पाईपहरू ठूला डाँडा हुंदै आएका कारण वर्षातमा पहिरोको कारण क्षतविक्षत हुने गरेको छ ।

### ५.३.३ संभावना तथा अवसर

गाउँपालिकाका उच्च भेगका मुलहरूको पानीमा प्रसस्त प्राकृतिक मिनरल पाइने भएकाले त्यस क्षेत्रको पानीलाई प्रशोधन तथा प्याकिङ गरी राष्ट्रिय तथा अन्तरास्ट्रिय बजारमा बिक्रि गर्न सकिने सम्भावना रहेको छ ।

शुद्ध खानेपानी र सरसफाइको सन्दर्भमा जनप्रतिनिधि र अगुवाहरूको चासो बढ्दै जानु, खानेपानीकोलागि स्रोत प्रशस्त हुनु, यो विषय राष्ट्रिय प्राथमिकतामा पर्नु र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नु, फोहरमैला व्यवस्थापनमा जनप्रतिनिधि र समुदाय विस्तारै संवेदनशील हुँदै जानु, खानेपानी, सरसफाइ र फोहरमैला व्यवस्थापनमा सहयोगी संस्था र समुदायको सहकार्य हुनु आदि अवसरहरू हुन् । त्यसैगरी, आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू (नदी, खोलानाला र मूल) को उपलब्धता प्रचुर मात्रामा रहनु, लिफ्टिङ प्रणालीबाट खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु तथा नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस पालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका १७: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१: पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच वृद्धिकोलागि ठाउँ ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाकोलागि आवश्यक जग्गाको व्यवस्था गर्ने मिलाइनेछ । |
| **उद्देश्य २:** गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु । | |
| २.१: आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३:** प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु । | |
| ३.१: प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **खानेपानी तथा सरसफाइ** | | | १० | ४५०० | ४००० | ४००० | ५००० | ५००० | २२५०० | १.२३ | | | | | | |
| १ | निग्लाड रत्नकोट डिन्सी वृहत्त खानेपानी योजना (२३० घर) | एकमुष्ठ | | | | १००० | १००० | | | २००० | | | ६ | ५ | | २ | १ |
| २ | संकलन केन्द्र स्थापना (प्लाष्टिक तथा सिसाजन्य) | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ६ | ५ | | २ | १ |
| १ | गरडा खानेपानी (वनथलाबाट पाइप जाेड्ने) | एकमुष्ठ | | | १५०० | | | | | १५०० | | | ६ | ५ | | २ | १ |
| २ | ऐरीछाना, औतालेक, चाैथी, कोटीला खानेपानी व्यवस्थापन | एकमुष्ठ | | | | | | २००० | २००० | ४००० | | | ६ | ५ | | २ | १ |
| ३ | सार्वजनिक शौचालय निर्माण | सङ्ख्या | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | ६ | ५ | | २ | १ |
| ३ | सार्वजनिक स्थलमा फोहोर सङ्कलन भाँडो व्यवस्थापन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ६ | ५ | | २ | १ |
| ३ | धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरूको सरसफाई अभियान सञ्चालन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ६ | ५ | | २ | १ |
| ३ | सरसफाई सचेतना कार्यक्रम सञ्चालन | एकमुष्ठ | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | | एकमुष्ठ | ६ | ५ | | २ | १ |

## ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ३. खानेपानी तथा सरसफाइ | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | पालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८५ | ८८ | ८९ | ९० | ९५ | १०० | १०० | गाउँ प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रतिवेदन | खानेपानीको स्रोतहरूमा वृद्धि भएको हुने, सरसफाई जनचेतनामा वृद्धि भएको हुने,<br>फोहोरमैला र वातावरण प्रति जनचेतना वृद्धिभएको हुने, फोहोरमैला व्यवस्थापनमा गाउँपालिकाले थप लगानी गरेको हुने |
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ | ४० | ४० | | |
| | | शौचालय भएका घरपरिवार | प्रतिशत | ९८ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| असर | आधारभूत खानेपानीको पहुँच हरेक टोल समुदायलाई हुनेछ । | पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | ५५ | ६० | ६५ | ७० | ८० | ९० | ९० | | |
| | | खानेपानीको स्रोत संरक्षण | प्रतिशत | ७५ | ८५ | ९० | ९५ | १०० | १०० | १०० | | |
| प्रतिफल | आधारभूत सरसफाइमा सुधार गरी समुदायलाई प्रदूषणमुक्त बनाउन सकिनेछ । | सेफ्टिट्यांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | १५ | २० | १५ | १० | १० | ५ | ५ | | |
| | | साधारण शौचालय भएको परिवार | प्रतिशत | ८० | ७० | ७५ | ८५ | ९० | ९५ | ९५ | | |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | २ | ४ | ६ | ८ | १० | १२ | १२ | | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ४५ | ६५ | ७५ | ८५ | ९० | १०० | १०० | | |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ | ४० | ४० | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्नेछ ।

बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ लागु गरिएको छ । त्यसैगरी ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु कल्याणकारी राज्यको दायित्व हो भने अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनकालागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइनु पर्दछ ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित तथा एकल महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु महिला सम्बन्धी क्षेत्रका समस्या हुन् ।

लक्षित वर्गको चौतर्फी हितकालागि नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गाता भएका व्यक्ति, बालबालीका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरू हुन सकेको छैन । वाल विवाह, लैङ्गिक हिंसा, दलित तथा विपन्न तथा वाल हिंसाका घटनाहरू निर्मूल हुन सकेको छैन । लैंगिकहिंसा पिडीत, महिलाको पहिचान हुनसकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकारवालहरूबाट सशक्त रुपमा उठन सकेको छैन । छुवाछुत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पिडित र असहायहरूकालागि विषेश व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको संजाल गठन भएको तर कृयाशिल हुन सकेको छैन । लक्षित वर्गको आत्मनिर्भरताकालागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ५.४.३ संभावना तथा अवसर

सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा सहाहित गर्दै लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके गाउँपालिकाले समतामुलक, समृद्ध पालिकाको रुपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

महिला र बालबालिकाको हकअधिकारको सन्दर्भमा सरकारहरूबाट विभिन्न अभियान र कार्यक्रमहरू सञ्चालन भईरहनु, संविधान र अन्य कानुनहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्नु, जनप्रतिनिधि र समाजका अगुवाहरू यस विषयमा संवेदनशील हुनु, महिला संजाल र बालक्लवहरू गठन भई क्रियाशिल हुनु, महिला तथा बालबालिकाको क्षेत्रमा विभिन्न दातृ निकायहरूबाट कार्यक्रम सञ्चालन हुनु अवसरहरू हुन् । त्यसैगरी, लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः

सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालकालागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूकोलागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु आदि अवसरका रुपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु
५. दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १८: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१: पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | १. नीति निर्माण र कार्यान्वयनमा समान महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्रासिकोलागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूकोलागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै पालिकामा राहतकोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाकालागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाकोलागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ। |
| २.२: बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |

| | |
|---|---|
| २.३: बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासकालागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बालमैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१: ज्येष्ठ नागरिककोलागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| ३.२: ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ । |
| ३.३: ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रकोलागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४: अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।** | |
| ४.१: अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना,पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिकालागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५: दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु ।** | |
| ५.१: दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चतता गर्ने । | १. गाउँपालिकामा उपलब्ध रोजगारीका अवसरहरूमा दलित तथा सिमान्तकृत समुदायका युवाहरूलाई प्राथमिकता दिइनेछ ।<br>२. स्थानीय उपभोक्ता समितिहरूमा दलित तथा सिमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ ।<br>३. दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामुलक रुपमा वितरण गर्ने प्रवन्ध मिलाइनेछ । |

**कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **महिला, बालबालिका तथा लक्षित वर्ग** | | | | ९००० | ९१०० | ३९२१० | १५३३० | ९४६० | ८२१०० | ४.४८ | | | | | | |
| | **महिला** | | | | ४५०० | ४५५० | १९६०५ | ७६६५ | ४७३० | ४१०५० | २.२४ | | | | | | |
| १ | लैङ्गिक हिंसा बिरुद्ध सचेतनामूलक कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | ५ | ६ | | १ | ३ |
| १ | हिंसा प्रभावित महिलाहरूकोलागि पुनर्स्थापना र सुरक्षा गृह स्थापना | सङ्ख्या | | | | | १५००० | | | १५००० | | | ५ | ६ | | १ | ३ |
| १ | महिला हिंसा पिडितकालागि आकस्मिक राहतकोषको स्थापना एवम् सञ्चालन | एकमुष्ठ | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | | ५ | ६ | | १ | ३ |
| १ | महिला उद्यमशीलताको विकासकालागि सहकारी स्थापना | एकमुष्ठ | | | | | | ३००० | | ३००० | | | ५ | ६ | | १ | ३ |
| १ | लैससास परिक्षण, रणनिति निर्माण तथा बजेट कार्यन्वयन | सङ्ख्या | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | ५ | ६ | | १ | ३ |
| | **बालबालिका** | | | | ४५०० | ४६०० | ४७१० | ४८३० | ४९६० | २३६०० | १.२९ | | | | | | |
| २ | बालअधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | सङ्ख्या | | ५ | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | ५ | ६ | | १ | ३ |
| २ | बाल क्लव तथा बालसञ्जालहरूको गठन, सञ्चालन, संस्थागत तथा क्षमता विकास | एकमुष्ठ | | | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | ५ | ६ | | १ | ३ |
| २ | बाल-कोष स्थापना तथा सञ्चालन | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ५ | ६ | | १ | ३ |
| २ | बालबिवाह निरुत्साहित गर्न सचेतना कार्यक्रम | सङ्ख्या | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ५ | ६ | | १ | ३ |
| २ | बालमैत्री नगरपालिका निर्माण अभियान | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ५ | ६ | | १ | ३ |
| | **ज्येष्ठनागरिक** | | | | १४५० | २९५० | ३९५० | १९५० | ९५० | ११२५० | ०.६१ | | | | | | |
| ३ | ज्येष्ठ नागरिकको परिचयपत्र व्यवस्थापन | एकमुष्ठ | | | ५०० | | | | | ५०० | | | ५ | ६ | | १ | ३ |
| ३ | अध्यक्ष ज्येष्ठनागरिक सम्मान कार्यक्रम | सालबसाली | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ५ | ६ | | १ | ३ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ज्येष्ठ नागरिक आश्रमहरू (सत्सङ्ग भवन) को संस्थागत क्षमता तथा पूर्वाधार विकास | एकमुष्ठ | | | | २००० | ३००० | १००० | | ६००० | | | ५ | ६ | | १ | ३ |
| ३ | अन्तरपुस्ता छलफल तथा अन्तरक्रिया | एकमुष्ठ | | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | | | ५ | ६ | | १ | ३ |
| ३ | जेष्ठ नागरिक चौतारी निर्माण | एकमुष्ठ | | | | | | | २००० | २००० | | | ५ | ६ | | १ | ३ |
| | **अपाङ्गता भएका व्यक्तिहरू** | | | | **५५५०** | **३०५०** | **३०५०** | **३०५०** | **३०५०** | **१७७५०** | **०.९७** | | | | | | |
| ४ | गाउँपालिकामा हेल्प डेक्स स्थापना | एकमुष्ठ | | | २००० | | | | | २००० | | | ५ | ६ | | १ | ३ |
| ४ | अपाङ्गता मैत्री संरचना निर्माण सचेतना | सङ्ख्या | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | ५ | ६ | | १ | ३ |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन तथा अध्यावधिक | सङ्ख्या | | | ५०० | | | | | ५०० | | | ५ | ६ | | १ | ३ |
| ४ | अपाङ्गता मैत्री संरचना निर्माण | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ५ | ६ | | १ | ३ |
| ४ | अपाङ्गता भएका व्यक्तिहरूकालागि क्षमता अनुसारको सीप विकास तालिम तथा रोजगारीको प्रवन्ध | सङ्ख्या | | | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | | | ५ | ६ | | १ | ३ |

## ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ४. महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाई** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | **जम्मा** | **पुष्ट्याँइको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन भएको हुनेछ । | महिला/घरेलु हिंसा | प्रतिशत | **२५** | २२ | १८ | १५ | ५ | ० | **०** | गाउँपालिका प्रोफाइल, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन | निर्माण हुने संरचनाहरू लैंगिक सम्बेदनशील भएको हुने, योजना तथा कार्यक्रमहरू लैंगिकमैत्री हुनुको साथै |
| | | बालश्रम | प्रतिशत | **२** | १ | ० | ० | ० | ० | **०** | | |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | **०** | १ | २ | ४ | ६ | ८ | **८** | | |
| | | बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | **९५** | १०० | १०० | १०० | १०० | १०० | **१००** | | |
| असर | पालिका र पालिका मातहतका सबै निकायहरूमा सामाजिक समवेशिकरंका आधारमा समतामुलक सेवा प्रभाव भएको हुनेछ । | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटना दर्ता | सङ्ख्या | **२८** | सबै | | | | | **५०** | | |
| | | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | **थ्क** | ५ | १० | १५ | २० | २५ | **२५** | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | २९ | ३३ | ३३ | ३३ | ३३ | ३३ | **३३** | | बजेटको परिमाणमा पनि वृद्धि भएको |
| प्रतिफल | लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनेछ । | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० | **५०** | | |
| | | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ० | २ | २ | २ | २ | २ | २ | | |
| | | पिडित महिलाहरूकोलागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | |
| | | जङ्क्ष परिक्षण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका बालबालिकालाई उचित संरक्षण हुनेछ । | बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | बाल उद्यान | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | सुरक्षित बाल गृह | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | ज्येष्ठ नागरिककोलागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना हुनेछ । | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | जेष्ठ नागरिक सम्मान | सङ्ख्या | ० | ४० | ८० | १२० | १६० | २०० | २०० | | |
| | ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि हुनेछ । | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच हुनेछ । | अपाङ्गता भएकाहरूकोलागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सार्वजनिक शौचालय | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | |
| | अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसा आदिको न्यूनीकरण भएको हुनेछ | अपाङ्गता सम्बन्धि हेल्प डेक्स सञ्चालन | सङ्ख्या | ० | १ | ३ | ५ | ७ | ८ | ८ | | |
| | | कुल सहभागीहरूमा अपाङ्गता भएका | प्रतिशत | ० | १ | १ | १ | १ | १ | १ | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

विकासकोलागि युवा वर्गको महत्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । संविधानको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासकालागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानकालागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भनिएको छ ।

गाउँपालिकाको उमेरगत जनसङ्ख्यालाई विश्लेषण गर्दा १९ देखि २४ वर्षको उमेर समूहमा २९ प्रतिशत जनसङ्ख्या रहेका छ भने २५ देखि ४९ वर्ष उमेर समूहमा १२ प्रतिशत जनसङ्ख्या रहेको छ । कूल जनसङ्ख्याको अनुपातमा युवा समूहको जनसङ्ख्या यतिको हुनु समग्र आर्थिक र सामाजिक विकासकालागि राम्रो हो । यस गाउँपालिकामा ९ जना प्रदेश तथा जिल्लास्तरका खेलाडीहरू रहेका छन् । यस गाउँपालिकामा क्षेत्र भित्र ८ वटा युवा क्लवहरू रहेका छन् । यस्ता क्लवहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहेको देखिन्छ । यस गाउँपालिका भित्र खेल मैदान, पर्यटकीय स्थल र खुल्ला स्थान गरी करिब १६ वटा स्थानहरू रहेका छन् ।

### ५.५.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रमा युवा पलायन मुख्य समस्याका रुपमा रहेको छ । युवा रोजगारी तथा उद्यमशीलताको कमी रहको छ । खेलकुद व्यावसायिक हुन सकेको छैन भने गुणस्तरीय खेल मैदानको कमी रहेको छ । खेल क्षेत्रको विकासकालागि खेल मैदान, खेल प्रशिक्षण तथा खेलकुदको नियमित आयोजनामा कमी रहेको छ । रोजगारी, अध्ययन तथा अवसरको खोजीमा देशकै अन्य क्षेत्र तथा विदेशमा युवाहरू जाने प्रवृति रहेको छ । भौगोलिक विकटता तथा उपयुक्त स्थलको अभावमा खेल मैदानको निर्माणमा कठिनाई रहेको छ । गाउँपालिकाको अधिकांश जग्गा भिरालो हुँदा प्रयाप्त खेल मैदान नभएको र अधिकांश ठाउँमा स्थानीय विद्यालयको मैदानलाई खेल मैदानको रुपमा प्रयोग गरिएको छ ।

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा(पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार आधारशीला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रुपमा रहेका छन ।

### ५.५.३ संभावना तथा अवसर

विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा आर्थिक रूपले सक्रिय यूवा जनसङ्ख्या लगाउन सके र वैदेशिक रोजगारीकालागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी गाउँपालिकाको विकासमा ठूलो फड्को मार्ने सम्भावना रहेकोछ । त्यसैगरी, युवाशक्ति परिचालनकोलागि कानूनी व्यवस्था हुनु, युवा उमेर समूहको जनसङ्ख्या उच्च रहनु, स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय खेलकूद विकासको जिम्मेवारी स्थानीय सरकारलाई दिनु, खेलकूद प्रति चासो वृद्धि हुँदै जानु, युवाक्लवहरू गठन भई परिचालन हुनु, खेलकूदका सामान्य पूर्वाधार हुनु आदि यस क्षेत्रका प्रमुख सम्भावनाहरू हुन् ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रुपमा रहेका छन् ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवा जनशक्तिलाई गाउँपालिकाको सामाजिक र आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने ।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १९: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| **१.१:** विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| **१.२:** युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाकालागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ । |
| **१.३:** युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासकालागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पुँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| **१.४:** युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचकालागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.१: खेलकुदको समुचित विकासकालागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. पालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ ।<br>३. प्रत्येक वार्डमा कभर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिने छ। |
| २.२: खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासकालागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानकालागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासकालागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासकालागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **युवा तथा खेलकुद** | | | | ८४०० | ८४०० | १८४०० | २३४०० | १८४०० | ७७००० | ४.२० | | | | | | |
| २ | एक वडा एक खेल मैदान | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | १०००० | १०००० | ३५००० | | | ९ | ५ | | २ | २ |
| २ | खेल मैदान स्तरीकरण | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ९ | ५ | | २ | २ |
| २ | गाउँपलिका स्तरीय कर्वड हल निर्माण | सङ्ख्या | | १ | | | | | ५००० | ५००० | | | ९ | ५ | | २ | २ |
| १ | खेल प्रतियोगिता सञ्चालन (क्रिकेट, भलिबल) | सालबसाली | | | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | | | ९ | ५ | | २ | ३ |
| २ | वहुउदेश्यीय खेल मैदान खान मा.वि. ऐरी छात्रा | सङ्ख्या | | १ | | | १०००० | १०००० | | २०००० | | | ९ | ५ | | २ | ३ |
| १ | युवाहरुकोलागि क्षमता सीप विकास तालिमहरुको सञ्चालन | सङ्ख्या | | ५ | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | | | ९ | ५ | | २ | २ |
| १ | युवा क्लबहरुको क्षमता विकास तथा खेलकुद परिचालन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | ९ | ५ | | २ | २ |
| १ | अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन | सालबसाली | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | ९ | ५ | | २ | ३ |
| १ | योग शिविर सञ्चालन | सङ्ख्या | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | ९ | ५ | | २ | ३ |

## ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ५. युवा तथा खेलकुद | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण भएको हुनेछ । | युवाहरूको नेतृत्वमा रहेको सामाजिक संघसंस्था | प्रतिशत | थक | ५ | १० | १५ | २० | २५ | २५ | गाउँपालिका प्रोफाइल, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन | युवाहरूकालागि भएको लगानीमा वृद्धि भएको हुन, खेल पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | ४ | ५ | ८ | १० | १२ | १५ | १५ | | |
| | | प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | ६ | १० | १५ | २० | २५ | ३० | १५ | | |
| असर | क्षमता विकास, सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुनेछ । | सहकारीमा युवाको आवद्धता | प्रतिशत | ५ | ८ | १० | १५ | २० | २५ | २५ | | |
| | | युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | १५ | २० | २५ | ३० | ४० | ५० | ५० | | |
| | | उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | ५ | ३० | ५० | ७५ | १०० | १२५ | १२५ | | |
| | | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | ३ | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | १० | १० | | |
| प्रतिफल | खेलमैदान, योग तथा ध्यानकेन्द्र स्थापना भएको हुनेछ । | नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | १ | २ | ५ | १० | १५ | २५ | २५ | | |
| | | पालिकास्तरीय खेलमैदान | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | विद्यालयहरूमा खेलकुद विकास भएको हुनेछ । | खेल मैदान भएका विद्यालय | सङ्ख्या | ४० | ४१ | ४२ | ४३ | ४४ | ४६ | ४६ | | |
| | | अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | प्रशिक्षण र अभ्यासमा वृद्धि हुनेछ । | पालिकामा संचालित खेलकुद प्रतियोगिता | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | सफल एवम् क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | योगा प्रशिक्षण | पटक | ० | १ | १ | १ | १ | १ | १ | | |
| | सार्वजनिक निजी सझेदारीमा वृद्धि भई खेलकुद पूर्वाधारको विकास भएको हुनेछ । | कवर्डहल तथा खेलकुद मैदान | सङ्ख्या | ० | १ | १ | २ | २ | ३ | ३ | | |
| | | प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | |

*स्रोत: विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## परिच्छेद ६ः पूर्वाधार क्षेत्र

समग्र आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहकालागि भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका अग्रणी एवं महत्वपूर्ण रहदै आएको छ । स्थानीय तहको समग्र विकासलाई सकारात्मक दिशातर्फ अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, पुल निर्माण, परम्परागत गोरेटो बाटो, पक्की तथा झोलुङ्गे पुल, आवास, भबन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि विषय क्षेत्रको विकास र विस्तार दिगो सञ्चालन सम्बन्धी विश्लेषण, लक्ष्य तथा उद्देश्य, सो हासिल गर्ने रणनीति तथा कार्यनीति, मार्गनिर्देशक कार्यक्रमलाई यस परिच्छेदको विश्लेषणमा समावेश गरिएको छ ।

### ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

#### ६.१.१ पृष्ठभूमि

मालिकार्जुन गाउँपालिका प्रचुर संभावना र चुनौती दुवैको संमिश्रण रहेको एक पहाडी गाउँपालिकाको रुपमा चित्रित छ । वडाहरू एक आपसमा कच्ची सडक संजालबाट भएपनि जोडिएका छन् । यो गाउँपालिका विकट भू–धरातलीय अवस्थाका कारण यस क्षेत्रको विकासमा अनेकौं चुनौतीहरू विद्यमान रहेका छन् । कठिन धरातलमा छरिएर रहेका डाँडापाँखाहरूका वस्तीहरूमा भौतिक पूर्वाधारहरू पु¥याई नागरिकहरूको जनजीवनलाई सहज बनाउनु यस गाउँपालिकाकोलागि त्यति सहज छैन तथापी सीमित श्रोत साधनबाट नागरिकहरूको वढ्दो आवश्यकता र चाहनाहरू पूरा गर्ने प्रयास गरिएको छ ।

सार्वजनिक संरचनातर्फ गाउँ कार्यपालिकाको आफ्नो प्रशासनिक भवन निर्माणाधीन रहेको र सो भवन निर्माण पश्चात हाल सञ्चालनमा रहेको प्रशासकीय भवनलाई कर्मचारी आवासका रुपमा विकास गरिने योजना रहेको छ । त्यसैगरी गाउँपालिकाका ३ वटा वडाको आफ्नै वडा भवन छ तर ५ वटा वडा कार्यलय भवन छैन । पालिकाका ६ स्वास्थ्यचौकी भवन सहित सञ्चालनमा रहेका छन् भने वडा नं. ८ मा १० शैयाको अस्पताल निर्माणको प्रकृया अघि बढेको छ तथा आठ वटा सामुदायिक भवन निर्माण भएको छ ।

#### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिका वस्तिहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका वस्तिहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत वस्ति विकास कार्यक्रम सञ्चालनमा नहुनुजस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका वजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतिक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहकालागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ । अति विपन्न घरपरिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु, भूकम्प पश्चात्को पुनर्निमाण कार्यमा ढिलाई हुनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणकालागि तयार भएको दक्ष जनशक्ति गाउँपालिकामा क्रियाशील नहुनाले पनि निजी आवासहरू सुरक्षित नहुनसक्ने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रुपमा रहेको चट्याङ्गको उच्च जोखीम रहनुपनि वासोवासका हिसावले समस्याको रुपमा रहेको देखिन्छ ।

भिरालो जमिन, खोलानालाको किनारमा वस्तिहरू रहेका, छरिएर रहेको वस्ति, वढ्दो वसाई सराई प्रवृति, स्थानीय कला संस्कृति झल्किने घरहरू रहेका, यहांका घरपरिवारहरू वसाई सराई गर्ने प्रकृति वढ्दै गएको छ, विना नक्सा र विना प्राविधिक स्टिमेटका आधारमा घरहरू वनेका, पुराना घरहरू भएका कारण भुकम्पको जोखिम रहेको, अझैपनि धेरै घरहरू खर र ढुंगाले छाएका, वस्तिहरू नदि कटान र पहिरोका जोखिममा रहेका, आवासीय घरहरूको निर्माण

मापदण्डअनुसार निर्माण हुन नसकेको, सुरक्षित आवास तथा बस्ती विकास उचित रुपमा नभएको, बजार विकास तथा विस्तारको कमी, बजारसँगको कमजोर पहुँच तथा विस्तारको अभाव, सार्वजनिक निर्माण आवश्यकताअनुसार हुन नसकेको, वस्तीहरू बीचको दुरी टाढा हुनु मालिकार्जुन विकासकालागि निकै चुनौतीपूर्ण देखिन्छ ।

### ६.१.३ संभावना तथा अवसर

पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहेको छ । गाउँपालिकाले एकीकृत जग्गा विकास परियोजना मार्फत गाउँ क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरूयोजना बनाएर नयाँ शहर अवधारणा अनुसारका नयाँ व्यवस्थित वस्ती विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावना छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत शहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर देखिन्छ ।

गाउँपालिका क्षेत्रका केही स्थानहरूमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवं अवसरहरू छ ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।
२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २०: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: एकीकृत आवास तथा बस्ती विकास गरी अब्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।** | |
| **१.१:** ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीती तथा बस्ती विकास योजना तर्जुमा गरी लागु गरिनेछ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावारणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>३. भौगोलिक रूपले बिकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घरपरिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| **१.२:** घना बस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने। | १. बजारी क्षेत्र तथा घना बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कायन्वयन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ। |
| १.३ः भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने । | १. एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२. राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ।<br>३. विपद संवेदनशिल क्षेत्रमा बसोबास गर्ने घरपरिवार पहिचान गरी त्यस्ता स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्यः २ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।** | |
| २.१ः स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ । |
| २.२ः भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलवायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | १५००० | १५००० | ३५००० | ५२५०० | ६०००० | १७७५०० | ९.६९ | | | | | | |
| १ | वडा कार्यलय भवन ८ (माप दण्ड अनुसार) | सङ्ख्या | | ८ | १०००० | १०००० | १०००० | २०००० | ३०००० | ८०००० | | | ११ | ३ | | २ | १ |
| १ | आवसीय कर्मचारी भवन | सङ्ख्या | | २ | | | १५००० | | | १५००० | | | ११ | ३ | | १ | २ |
| १ | सामुदायिक भवन | सङ्ख्या | | ५ | | | | २२५०० | १०००० | ३२५०० | | | ११ | ३ | | २ | १ |
| १ | स्वास्थ्य भवन ८ वटा | सङ्ख्या | | ८ | ५००० | ५००० | १०००० | १०००० | २०००० | ५०००० | | | ११ | ३ | | २ | १ |

## ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ३. बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास हुनेछ । | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | ५ | नयाँ बन्ने सबैमा | | | | | | गाउँपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्वन्धित शाखाको प्रतिवेदन | भवन आचार संहिता सम्बन्धी चेतनामा वृद्धि र गाउँपालिकाबाट हुने कार्यान्वयन र अनुगमन थप प्रभावकारी भएको हुन |
| | | व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | | | १ | | | १ | | |
| | | पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | ० | नयाँ बन्ने सबैमा | | | | | | | |
| असर | भौगोलिक रुपले विकट र विपद जोखिमयुक्त स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी बस्ती बिस्तार मापदण्ड निर्माण भएको हुनेछ । | जोखिमयुक्त बस्तीको स्थानान्तरण | बस्ती सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| प्रतिफल | पालिकामा आवश्यकता अनुसका आवास तथा भवन निर्माण भएको हुनेछ । | कार्यपालिका भवन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | वडाकार्यलय भवन | सङ्ख्या | ६ | ८ | ८ | ८ | ८ | ८ | ८ | | |

| ३. बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | कर्मचारी आवास | प्रतिशत | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | सामुदायिक भवन | सङ्ख्या | १६ | १८ | २० | २२ | २४ | २६ | २६ | | |
| | विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत इन्जिनियरिङ डिजाइन भएको हुनेछ | भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | | |
| | प्राकृतिक पहिरोको जोखिम बस्तीहरूलाई व्यवस्थापन भएको हुनेछ | भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | १० | नयाँ बन्ने सबैमा | | | | | | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | २० | नयाँ बन्ने सबै | | | | | ७ | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | ६ | नयाँ बन्ने सबैमा | | | | | | | |
| | विपन्न घर परिवारकालागि जनता आवास कार्यक्रम सचालन भएको हुनेछ | विपन्नकालागि निर्मित आवास | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । भौतिक पूर्वाधार आर्थिक विकास एव सामाजिक समृद्धिका आधारहरू हुन जसमा सडक यतायात तथा पुलको सबैभन्दा महत्त्वपूर्ण योगदान रहन्छ । पूर्वाधारको विकासमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय निकायलाई जिम्मेवार बनाएको छ । पूर्वाधार निर्माणकालागि स्थानीय निकायलाई प्रदेश एव संघीय सरकारबाट समेत अर्थिक एवं प्राविधिक सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ । गाउँपालिकाले पूर्वाधार विकासमा समावेशी, वातावरणमैत्री, गुणस्तरीय पूर्वाधार भन्ने अभियानका साथ कार्यक्रम अगाडि बढाएकोछ । गाउँपालिकाको विकास र समृद्धिको प्रमुख आधारका रुपमा रहेको एक क्षेत्र सडक तथा यातायात पनि हो ।

गाउँपालिका भित्र हाल महाकाली राजमार्गको ३२ कि.मि सडक कालोपत्रे रहेको छ । गाउँपालिकामा १५ झोलुङ्गे पुल रहेको छ । यस गाउँपालिकाबाट छोटो दुरीका रुटमा नीजी सवारी साधनहरू नियमितरुपमा चल्ने गर्दछन् । प्रायजसो ठाउँमा भने वर्षातको समयमा पहिरोले बाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमितरुमा यातायात सुचारु गर्न कठिनाई हुने गरेको छ ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिका क्षेत्रभित्र सबै सडक बिस्तारमा कठीनाई रहनु, बिकट भौगिलिक अवस्थितिका कारण सडक ट्याक खोल्न कठिनाई हुनु जस्ता समस्याहरू प्रमुख रहेका छन् । यसैगरी कतिपय झोलुङ्गे पुल रहेको स्थानसम्मको सहज सडक सुविधा विस्तार हुन नसक्नु, आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण नहुनुले पनि आवागमनमा असहज भएको देखिन्छ । सार्वजनिक यातायातका साधनहरू नियमित रुपमा सञ्चालन नहुनु, जिपहरूले भाडा महंगो लिने गरेको अन्य समस्याको रुपमा रहेको देखिन्छ ।

गाउँपालिकाका सबै वडाहरूमा सडक सडक संजाल नहुनु, सार्वजनिक यातायत नभएको हुँदा भाडादरमा नियमानुसार र यथार्थ नहुनु, चौलानीको तट अन्तर्गत हरेक वर्ष सडक निर्माण गरिने र अर्को ठाउँमा सडक कटान हुने समस्या, ग्रामिण वस्तिहरूका पदमार्गहरूको नियमित मर्मत संभार हुन सकेको छैन ।

### ६.२.३ संभावना तथा अवसर

यस गाउँपालिकाका अधिकांस भूभाग समथर नभएको कारण सडक संजाल विस्तार गर्न सहज नदेखिएपनि स्थानीय सरकारले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राख्नु, यातायात पूर्वाधार निर्माणकोलागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु यस क्षेत्रको संभावनाका रूपमा लिन सकिन्छ । त्यसैगरी, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात ब्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुदै जानु, शहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात ब्यवस्थापनका अवसरहरू हुन्।

आन्तरिक सडक सञ्जालको पूर्णरुपमा विकास हुँदा पालिकालाई कृषि, पर्यटन र जडीबुटी उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि

सडक तथा अन्य सडकहरूको स्तरउन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुन सक्ने देखिन्छ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो पूर्वाधार विकास मार्फत् नागरिकको सहज पहुँच हुने ।

**उद्देश्य**

१. सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २१ः यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।** | |
| **१.१ः** योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने। | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ । |
| **१.२ः** आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने। | १. व्यावसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोकमार्ग तथा गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ ।<br>३. सडकमा वर्षैभरि निर्वाध यातायात सञ्चालनकोलागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीव्रता दिइनेछ । |
| **१.३ः** छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने । | ४. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत रुपमा निर्माण गरिनेछ।<br>५. बजार क्षेत्र तथा जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा आकाशे पुल तथा भूमिगत बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>६. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ । |
| **उद्देश्य २ः यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।** | |
| **२.१ः** प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| २.२: पर्यटकीय स्थलहरूको पहिचान तथा सो स्थान सम्मको पहुँच मार्गको निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने । | १. पर्यटकीय स्थलहरू सम्मको पहुँच मार्ग निर्माण तथा व्यवस्थापनकोलागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ ।<br>२. पहुँच मार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | सडक, पुल तथा यातायात | | | | १०६६०० | १४२६०० | १४६६०० | १५२६०० | १२८६०० | ६७७००० | ३६.९७ | | | | | | |
| | **सडक कालाेपत्रे** | | | | | | | | | | | | | | | | |
| १ | गाउँपालिकाले छनाैट गरेका सडक निर्माण (सबै) | एकमुष्ठ | | | ८०००० | ८०००० | ८०००० | ८०००० | ८०००० | ४००००० | | | ९ | ३ | | ३ | ३ |
| | **सडक स्तरउन्नती** | | | | | | | | | | | | | | | | |
| १ | मच्छेकाडा सल्लेती सडक | कि.मि. | | २० | ८००० | ८००० | ८००० | ८००० | ८००० | ४०००० | | | ९ | ३ | | ३ | ३ |
| १ | थकताेली रञ्चनी धरमपानी १० कि.मी. ( ३ कि.मी ट्रयाक खुलेको बाकी नया) | कि.मि. | | ७ | २८०० | २८०० | २८०० | २८०० | २८०० | १४००० | | | ९ | ३ | | ३ | ३ |
| १ | जलजिवि धरमपानी शंकरपुर जाेड्ने सडक १८ कि.मि. ( ७ कि.मी ट्रयाक खुलेको बाकी नया) | कि.मि. | | ११ | ४४०० | ४४०० | ४४०० | ४४०० | ४४०० | २२००० | | | ९ | ३ | | ३ | ३ |
| १ | मालिकार्जुन -भगवती- थाप्ला - दत्तु | कि.मि. | | ११ | ४४०० | ४४०० | ४४०० | ४४०० | ४४०० | २२००० | | | ९ | ३ | | ३ | ३ |
| १ | डङ्कर - मक भण्डारी घर | कि.मि. | | १.५ | | | ३००० | | | ३००० | | | ९ | ३ | | ३ | ३ |
| | **नयाँ सडक** | | | | | | | | | ० | | | | | | | |
| १ | जलजिवि बागबजार कृषि सडक | कि.मी | | १० | १००० | १००० | १००० | | | ३००० | | | ९ | ३ | | ३ | ३ |
| १ | चौतोली चौराहा - बसेडी- बानेश्वर | कि.मी | | १० | | | १००० | १००० | १००० | ३००० | | | ९ | ३ | | ३ | ३ |
| | **पुल तथा कलभर्ट** | | | | | | | | | ० | | | | | | | |
| २ | झोलुङ्गे पु | सङ्ख्या | | १४ | ५००० | १०००० | १०००० | २०००० | २५००० | ७०००० | | | ९ | ३ | | ३ | ३ |
| २ | अस्थायी काठे पुल निर्माण ५० | सङ्ख्या | | ५० | १००० | २००० | २००० | २००० | ३००० | १०००० | | | ९ | ३ | | ३ | ३ |
| २ | पिसिसि मोटरेबल पुल ३ | सङ्ख्या | | ३ | | ३०००० | ३०००० | ३०००० | | ९०००० | | | ९ | ३ | | ३ | ३ |

## ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**२. सडक, पुल तथा यातायात**

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | संघ, प्रदेश तथा गाउँपालिकाको समन्वयका आधारमा सडक तथा यातायात पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक विकासका अवसरमा नागरिकको सहज पहुँच भएको हुनेछ । | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | **२०** | २२ | ३० | ४० | ५० | ६० | **६०** | गाउँपालिका प्रोफाइल, पालिका प्रगति विवरण, प्राविधिक शाखा | जनताको माग अनुसार यातायातको व्यवस्थापन भएको हुने, सडक पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | सर्वयाम सडक | कि.मि. | **२५** | ३४ | ४५ | ५० | ६० | ७० | **७०** | | |
| **असर** | योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मत संभार भएको हुनेछ । | यातायात सुचारु सडक लम्बाइ | कि.मि. | **५०** | ७० | ८० | ९० | १०० | ११० | **११०** | | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | **२५** | ३० | ३५ | ४० | ४५ | ५० | **५०** | | |
| **प्रतिफल** | पालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्याउन सक्ने रणनीतिक सडक संजाल सुदृढ भएको हुनेछ । | अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | **३५** | ३८ | ४० | ४५ | ४८ | ५० | **५०** | | |
| | छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन हुनेछ । | वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | कि.मी. | **०** | १ | २ | ३ | ४ | ५ | **५** | | |
| | | बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | कि.मी. | **१.५** | २ | २.५ | ३ | ३.५ | ५ | **५** | | |
| | प्रत्येक वडाहरूमा र महत्त्वपूर्ण स्थलहरूमा, बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गरिनेछ । | पालिकामा संचालित ४ पाङ्ग्रे यातायातका साधन | सङ्ख्या | **२५** | २८ | ३५ | ४० | ४५ | ५० | **५०** | | |
| | | कच्ची | कि.मी. | **५०** | ६० | ७० | ८० | ९० | १०० | **१००** | | |
| | | ग्राभेल सडक | कि.मि. | **१** | १० | २० | ३० | ४० | ५० | **५०** | | |
| | | कालाेपत्रे | कि.मि. | **२५** | ३० | ३५ | ४० | ४५ | ५० | **५०** | | |
| | | ट्र्याक खोलिएको सडक | कि.मि. | **७४** | ८० | ९० | १०० | ११० | १२० | **१२०** | | |
| | | पक्की पुल | सङ्ख्या | **२** | २ | ३ | ३ | ४ | ५ | **५** | | |
| | | झोलुङ्गे पुल | सङ्ख्या | **५०** | ५२ | ५४ | ५६ | ५८ | ६० | **६०** | | |
| | | सडक नाली | कि.मि. | **२५** | ३० | ३५ | ४० | ४५ | ५० | **५०** | | |
| | | सडक पेटी | कि.मि. | **०** | ० | ० | १ | २ | ३ | **३** | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो । सुदूरपश्चिम प्रदेशमा दिगो र भरपर्दो विद्युत्को पहुँच सबै नागरिकमा पुगिनसकेको र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जलविद्युत विकास र व्यवस्थापनमा प्रदेश सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ ।

गाउँपालिका भित्र विजुली बत्तीको रूपमा प्रयोग गर्ने घरपरिवार ६२ प्रतिशत रहेको छ । गाउँक्षेत्रका ६५ प्रतिशत घरधुरीहरूमा वैकल्पिक सौर्य उर्जा मार्फत विद्युत आपूर्ति भएको छ । केही वडाका बस्तीहरूमा सामुदायिक विद्युतीकरण मार्फत विद्युत आपूर्ति भएको छ । विद्युत आपूर्तिकालागि गाउँपालिकाले रास्ट्रिय प्रशारण लाइनलाई जोड्ने कार्यलाई तिब्रता दिएको छ । गाउँपालिका क्षेत्रमा ५ प्रतिशत घरपरिवार एल.पि.ग्यासबाट खाना पकाउने गर्दछन् भने खाना पकाउनकालागि दाउरा प्रयोग गर्ने करिब ९९ प्रतिशत रहेका छन् । सुधारिएको चुलो प्रयोग गर्ने घरधुरीको सङ्ख्यामा वृद्धि हुँदै गएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

सबै स्थानमा विशिष्ट उपयोगकालागि रास्ट्रिय प्रशारण लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ उर्जाको रूपमा गोवर ग्यास, वायो विकेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन । अधिकांश वडाहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने गरिएको छ ।

वस्ती विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र भौगोलिक बिकटता रहेका र ग्रामीणस्तरमा छरिएको बस्तीहरूमा विद्युतीकररण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ६.३.३ संभावना तथा अवसर

गाउँक्षेत्रमा जलविद्युत उत्पादनकोलागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेकोछ । मकरीगाड तथा अपि हाइड्रो परियोजना पुरा भए पछि बिद्युत आपुर्तिमा ठूलो योगदान हुनेछ । जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि भएको अवस्था छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी उत्पादनलाई वृद्धि गर्न सकिन्छ । ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता भै औद्योगिक विकास गर्न सहज हुनेछ । फोहरमैला व्यवस्थापनकालागि ठोस फोहरको प्रशोधनबाट मिथेन ग्याँस उत्पादन गरी बिक्री गर्ने सम्भावना रहेको छ ।

### ६.४४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु ।

२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २२: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु।** | |
| **१.१:** ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संघीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापान गरिनेछ ।<br>४. घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **१.२:** उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने । | १. गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>२. उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरिनेछ ।<br>३. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत, सम्भार र संस्थागत विकास गरिनेछ ।<br>४. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रशारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २: परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।** | |
| **२.१:** ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ ।<br>४. कृषि तथा शहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रत्साहन गरिनेछ ।<br>५. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ।<br>६. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | ६००० | ७५०० | ६००० | ६००० | ६००० | ३१५०० | १.७२ | | | | | | |
| १ | मुहान संरक्षण कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | ७ | ९ | | २ | १ |
| २ | साेलार बत्ती प्रर्वद्धन कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | ७ | ९ | | २ | १ |
| १ | सडक बत्ती व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | | | ७ | ९ | | ३ | २ |
| १ | जलश्रोत गुरुयोजना तर्जुमा | एकमुष्ठ | | | | १५०० | | | | १५०० | | | ७ | ९ | | २ | १ |

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| १. जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| प्रभाव | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा बृद्धि भएको हुनेछ । | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९० | ९५ | १०० | १०० | १० | १०० | १०० | गाउँपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्वन्धित शाखाको प्रतिवेदन | सम्वन्धित कार्यलयहरूले आफूलाई समसामयिक अध्यावधिक गरेको हुने, उर्जा पूर्वाधारमा |
| असर | नविकरणिय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि हुनेछ । | जलविद्युत् उत्पादन (जडित क्षमता) | किलोवाट | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | | प्रतिव्यक्ति विद्युत् उपभोग (वाट प्रति घण्टा) | घण्टा | १६ | २५ | ३० | ३५ | ४० | ५० | ५० | | |
| | | लघु जल विद्युत उत्पादन क्षमता | किलोवाट | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| प्रतिफल | | श्री फेज लाइनको बिस्तार | प्रतिशत | ४० | ४५ | ६० | ८० | १०० | १०० | १०० | | |

| १. जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाई** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | **जम्मा** | **पुष्ट्याँइको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | | |
| | ऊर्जा वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाई विद्युत पहुँचमा बृद्धि गरी खपत बढाइनेछ । | राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | ७० | ७५ | ८० | १०० | १०० | १०० | १०० | | |
| | | खाना पकाउने इन्धनका रूपमा बिद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | ०.५ | १ | २ | ३ | १० | १५ | १५ | | |
| | वैकल्पिक ऊर्जाको विस्तार गरी दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाइने छ । | सोलार उर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १० | १० | १० | १० | १० | १० | १० | | |
| | | सोलार उर्जा उत्पादन | कि.वा. | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | बायोग्यास (गोवरग्यास) प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

मालिकार्जुन गाउँपालिकाका शहरी वडाहरूमा सूचना तथा प्रविधिको उपयोगको अवस्था राम्रो रहेको छ भनें ग्रामीण वडाहरूमा यसको अवस्थामा सुधार ल्याउन अत्यावश्यक छ । सबै वडाहरूमा एन.टि.सि र एन सेलको सामान्य सुविधा उपलब्ध भएको देखिएको छ । गाउँ क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगेता पनि सेवा पहूँच भने ८० प्रतिशत मात्रै छ । अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा एकदमै कमजोर छ भने वडास्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा सुचारू हुन सकेको छैन साथै ५ प्रतिशत भन्दा कम मानिस मात्र इन्टरनेटको पहुँचमा रहेको देखिन्छ ।

गाउँपालिकामा पत्रपत्रिका तथा एफ.एम.स्टेशनहरूले सञ्चार सुविधा पुऱ्याएका भएता पनि यस गाउँपालिकाबाट दैनिक रूपमा प्रकाशन हुने कुनै पत्रपत्रिका तथा एफ.एम.स्टेशनहरू नरहेको साथै गाउँबासीलाई सूचना प्रवाह गर्न स्थानीय एफ.एम. को आवश्यकता रहेको देखिन्छ । यद्यपि, टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई दुर्गम वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाकोलागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । हालसम्म अप्टिकल फाइवर पुग्न सकेको छैन ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, गाउँ क्षेत्रको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ६.४.३ संभावना तथा अवसर

विद्यमान योजना तथा नीति अनुरूप गाउँलाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिन्छ । स्थानीय संचार माध्यम र संचारकर्मीको क्षमता विकास गरी गाउँलाई मिडियामैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी गाउँपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ।

विद्यालय तथा स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाइ सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरूस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन

सकिने देखिन्छ । सूचना तथा संचारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरूस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।
२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु।

**रणनीति र कार्यनीति**

**तालिका २३ः सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुचमा पुऱ्याउनु ।** | |
| १.१ः सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासकोलागि कानुनी आधार तयार गर्ने । | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासकालागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ ।<br>३. केबलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रुपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ । |
| १.२ः बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ । |
| १.३ः समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमश सफ्टवेयर अनलाइन मार्फत् सूचना तथा सेवा प्रदान गरिनेछ ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासकालागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ ।<br>३. डिजिटल डिभाइड कम गर्नकोलागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>४. सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. सूचना प्रविधिको प्रयोग मार्फत् स्थनीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ । <br> ६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ । |
| **उद्देश्य २: सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।** | |
| २.१: सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. गाउँपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ । <br> २. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्रासि तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ । <br> ३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ । <br> ४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यावसायिक बनाइनेछ । <br> ५. गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| २.२: सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ । <br> २. गाउँपालिकाका सबै ठाँउमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ। <br> ३. गाउँपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा अनलाइन संस्करणमा समेत पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

**कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **सूचना, सञ्चार तथा प्रविधि** | | | | ४००० | ५५०० | ५५०० | ३००० | ३००० | २१००० | १.१५ | | | | | | |
| २ | अप्टिकल फाइबर विस्तार | एकमुष्ठ | | | १००० | १००० | १००० | | | ३००० | | | ८ | ९ | | २ | ३ |
| २ | मोबाइल टावर स्थापना तथा क्षमता सुधार (वडा नं.७ चौकी, वडा नं. ४, डाडाँकोट र पासा देउरा) | एकमुष्ठ | | | | १५०० | १५०० | | | ३००० | | | ८ | ९ | | २ | ३ |
| १ | सुचना प्रविधिमैत्री पालिका निर्माण | एकमुष्ठ | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | | | ८ | ९ | | २ | ३ |

## ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ४. सञ्चार तथा सुचना प्रविधि | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | सूचना तथा सञ्चार प्रविधिको विकास मार्फत पालिकाबासीको जीवनस्तरमा सहजता हुनेछ । | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ६० | ७० | ८० | १०० | १०० | १०० | १०० | गाउँपालिका प्रोफाइल, सूचना प्रविधि शाखा | सूचना प्रविधिमा थप लगानी विद्धि भएको हुने |
| | | ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ४० | ५० | ६० | ८० | १०० | १०० | १०० | | |
| **असर** | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग भएको हुनेछ । | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | १० | १२ | १४ | १५ | १८ | २० | २० | | |
| | | टेलिफोन /मोबाइल प्रयोग गर्ने परिवार | प्रतिशत | ९८ | आवश्यकता अनुसार सबै | | | | | | | |
| | | अप्टिकल फाइबरको बिस्तार | प्रतिशत | ० | सबै वडामा | | | | | | | |
| **प्रतिफल** | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नया खोज तथा अनुसन्धान र विकासकोलागि कानुनी आधार तयार हुनेछ । | सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार भएको हुने । | ईन्टरनेट उपलब्ध भएका विद्यालय | सङ्ख्या | ० | सबे विद्यालयहरूमा | | | | | | | |
| | | ईन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | सङ्ख्या | १० | सबै सरकारी कार्यालयहरूमा | | | | | | | |

**४. सञ्चार तथा सुचना प्रविधि**

| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | स्थान | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | ० | मावि स्तरका सबै विद्यालयहरूमा | | | | | | | |
| | | डिजिटल सूचना पाटी | सङ्ख्या | ० | ८ | ८ | ८ | १० | १५ | १५ | | |
| | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित हुनेछ । | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक श्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भूतथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्दछन् । दिगो विकास र विपद् उत्थानशीलतामा अभिवृद्धि नै मालिकार्जुनको विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

### ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

यस गाउँपलिकामा वन जंगलको अवस्था राम्रो देखिन्छ । गउँपालिकाको कूल भूभाग ६१२२५.०० हेक्टर मध्ये करिब २१४७९ हेक्टर अर्थात करिब ३५.१५ हिस्सा वन जंगलले ओगटेको छ । त्यसै गरि ३१.८५ भु-भाग घाँंसे मैदान, २२.३५ बाँझो जमिन, ५.७५ झाडी क्षेत्र रहेको देखिन्छ भने खेतीयोग्य जमिनको हिस्सा २.१५ मात्र रहेको देखिन्छ । अरु वालुवा क्षेत्र, ताल तलैया, हिमनदी र चट्टान क्षेत्र एकदमै कम रहेको देखिन्छ ।

हिमाली क्षेत्रमा रहेका यस गाउँपालिकामा महाकाली नदी किनारमा समाशितोष्ण देखि टुन्ड्रा प्रकृतिको हावापानी भएको वन जंगल फैलिएर रहेको पाइन्छ । यहाँ मुख्य गरी धुपी सल्ला, बाँझ, उतिस, चिलाउने, कटुस, वर, पीपल जातका प्रजातिहरू पाइन्छ । यसैगरी कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा आदि तथा घस्रने जीवहरूमा, हरेउ, सुनगोहोरो, छेपारो, भित्ती, सर्प, गडचौला, जुका, अन्य किटपतङ्ग आदि जातका चराचुरुङ्गीहरू पाइन्छन् । यहाँका जंगलहरू बस्तीदेखि टाढा, अपायक स्थानमा घना र उत्तम छन् भने बस्ती नजिक रहेका वन क्षेत्रहरू विगतमा विनाशको क्रममा रहेतापनि हाल क्रमशः सुधारको क्रममा छन् ।

भूउपयोगको दृष्टिकोणले नदी तथा ताल क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । गाउँक्षेत्रमा रहेको चौलानी नदी, गौलागाड, कापुखोला,घट्टेखोला,सेलाखोला,गोथीगाड, भिडखोला लगायतका खोला तथा अन्य साना खोल्सा आदिले यस क्षेत्रको जैविक विविधताको संरक्षणमा निकै ठुलो योगदान पुऱ्याएका छन् ।

### ७.१.२ समस्या तथा चुनौती

जमीनमा ब्यक्तिगत स्वामित्वको प्रभुत्व रहे सम्म बैज्ञानिक भूउपयोगको अवधारणा अनुसार योजना कार्यान्वयन हुन कठीन देखिएको छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, बन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । वन्यजन्तुहरू खासगरी बाँदर, र दुम्सीबाट खेतीपाती एवं बालीनालीहरू क्षती हुने गरेको छ । सडकको दायाँ वायाँ वृक्षारोपण गर्न बाँकी छ । ग्रामीण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । कतिपय खोलानालामा माछा मार्न विषको अत्यधिक प्रयोग हुने गरेकाले जल प्रदुषण बढ्दो समस्याको रूपमा रहेको छ ।

वन तथा जैविक विविधताको संरक्षणकालागि गाउँपालिका तहलाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्ध गरी सहकार्य गर्नु, छाडा चरिचरन, वन फाडनी, अव्यवस्थित वस्ती, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

### ७.१.३ संभावना तथा अवसर

ब्यवहारिक तथा दिगो भूउपयोग नीति तया यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जंगलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार संकलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न, र होमस्टे सञ्चालन गरी  वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । सामुदायिक र कवुलियती वनको  विकास र विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता वढाउदै जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । वन पैदावारमा आधारित जडीवुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ । वन तथा काठजन्य लघुउद्योग तथा व्यवसायहरू स्थापना गरी आर्यआर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

बन क्षेत्रलाई संरक्षण तथा आम्दानीमुखि बनाउन सामूदायीक बन, कबुलियत बन सँग सहकार्य गरी बन कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्वपूर्ण श्रोतको रूपमा विकास गर्न सकिने प्रचूर संभावना रहेको छ ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँ क्षेत्रका वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट जीवनस्तरमा सुधार गर्ने ।

**उद्देश्य**

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।
२. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २४: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गर्नु।** | |
| २.१: वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैर काष्ठ वन पैदावारको प्रबल सम्भावना भएको खेती विस्तार तथा वजारीकरण गरिनेछ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणकालागि स्थानीय जनतालाई प्रेरित गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ६. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका विरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।** | |
| २.१: जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२. वन्य जन्तुहरूबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, विरूवा, फलफुलहरू रोपण गरी बनयजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>३. व्यावसायिक मूल्य भएका जडीवुटी लगायतका वोट विरूवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ ।<br>४. छाडा चरिचरन, बन फाडनी गरी वस्ती विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बनदेज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ । |
| २.२: बाह्य र आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. गाउँको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणकालागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | वन तथा जैविक विविधता | | | | ६५०० | ६५०० | ६५०० | ६५०० | ६५०० | ३२५०० | १.७७ | | | | | | |
| १ | वन नर्सरी उत्पादन | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | १५ | ७ | | ३ | १ |
| १ | जडीबुटी खेती प्रवद्र्धन (दालचिनी, रिट्ठा, चिउरी) | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | १५ | ७ | | ३ | १ |
| १ | आकाशे पोखरी निर्माण | सङ्ख्या | | २० | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | १५ | ७ | | ३ | १ |
| २ | पानी भकारी निर्माण | सङ्ख्या | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | | | १५ | ७ | | ३ | १ |

## ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| १. वन तथा जैविक विविधता | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | गाउँपालिका क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार भएको हुनेछ । | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ४६.४१ | ४६.४१ | ४६.४१ | ४६.४१ | ४६.४१ | ४६.४१ | ४६.४१ | इलाका वन कार्यालय, गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखा | वैज्ञानिक वन व्यवस्थपनको अवधारण अनुसार जैविक विविधता र वन पैदावारको उपयोग भएको हुने |
| | | सामुदायिक वनबाट प्राप्त हुने राजस्व बृद्धि | प्रतिशत | ० | १० | १० | १० | १० | १० | १० | | |
| असर | वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण भएको हुनेछ । | स्थानीय फर्निचर उद्योग | सङ्ख्या | ० | १ | १ | २ | २ | २ | २ | | |
| | | आयमूलक कार्य संचालित वन क्षेत्र (धार्मिक वन समेत) | सङ्ख्या | ४२ | सबै सामुदायिक वनहरू | | | | | | | |
| प्रतिफल | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण हुनेछ । | सामुदायिक वन सङ्ख्या | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| | | सामुदायिक वन उपभाेक्ता समितिका सदस्यको क्षमता अभिबृद्धि तालिम | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | वार्षिक बृक्षारोपण | सङ्ख्या | थ्क | ५००० | १०००० | १५००० | २०००० | २५००० | २५००० | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन | सङ्ख्या | ० | ४ | ८ | ८ | ८ | ८ | **८** | | |
| | | पालिकास्तरीय वन इकाई स्थापना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | **१** | | |
| | | जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | **थक** | १ | २ | ३ | ५ | ५ | **५** | | |
| | | वन क्षेत्रको तारवार | कि.मि. | ० | १ | २ | ३ | ४ | ५ | **५** | | |
| | | लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | **५** | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

गाउँपालिकाले जलाधार व्यवस्थापनलाई जिविकोपार्जनसँग जोडेर जलउपयोग गुरूयोजना तथा जिविकोपार्जन कार्यन्वयन तर्जुमा गरेको छ । यस गाउँपालिकाको मूख्य जलाधार क्षेत्र भनेको चौलानी नदी रहेको छ । स-साना खोलाहरू पनी हिमालय क्षेत्रबाट उत्पन्न भएका हुदा मुख्य खोलाहरूमा पनी पानीको मात्रा प्रयाप्त देखिन्छ । चौलानी नदी, गौलागाड, कापुखोला,घट्टेखोला,सेलाखोला,गोथीगाड, भिडखोला लगायत कुरमुल जस्ता स्रोतहरू यस गाउँपालिकाकोलागि मुख्य श्रोतको रुपमा रहेका छन । गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका जलस्रोत, नदी तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ नदी तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को प्रचुरता रहेको भएता पनि पहुँच मार्ग अभाव साथै बजारको समस्या हुँदा बहुमुल्य नदीजन्य पदार्थ त्यसै खेर गइरहेको छ ।

### ७.२.२ समस्या तथा चुनौती

वन अतिक्रमण बढदै जानु, कटान, भू-क्षय, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा संकलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहर निष्कासन र अब्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन् ।

अवैज्ञानिक तरिकाले प्राकृतिक श्रोतको दोहन, वन क्षेत्रको विनास, जथाभावी सडक निर्माण, वातावरणीय प्रभाव मुल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्या देखिएको छ भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, पानीको मुहान सुकेर सुख्खाक्षेत्रको विस्तार भएको अवस्था छ । मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि थप संरक्षण चुनौती बनेको छ ।

### ७.२.३ संभावना तथा अवसर

गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भुउपयोग योजनाका आधारमा समग्र गाउँपालिकाको बस्ती विकास तथा गाउँबासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षाण गरी नमुना गाउँपालिका बनाउने ठूलो संभावना रहेको छ ।

गाउँक्षेत्रमा उपलव्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

मालिकार्जुन गाउँपालिकाको भू-संरक्षण र जलाधार व्यवस्थापनद्वारा प्रकोप न्यूनीकरण गरी सुरक्षित पालिका निर्माण गर्ने ।

<u>उद्देश्य</u>

१. वैज्ञानिक व्यवस्थापनबाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।

**<u>रणनीति र कार्यनीति</u>**

**तालिका २५: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक व्यवस्थापनबाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।** | |
| १.१ भूमी संरक्षणकालागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ ।<br>२. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्यांकन गरी वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ, ।<br>३. नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन् प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>४. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरूयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>५. भू क्षय नियन्त्रणकालागि बायोईन्जिनियरिंग प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणकालागि वृक्षारोपण, पोखरी जस्ता अभियान सञ्चालन गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ ।<br>६. गाउँपालिकाले भुमी संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकासलन नीति लिइनेछ ।<br>७. अनाबृष्टी, अतिबृष्टी, अल्पबृष्टी रोक्न सूचना दिने संयंत्र स्थापना गरिनेछ । |
| १.१ जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने । | १. पैरो जाने तथा नदी कटान हुन विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>२. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालोक्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | १३००० | १२००० | १२००० | १७००० | २०००० | ७४००० | ४.०४ | | | | | | |
| १ | नदिजन्य पदार्थ उत्खनन् तथा निकासी व्यवस्थापन (ढुङ्गा, गिटी,बालुवा) | एकमुष्ठ | | | १००० | | | | | १००० | | | १५ | ७ | | ३ | १ |
| १ | भू-क्षय तथा पहिरो रोकथाम तथा व्यवस्थापन | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | ५००० | १३००० | | | १५ | ७ | | ३ | १ |
| १ | जोखिम युक्त बस्ती व्यवस्थापन | सङ्ख्या | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | | | १५ | ७ | | ३ | १ |
| १ | खोला नियन्त्रण तथा तटबन्धन | कि.मि. | | १० | ५००० | ५००० | ५००० | १०००० | १०००० | ३५००० | | | १५ | ७ | | ३ | १ |

## ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| २. भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | गाउँपालिका क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन भएको हुनेछ । | संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखा प्रतिवेदन | भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा थप कार्यक्रमहरू भएको हुने |
| **असर** | वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवम् सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | ० | २ | ३ | ५ | ६ | ७ | ७ | | |
| **प्रतिफल** | भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ । | पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण | कि.मि. | ३ | ३.५ | ४ | ५ | ५.५ | ६ | ६ | | |
| | | संवेदनशील क्षेत्रको बाढी नियन्त्रण | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ६ | ६ | | |

| २. भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाई** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | **जम्मा** | **पुष्ट्याँइको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | | |
| | प्राकृतिक स्रोत साधनलगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनेछ | स्थानीय विपद् तथा भुसंरक्षण योजना | सङ्ख्या | **०** | १ | १ | १ | १ | १ | **१** | | |
| | स्थानीय स्रोत साधनहरूमा बाढी तथा पहिरो पर्ने प्रभाव कम हुनेछ | बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान | सङ्ख्या | **२५** | २५ | २५ | ३० | ३० | ३० | **३०** | | |
| | | बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | **०** | १ | २ | ३ | ५ | ५ | **५** | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रको अधिकांश क्षेत्र खुल्ला क्षेत्रको रूपमा वा हरियाली क्षेत्रको रहेको, ग्रामीण बजार केन्द्र रहेको र अन्य साना साना वस्तीहरूमात्र रहेको कारण ध्वनी, वायु तथा जल प्रदुषण नगन्य रहनु वातावरणका हिसावले उत्तम देखिन्छ । पालिकाको वातावरणलाई स्वस्थ्य र स्वच्छ राख्न प्रयाप्त मात्रामा हरित क्षेत्रहरू रहेका छन् भने गाउँपालिकामा विभिन्न पर्यटकीय खुल्ला स्थल लगायतका सार्वजनिक स्थल, पाटी पौवा तथा चौताराहरूले पनि गाउँपालिकाको वातावरण लाई स्वच्छ तथा हराभरा राखेको छ ।

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनकालागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिकाका खाना पकाउनकालागि सुधरिएको चुलो प्रयोग गर्ने घरधुरी ३९७ रहेको छ । गाउँ क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, एलपिजी ग्यास खरिदमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ ।

गाउँपालिकालाई खुला दिसापिसाबमुक्त गाउँपालिका घोषणा गरिसकिएको भएपनि सरसफाइको अवस्था हेर्दा यस गाउँपालिकामा एक घर एक चर्पीको कार्यान्वयन पूर्ण रूपमा भएको अवस्था देखिन्छ । गाउँपालिका क्षेत्रमा निस्कने फोहरमैला व्यवस्थापनकालागि सार्वजनिक स्थलहरूमा इन्सिनेरेटरको व्यवस्था गरिएको छ

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकाका खण्डेस्वरी, मकरीगाड, घुसा र पाथा लगायतका क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लाष्टिक र सिसा जन्य फोहर व्यस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धुलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम न्यून हुनु मुख्य चुनौतीको रूपमा रहेको छ । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदुषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमि ल्याउन नसकिएको, बैकल्पिक उर्जा वा बायोमास, सौर्य उर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु प्रमुख समस्या र चुनौतीको रूपमा रहेको छ ।

फोहरमैला व्यवस्थापनकालागि सरसफाइ केन्द्र सेनेटरी ल्याण्ड फिल्ड साइटको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन । प्लाष्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणकोलागि बैकल्पिक व्यवस्था दिन नसक्नाले गाउँपालिकाको सरसफाइमा समस्या देखिएको छ । श्रोतमा फोहरको उचित वर्गिकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र अस्पतालजन्य) गर्न नसक्नु र यसको कडाईका साथ कार्यान्वयनका लागि गाउँपालिकामा जनप्रतिनिधि सहितको संरचना वन्न नसक्नु पनि फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन् । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाइमा अझै पनि कमि कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको बिर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत छन् ।

### ७.३.३ संभावना तथा अवसर

वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदुषण नियन्त्रणकालागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतना वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम गर्ने, सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गरी गाउँलाइ सुन्दर बनाउने स्थानीय समुदायसंगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने संभावनाहरू रहेको छ ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य**

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।
२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।

### ३.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका २६: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| १.१: समुदायका घनाबस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई फोहर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ।<br>२. प्रत्येक घनाबस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ ।<br>३. फोहरमैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ।<br>४. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । |
| १.२: गाउँपालिकामा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. घरहरूबाट निस्कने फोहर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागु गरिनेछ।<br>३. शहरी शहरन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ ।<br>४. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण गरिनेछ । |
| **उद्देश्य २: सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।** | |
| २.१: सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. बस्ती, टोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरी सरसफाइ गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| २.२: सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनकोलागि जनचेतना सञ्चालन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | २६०० | ११०० | ११०० | ११०० | ६१०० | १२००० | ०.६६ | | | | | | |
| १ | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (गाउँ तथा वडास्तरीय) | सङ्ख्या | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | १६ | ७ | | ३ | १ |
| १ | फोहरमैला व्यवस्थापनको गुरुयोजना निर्माण | सङ्ख्या | | १ | १५०० | | | | | १५०० | | | १६ | ७ | | ३ | १ |
| २ | फोहोर व्यवस्थापनकालागि अवश्यक समाग्री तथा ट्र्याक्टर खरिद | सङ्ख्या | | ३ | | | | | ५००० | ५००० | | | १२ | ७ | | ३ | १ |
| २ | सरसफाइकालागि टोल स्तरीय समिति गठन एवम् परिचालन | सङ्ख्या | | ३० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | ६ | ७ | | २ | १ |
| २ | फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | १६ | ७ | | ३ | १ |

## ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ३. वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | आधारभूत सरसफाइमा सुधार गरी समुदाय प्रदूषणमुक्त हुनेछ । | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मिटर | थ्क | | | | | | | गाउँपालिका प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन | फोहोरमैला र वातावरण प्रति जनचेतना वृद्धिभएको हुने, फोहोरमैला व्यवस्थापनमा गाउँपालिकाले थप लगानी गरेको हुने |
| | | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | २ | ५ | ८ | ८ | ८ | ८ | | |
| असर | गाउँपालिकामा भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार भएको हुनेछ । | धुवाँमुक्त घरधुरी | प्रतिशत | ५ | १० | १५ | २० | २२ | २५ | २५ | | |
| | | फोहोरमैला बिसर्जन केन्द्र | सङ्ख्या | ० | १ | १ | २ | २ | २ | २ | | |
| | | फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | ० | १ | १.५ | २ | ३ | ३ | ३ | | |

| ३. वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाई** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | **जम्मा** | **पुष्ट्याँइको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | | |
| **प्रतिफल** | दिगो सरसफाइ व्यवस्थापनको क्षेत्रमा सुधार हुनेछ | फोहोरमैला बिसर्जन नीति | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | वातावरण प्रति जनचेतना वृद्धि भएको हुने |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ | संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या | प्रतिशत | २ | २ | १ | १ | ० | ० | ० | | |
| | | गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | ७ | ८ | १० | १५ | १६ | १७ | १७ | | |
| | प्राविधिकहरूको आधारभूत तथा पुनर्ताजकी तालिम मार्फत सरसफाइको क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था गर्न सकिनेछ | फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति | सङ्ख्या | ० | २ | २ | ३ | ५ | ५ | ५ | | |
| | वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि हुनेछ | स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | ० | १ | ३ | ५ | ८ | १६ | १६ | | |
| | | प्रदुषण मापन केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

गाउँस्तरीय विपद् जोखिम व्यवस्थापनका समिति क्रियाशील रहेको अवस्था छ । गाउँपालिकाले उच्च र मध्यम जोखिम क्षेत्रहरू पहिचान गरी विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिकालागि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । हालका दिनमा भुकम्प प्रतिरोधी भवनहरू निर्माणमा वृद्धि हुन थालेको छन् । गाउँपालिकाले विपद् व्यवस्थापनकालागि विपद पछिको नगद तथा वस्तुगत राहतकोलागि स्थानीय विपद कोषको समेत व्यवस्था गरेको छ ।

गाउँपालिकाका प्रमुख चौलानी नदी, गौलागाड, कापुखोला,घट्टेखोला,सेलाखोला,गोथीगाड, भिडखोला, कुरमुल लगायतका अन्य साना ठुला खोलाहरूले बेलाबेलामा र विशेष गरी वर्षातको समयमा नदी आसपासका बेसीहरूमा बाढी र नदी कटानको समस्या ल्याउँछन् । वर्षातको समयमा पहिरोका समस्या विद्यमान छ । यस बाहेक बेलाबेलामा वनजङ्गलमा लाग्ने डढेलो, अतिवृष्टि, अनावृष्टि तथा जङ्गली जनावरको आक्रमण आदि पनि यस पालिकाका विपद्का कारण हुन् । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइड निर्माण सम्पन्न नहुँदा फोहरमैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएकोछ । पानीका श्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यकालागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । नाङ्गा डाँडाहरूमा हुने भूस्खलन, विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यकालागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू छैनन् । आपतकालिन सेवाकालागि प्रयाप्त एम्बुलेन्स सेवा तथा दमकलको ब्यवस्था नहुनु, विपद आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, पालिकामा शव वाहन सेवा नहुनु, बिपद पुर्व सूचना प्रणलीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । गाउँ क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

### ७.४.३ संभावना तथा अवसर

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनकालागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएकोछ । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

विपद् पूर्व तयारी कार्यकालागि मोबाइल एसएमएस मार्फत सूचना दिने तथा विपद् संकटान्मुख बस्ती स्थानान्तरणको तथ्यांक संकलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

### ४.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका २७: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| १.१: विपद् रोकथाम मार्फत् विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| १.२: सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथाङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइहरू स्थापना गरिनेछ ।<br>२. गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>३. गाउँपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरू बिच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| १.३: विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकामा कार्यरत निकायहरूले आआफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २ः मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१ः विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढीपहिरो, चटयाङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| **उद्देश्य ३ः जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।** | |
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १. वायु, ध्वनि प्रदुषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदुषण नियन्त्रण गर्न सरोकारवालासँग समन्वय गरिने छ ।<br>२. मालिकार्जुन गाउँपालिकालाई वातावरण मैत्री गाउँको रूपमा विकास गरिनेछ ।<br>३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना कार्यान्वयन गरिनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** | | | | १०७१० | ५६१० | ६११० | ५४१० | ५९१० | ३३७५० | १.८४ | | | | | | |
| | **विपद् पूर्व तयारी** | | | | | | | | | | | | | | | | |
| २ | विपद् प्रतिकार्य योजना तर्जुमा (वडा तथा टोल स्तरीय व्यवस्थापन समिति) | एकमुष्ठ | | | २०० | २०० | २०० | | | ६०० | | | १३ | ७ | | २ | १ |
| १ | वर्षिक विपद कोष | रू. | | | १००० | | | | | १००० | | | १३ | ७ | | २ | १ |
| १ | आपतकालिन उद्धार समाग्री | एकमुष्ठ | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | | | १३ | ७ | | २ | १ |
| २ | स्वंमसेवक तयारी | एकमुष्ठ | | | ५०० | | ५०० | | ५०० | १५०० | | | १३ | ७ | | २ | १ |
| १ | जोखिम युक्त क्षेत्रमा रहेका बस्ती स्थानान्त्रण अध्ययन | संख्या | | | २००० | | | | | २००० | | | १३ | ७ | | २ | १ |
| ३ | विपद् जोखिम क्षेत्र पहिचान, नक्सांकन | एकमुष्ठ | | | १६०० | | | | | १६०० | | | १३ | ७ | | २ | १ |
| | **विपद् पछि** | | | | | | | | | | | | | | | | |
| २ | तारजाली | एकमुष्ठ | | | ८८० | ८८० | ८८० | ८८० | ८८० | ४४०० | | | १३ | ७ | | २ | १ |
| ३ | पक्की संरचना निर्माण | एकमुष्ठ | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | | | १३ | ७ | | २ | १ |
| ३ | वृक्षारोपण कार्यक्रम | एकमुष्ठ | | | ३३० | ३३० | ३३० | ३३० | ३३० | १६५० | | | १३ | ७ | | २ | १ |

## ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| ४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी आएको हुनेछ । | विपदबाट क्षती भएको रकम | रू. लाखमा | ७००० | ६००० | ५००० | २००० | १००० | ५०० | ५०० | गाउँपालिकाको प्रोफाइल, सम्वन्धित शाखाको प्रतिवेदन | विपद् सम्बन्धमा गाउँपालिका तथा समुदाय सम्बेदनशील भएको हुने |
| | | विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | ५ | **नगन्य मात्रमा हुने** | | | | | | | |
| **असर** | विपद् जोखिमको पूर्वानुमान सूचना र उद्धारकालागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ | प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | १ | १ | ३ | ५ | ५ | ५ | ५ | | |
| | | आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | ० | १ | ३ | ५ | ५ | ७ | ७ | | |
| | | विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | ७ | १० | १२ | १५ | १७ | १७ | १७ | | |
| **प्रतिफल** | विपद् व्यवस्थापनसम्बन्धी कार्य योजना विकास हुनेछ | विपद् व्यवस्थापन योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | सूचना/तथ्याङ्क सङ्कलन सही र सरल रूपमा प्राप्त हुने संयन्त्र विकास हुनेछ | विपद् व्यवस्थापनमा क्रियाशील संघ-संस्थाहरू | सङ्ख्या | २ | ३ | ४ | ५ | ५ | ५ | ५ | | |
| | | विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रू. लाखमा | थ्क | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | सरोकारवाला र स्थानीय जनसमुदायहरूको क्षमता अभिवृद्धि हुनेछ | सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | थ्क | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | थ्क | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | वस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | प्रतिशत | ३ | २.५ | २ | १ | ० | ० | ० | | |
| | | | | | | | | | | | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएको छ । लामो समयदेखि जनप्रतिनिधिविहिन भए पश्चात निर्वाचित स्थानीय सरकारसँग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधिसम्मत प्रक्रियाबाट जनअपेक्षा अनुसार कुशल, पारदर्शी, र जवाफदेही ढंगले सम्पादन गर्न आवश्यक छ । बदलिंदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ । यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नकोलागिसेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरूरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य–१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य–१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानुन, नीति र सुशासन, संगठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा श्रोत व्यवस्थापनका क्षेत्र पर्दछन् ।

### ८.१.१ पृष्ठभूमि

स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहकोलागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र संघीयता अनि राज्य प्रणालीको सुदृढ हुन सक्दछ । तीनै तहको सरकारहरूले बिधिको शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउनु आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका सरकारहरूबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई नागरिकप्रति उत्तरदायी हुने अपेक्षा गरेको छ । पञ्चवर्षीय (आवधिक) योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एकप्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

मालिकार्जुन गाउँपालिकामा ४८ सदस्यीय गाउँ सभा तथा १६ सदस्यीय गाउँ कार्यपालिकाको व्यवस्था छ । गाउँको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनकालागि सङ्घीय कानुनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, गाउँ शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, गाउँ स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन, मल वितरण व्यवस्थापन सम्बन्धी स्थानीय समिति र सल्लाहकार समिति लगायतका समितिहरूले कार्यसम्पादन गर्दै आएकाछन् । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनकालागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ ।

मालिकार्जुन गाउँपालिकाले आफ्नो पाँच बर्षे कार्यकालमा कुल ५१ वटा (स्थानीय ऐन, कार्यविधि र निर्देशिका) तर्जुमा गरी गाउँपालिकाको नियमित कार्य सम्पादनलाई व्यवस्थित बनाउने प्रयास गरेकोछ । त्यसै गरी यो कार्यकालमा गाउँ प्रोफाइल, आवधिक योजना, विस्तृत परियोजना प्रतिवेदन, सार्वजनिक सुनुवाई लगायतका आधा दर्जन बढी दस्तावेज निर्माण गरी संस्थागत विकासमा टेवा पुऱ्याउने पहल भएको छ । निर्धारित समय सीमाभित्र संसदीय परम्परा अनुसार गाउँ सभा सम्पन्न गरी पारित ऐनहरू असार भित्र वेभ साइडमा अपलोड गरिएको छ । समीक्षा गोष्ठीमा स्वतन्त्र विश्लेषकहरूबाट टिप्पणी र सुझाव प्रस्तुत गरी छलफल गर्ने गरिएको छ ।

गाउँपालिकाको सुशासन प्रवर्द्धन गर्नकालागि प्रमुख प्रशासकीय भवनमा र सबै वडा कार्यालयहरूमा देखिने गरी नागरिक वडापत्र राखी त्यसलाई क्रमशः कार्यान्वयन भइरहेको छ । सार्वजनिक सुनवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको थालनी गरिएको छ । गुनासो पेटिका, वेवसाइट, फेसवुक जस्ता कार्यक्रमबाट जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने काम गरिएको छ ।

गाउँको बजेट तथा योजना निर्माण प्रकृयामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ । ठूला आयोजनाहरू निर्माण गर्दा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार पारी समपुरक कोषको समेत व्यवस्था गरिएको छ । योजना तर्जुमा प्रकृयामा सबै संघ संस्थालाई सहभागिता गराउने गरिएको छ । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा सोझै निकासा गर्ने व्यवस्था मिलाइएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विद्युतिय सेवा प्रवाहमा विविधता हुन नसक्नु र गाउँवासीमा प्रविधि सम्वन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन् । त्यस्तै, आवश्यक सङ्ख्यामा दक्ष कर्मचारीको अभाव हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, कर्मचारीहरूको सरुवा भइरहनु, आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य आवश्यक नीति नियम तर्जुमा भई नसक्नु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यन्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्यांकन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नु तथ्याङ्कीय आधार तयार नुहुनु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु गाउँपालिकाका चुनौती हुन् ।

### ८.१.२ संभावना तथा अवसर

सांगठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्यांकन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन गाउँपालिकाको प्राथमिकतामा पर्नु, गैसस, नागरिका समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ भने सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा गाउँ कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ।

गाउँ विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता वढेको छ। जनप्रतिनिधि र कर्मचारीहरूबीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनकालागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहकालागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसर हुन् ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर वृद्धि गर्नु ।

**उद्देश्य**

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका २८: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| **१.१:** शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| **१.२:** सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ। |
| **उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| **२.१:** गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| **२.२:** गाउँपालिकाको कार्यसम्पादन लाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ । |
| २.३: सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ। |
| **उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| ३.१: जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| ३.२: अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. पालिकास्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु ।** | |
| ४.१: सार्वजनिक आय–व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

## कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत | स्थानीय दीर्घकालिन लक्ष्य रणनीतिक स्तम्भ संकेत | दिविल संकेत | दिराल संकेत | प्र.स.संकेत | लैंगिक संकेत | जलबायू संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | | | | | | |
| | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | | | | २०६५० | १५५९० | १५१६० | १५४६० | १५७९० | ८२६५० | ४.५१ | | | | | | |
| | **सुशासन, ऐन नियम तथा जवाफदेहिता** | | | | | | | | | | | | | | | | |
| १ | सेवा प्रवाह तथा सुशासनकालागि आवश्यक कार्यविधिको निर्माण | सङ्ख्या | | ५ | १००० | | | | | १००० | | | १६ | ८ | | ३ | ३ |
| १ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | १६ | ८ | | २ | २ |
| १ | विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | एकमुष्ठ | | | २०० | २०० | २०० | २०० | २०० | १००० | | | १६ | ८ | | ३ | ३ |
| १ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | सङ्ख्या | | ७ | ७०० | | | | | ७०० | | | १६ | ८ | | ३ | ३ |
| १ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | एकमुष्ठ | | १ | ५०० | २०० | २०० | २०० | २०० | १३०० | | | १६ | ८ | | ३ | ३ |
| १ | विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि | एकमुष्ठ | | | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | १६ | ८ | | ३ | ३ |
| १ | सामाजिक जवाफदेहिता वृद्धिकालागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | सङ्ख्या | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | १६ | ८ | | ३ | ३ |
| १ | जनगुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन (सबै वडा र सेवाप्रदायक कार्यलय) | सङ्ख्या | | ७ | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | ३०५० | | | १६ | ८ | | ३ | ३ |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | | | | | | | | | १६ | ८ | | ३ | ३ |
| ३ | सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण | सङ्ख्या | | १ | १००० | | | | | १००० | | | | | | | |
| ३ | मानव तथा संस्थागत क्षमता विकास प्रर्वद्धन | एकमुष्ठ | | | ७०० | ७७० | ८५० | ९४० | १०४० | ४३०० | | | १६ | ८ | | २ | ३ |
| ३ | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासकालागि सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | | ७०० | | | | ७०० | | | १६ | ८ | | २ | ३ |
| ३ | सेवाप्रवाह सरलिकृत एवम् संस्थागत विकास तथा अध्ययन-अवलोकन भ्रमण | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | १६ | ८ | | ३ | ३ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | संस्थागत स्व मुल्यांकन तथा क्षमता विकास | एकमुष्ठ | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | १६ | ८ | | ३ | ३ |
| ३ | कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि | एकमुष्ठ | | | ७०० | ७७० | ८५० | ९४० | १०४० | ४३०० | | | १६ | ८ | | २ | ३ |
| ३ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यन्वयन | सङ्ख्या | | १ | १००० | | | | | १००० | | | १६ | ८ | | ३ | ३ |
| ३ | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | १६ | ८ | | ३ | ३ |
| ३ | न्यायिक समिति र मेलमिलाप केन्द्र सञ्चालन तथा न्यायिक कार्य सम्पादन भौतिक सुधार कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | १६ | ८ | | २ | ३ |
| | **वित्तीय श्रोत परिचालन** | | | | | | | | | | | | | | | | |
| ४ | आन्तरिक आयको संभावना अध्ययन र प्रक्षेपण वृद्दि योजना | सङ्ख्या | | १ | ७०० | | | | | ७०० | | | १६ | ८ | | ३ | ३ |
| ४ | करदाता शिक्षा कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | | | १६ | ८ | | ३ | ३ |
| ४ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | एकमुष्ठ | | | २०० | २०० | २०० | २०० | २०० | १००० | | | १६ | ८ | | ३ | ३ |
| | **योजना व्यवस्थापन** | | | | | | | | | | | | | | | | |
| २ | आयोजना वैंक पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | सङ्ख्या | | ८ | १२०० | १००० | १००० | १००० | १००० | ५२०० | | | १६ | ८ | | ३ | ३ |
| २ | आवधिक तथा विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | | | १६ | ८ | | ३ | ३ |
| २ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | १६ | ८ | | २ | ३ |
| २ | मद्यकालिन खर्च संरचना तर्जुमा तथा अद्यावधिक | सङ्ख्या | | १ | १००० | २०० | २०० | २०० | २०० | १८०० | | | १६ | ८ | | ३ | ३ |
| २ | गाउँ वस्तुस्थिति अद्यावधिक कार्यक्रम | सङ्ख्या | | १ | ५०० | २०० | २०० | २०० | २०० | १३०० | | | १६ | ८ | | ३ | ३ |
| २ | नतिजामूलक अनुगमन, मुल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | एकमुष्ठ | | | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | | | १६ | ८ | | ३ | ३ |
| २ | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | | | १६ | ८ | | ३ | ३ |

## ८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| संस्थागत विकास तथा सुशासन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी हुनेछ | कर्मचारीको पदपूर्ति | प्रतिशत | ८५ | १०० | १०० | १०० | १०० | १०० | १०० | प्रशासन शाखा, लेखा शाखा, लेखापरीक्षण प्रतिवेदन, राजस्व शाखा, वार्षिक प्रगती प्रतिवेदन, गाउँ प्रोफाइल | गाउँ कार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जवाफदेहीता वृद्दि भइ सुशासन कायम भएको हुने |
| | | कार्यपालिकाको बैठक | सङ्ख्या | | आवश्यकता अनुसार | | | | | | | |
| | | पालिकाद्वारा स्विकृत नीति तथा कानुन | सङ्ख्या | ३५ | आवश्यकता अनुसार सबै बन्ने | | | | | | | |
| | | पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | ० | सबैमा बन्ने | | | | | | | |
| | | औसत वार्षिक बेरुजु | प्रतिशत | थ्क | | | | | | | | |
| | | औसत वार्षिक पुँजिगत खर्च | प्रतिशत | १९ | २५ | ३० | ३५ | ४० | ४५ | ४५ | | |
| | | आन्तरिक आय | रु.हजारमा | ४०५० | ४६५८ | ५३५६ | ६१६० | ७०८३ | ८१४६ | ८१४६ | | |
| असर १ | सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । | सामाजिक परीक्षण | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | आवधिक योजना तर्जुमा | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | मध्यमकालिन खर्च संरचना तयार गरेका वडा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | ० | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| | | पालिका तथा वार्डको सार्वजनिक सुनुवाई | सङ्ख्या | २ | ३ | ५ | ७ | ९ | ११ | ११ | | |
| प्रतिफल | सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् । | कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा | सङ्ख्या | १ | २ | ४ | ६ | ८ | १० | १० | | |
| | | अनुगमन | सङ्ख्या | १२ | आवश्यकता अनुसार सबै बन्ने | | | | | | | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | सङ्ख्या | १ | २ | ४ | ६ | ८ | १० | १० | | |

| संस्थागत विकास तथा सुशासन | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| असर २ | गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको आर्थिक समाजिक विकास हुनेछ । | क्षमता विकास योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | १५४ | दरबन्दी (आवश्यकता) अनुसार व्यवस्था हुने | | | | | | | |
| | | स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | गाउँपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । | सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | ५० | ५५ | ६५ | ७५ | ९० | ९५ | ९५ | | |
| | जनताको आर्थिक स्थितिमा सुधार हुने, दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ। | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | सङ्ख्या | १ | ३ | ५ | ७ | ९ | ११ | ११ | | |
| असर ३ | सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाइनेछ । | अनलाइन सेवामा आवद्ध सुविधा | सङ्ख्या | १ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | ३ | ४ | ५ | ७ | ८ | ९ | ९ | | |
| | | एकैदिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | सङ्ख्या | १० | १२ | १४ | १५ | १६ | १७ | १७ | | |
| प्रतिफल | सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । | ई-हाजीरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | १ | सबै सरकारी तथा विद्यालयहरू | | | | | | | |
| | | पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | ० | सबै वडा कार्यालयहरू | | | | | | | |
| | गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । | आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | ० | सबै वडा कार्यालयहरू | | | | | | | |
| | | आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | ३ | ५ | ८ | ८ | ८ | ८ | ८ | | |

| संस्थागत विकास तथा सुशासन | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाई** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | | **जम्मा** | **पुष्ट्याँइको स्रोत** | **जोखिम पक्ष तथा अनुमान** |
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | | | |
| | उत्प्रेरित र उच्च मनोबलयुक्त कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । | आवश्यक कानूनहरूको निर्माण | सङ्ख्या | ३५ | आवश्यकतानुसार निर्माण हुने | | | | | | | |
| | | कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ७ | | ७ | | |
| | | कर्मचारीको कार्यविवरण तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | १ | | |
| असर ४ | सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रिया प्रभावकारी हुनेछ । | निर्धारित समयावधि मै बजेट | आएको/नआएको | **नआएको** | आएको | | | | | | **आएको** | | |
| | | वार्षिक योजना तथा कार्यक्रम विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | **राखिएको** | राखिएको | | | | | | **राखिएको** | | |
| | | आय-व्ययको अद्यावदिक विवरण बेवसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिएको | | | | | | **राखिएको** | | |
| प्रतिफल | वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । | वार्षिक खरिद योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | १ | | |
| | राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | १ | | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | १ | | |
| | | समयमा फछ्यौंट भएका वार्षिक योजना | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९५ | ९८ | | ९८ | | |

*स्रोतः विषयगत शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

मालिकार्जुन गाउँपालिकाले गाउँको योजनाबद्ध विकासकालागि गाउँको वस्तुगत विवरण, तथ्यको विश्लेषण, सरोकारवाला तथा समुदाय संगको अन्तरक्रियाबाट प्रथम पञ्च वर्षीय योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको पन्ध्रौं योजना तथा सुदूर पश्चिम प्रदेशको योजनाहरूलाई समेत आधारको रूपमा लिएको छ । गाउँपालिकाले आवधिक विकास योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेकोछ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन गर्न तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएकोछ ।

आवधिक गाउँ विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोकोलागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसकालागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनकालागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठुलो भूमिका हुन्छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट नवगठित यस गाउँपालिकाको सम्पन्न स्थानीय तहको निर्वाचतबाट निर्वाचित गाउँ कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । गाउँपालिकाको विद्यमान कर्मचारी दरबन्दी विवरण अनुसार प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरूको दरबन्दी यस कार्यालयमा रहेका छन् । विद्यमान दरबन्दी अन्तर्गत अधिकृत स्तरका ६, सहायक स्तरका ७५ समेत ८१ वटा पदको स्वीकृत दरबन्दी देखिन्छ भने तह विहिन ३१ गरी कूल ११२ कर्मचारी कार्यरत रहेको देखिन्छ ।

आवधिक विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न मौजुदा संगठन संरचनामा परिमार्जनकालागि अविलम्ब संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्नुपर्ने देखिन्छ ।

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनामा विभिन्न पाँचवटा विषयतगत क्षेत्रहरू तथा गाउँ गौरबका आयोजनाका निर्धारित कार्यक्रमहरूकालागि आवश्यक लागत अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान गाउँका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडास्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत गाउँपालिकाको आन्तरिक आय, संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस तथा दातृ निकायहरूबाट हुन सक्ने सहयोग, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

**तालिका २९: विषयक्षेत्र अनुसार अनुमानित बजेट**

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| | **गौरवका आयोजना** | | | | | | २४८२००० | |
| १ | **आर्थिक क्षेत्र** | ६३८०० | ६०७८० | ७०१८० | ७०४०० | ८४६४० | ३४९८०० | १९.१० |
| १.१ | **कृषि तथा पशुपन्छी** | २३८०० | २४१०० | २४३०० | २८३०० | ३२३०० | १३२८०० | ७.२५ |
| १.२ | सिंचाई | ९००० | १०००० | ११५०० | १३००० | १६५०० | ६०००० | ३.२८ |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | ८००० | १०००० | १२५०० | १३००० | १३५०० | ५७००० | ३.११ |
| १.४ | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | १६००० | ९६३० | ९७७५ | ८९३५ | १५११० | ५९४५० | ३.२५ |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ७००० | ७०५० | १२१०५ | ७१६५ | ७२३० | ४०५५० | २.२१ |
| २ | **सामाजिक क्षेत्र** | ५९१०० | ४८३०० | ९६४१० | ६८०३० | ६७६६० | ३३९५०० | १८.५४ |
| २.१ | स्वास्थ्य तथा पोषण | ७३०० | १०३०० | ७३०० | १०३०० | ७३०० | ४२५०० | २.३२ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवतन | २९९०० | १६५०० | २७५०० | १४००० | २७५०० | ११५४०० | ६.३० |
| २.३ | खानेपानी तथा सरसफाइ | ४५०० | ४००० | ४००० | ५००० | ५००० | २२५०० | १.२३ |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | ९००० | ९१०० | ३९२१० | १५३३० | ९४६० | ८२१०० | ४.४८ |
| २.५ | युवा तथा खेलकुद | ८४०० | ८४०० | १८४०० | २३४०० | १८४०० | ७७००० | ४.२० |
| ३ | **पूर्वाधार क्षेत्र** | १३१६०० | १७०६०० | १९३१०० | २१४१०० | १९७६०० | ९०७००० | ४९.५३ |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १५००० | १५००० | ३५००० | ५२५०० | ६०००० | १७७५०० | ९.६९ |
| ३.२ | सडक, पुल तथा यातायात | १०६६०० | १४२६०० | १४६६०० | १५२६०० | १२८६०० | ६७७००० | ३६.९७ |
| ३.३ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ६००० | ७५०० | ६००० | ६००० | ६००० | ३१५०० | १.७२ |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ४००० | ५५०० | ५५०० | ३००० | ३००० | २१००० | १.१५ |
| ४ | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | ३२८१० | २५२१० | २५७१० | ३००१० | ३८५१० | १५२२५० | ८.३१ |
| ४.१ | वन तथा जैविक विविधता | ६५०० | ६५०० | ६५०० | ६५०० | ६५०० | ३२५०० | १.७७ |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | १३००० | १२००० | १२००० | १७००० | २०००० | ७४००० | ४.०४ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २६०० | ११०० | ११०० | ११०० | ६१०० | १२००० | ०.६६ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | १०७१० | ५६१० | ६११० | ५४१० | ५९१० | ३३७५० | १.८४ |
| ५ | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | २०६५० | १५५९० | १५१६० | १५४६० | १५७९० | ८२६५० | ४.५१ |
| ५.१ | संस्थागत विकास तथा सुशासन | २०६५० | १५५९० | १५१६० | १५४६० | १५७९० | ८२६५० | ४.५१ |
| | **जम्मा योजना बजेट** | ३०७९६० | ३२०४८० | ४००५६० | ३९८००० | ४०४२०० | १८३१२०० | १००.०० |

मालिकार्जुन गाउँपालिकाको पाँच वर्षे विकास अवधिको लक्ष्य प्राप्तीकालागि कुल लागत बजेट **रू. ४ अर्ब ९ करोड ९४ लाख ५० हजार** अनुमान गरिएको छ । यस अन्तर्गत सबै भन्दा बढी पूर्वाधार क्षेत्र विकासकालागि करिब **४४.१ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ भने गाउँ गौरबको आयोजनाकालागि करिब **३६.२२ प्रतिशत** र त्यसैगरी, आर्थिक विकासकालागि **८.०५ प्रतिशत**, सामाजिक विकासकालागि **६.५६ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनकालागि **३.०६ प्रतिशत** र सुशासन तथा संस्थागत क्षेत्र विकासकालागि **२.०२ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।

### ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक गाउँ विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोकोलागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसकालागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनकालागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्यर साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

मालिकार्जुन गाउँपालिकाको नेतृत्वमा तर्जुमा भएको पञ्चबर्षिय आवधिक गाउँ विकास योजना गाउँ विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र वाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाकोलागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ ।

आ.व. २०७७।७८ को कूल यथार्थ आय **रु. ३३ करोड ७९ हजार** रहेको छ भने गाउँपालिको चालू आ.व. २०७८।७९ को अनुमानित आय **रु. ३३ करोड २६ लाख ९० हजार** रहेको देखिन्छ । गत आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तिमा पनि वार्षिक १० प्रतिशतका दरले आयबृद्धि हुनसक्ने आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा गाउँपालिकाको कुल अनुमानित आय करिव **रु. २ अर्ब २३ करोड ३३ लाख २० हजार** हुने देखिन्छ ।

गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा गाउँपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ । आन्तरिक राजस्व अन्तर्गत करहरू तथा शुल्कबाट (सम्पत्ति कर, व्यवसाय कर, सिफारिस शुल्क) राजस्व संकलन हुने गरेको छ ।

आन्तरिक श्रोतको योगदान गत आ.व.मा कुल आयको **२.६८ प्रतिशत** मात्रै रहेको छ । गाउँपालिकाको आन्तरिक आय आ.व. ०७६।७७ भन्दा आ.व. ७७।७८ मा सामान्य रूपले मात्रै वृद्धि भएको देखिन्छ । त्यसैगरी बाह्य श्रोतबाट आएको अनुदान सहयोग तथा ऋण परिचालनबाट प्राप्त हुने रकमको कुल आयमा **९५.४५ प्रतिशत** योगदान रहेको छ । त्यस्तै गत आ.व.मा कुल आयमा **१.७९ प्रतिशत** अन्य श्रोतबाट प्राप्त भएको छ । लागत सहभागिता भने न्यून मात्रमा रहने गरेको देखिन्छ ।

**तालिका ३०: राजस्व परिचालनको अवस्था**

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| आ.व. ०७७/०७८ को यथार्थ | रकम | ९०२० | ३२१५७९ | | ६२९३ | **३३६८९२** |
| | प्रतिशत | २.६८ | ९५.४५ | | १.८७ | **१००** |
| आ.व. ०७८/०७९ | रकम | २००० | २९५५५० | | ३५१३६ | **३३२६८६** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| को अनुमानित | प्रतिशत | ०.६० | ८८.८४ | | १०.५६ | १०० |

*स्रोतः गाउँपालिका कार्यालय, लेखाशाखा*

### ९.४.२ खर्च अवस्थाको विश्लेषण

गाउँपालिकामा चालु खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७७/०७८ को व्यय विवरण अनुसार चालु खर्च कूल खर्चको करिब **३९.१९ प्रतिशत** रहेको छ भने पूँजीगत खर्च **६०.८१ प्रतिशत** रहेको छ । गाउँपालिकाको विगतका वर्षको व्यय विवरणको तुलनामा यस आ.व.मा चालु खर्च बढेको अवस्थामा छ ।

**तालिका ३१: खर्च बाँडफाँडको प्रक्षेपण**

| क्र. .सं | विवरण | २०७८ ७९/ को अनुमान | २०७९ ८०/ को प्रक्षेपण | २०८० ८१/ को प्रक्षेपण | २०८१ ८२/ को प्रक्षेपण | २०८२ ८३/ को प्रक्षेपण | २०८३ ८४/ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | **बजेटको वर्गीकरण** | | | | | | | |
| १.१ | चालु खर्च | ३४५०५२ | ३७९५५७ | ४१७५१३ | ४५९२६४ | ५०५१९१ | ५५५७१० | २३१७२३५ |
| १.२ | पुँजीगत खर्च | ९०५०६ | ९९५५७ | १०९५१२ | १२०४६३ | १३२५१० | १४५७६१ | ६०७८०३ |
| १.३ | सशर्त अनुदान तर्फ खर्च | | २०२०४ | २२२२४ | २४४४७ | २६८९२ | २९५८१ | १२३३४७ |
| | सामाजिक सुरक्षा खर्च | ५३००० | ५८२९९ | ६४३६२ | ७१०६६ | ७८४८१ | ८६६८३ | ३५८८९३ |
| **जम्मा बजेट** | | **४८८५५८** | **५५७६१७** | **६१३६१२** | **६७५२४१** | **७४३०७३** | **८१७७३५** | **३४०७२७८** |
| २ | | | | | | | | |
| २.१ | आर्थिक विकास | | ६३८०० | ६०७८० | ७०१८० | ७०४०० | ८४६४० | ३४९८०० |
| २.२ | सामाजिक विकास | | ५९१०० | ४८३०० | ९६४१० | ६८०३० | ६७६६० | ३३९५०० |
| २.३ | पूर्वाधार विकास | | १३१६०० | १७०६०० | १९३१०० | २१४१०० | १९७६०० | ९०७००० |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | | ३२८१० | २५२१० | २५७१० | ३००१० | ३८५१० | १५२२५० |
| २.५ | संस्थागत विकास तथा सुशासन | | २०६५० | १५५९० | १५१६० | १५४६० | १५७९० | ८२६५० |
| २.६ | गौरबका योजना | | **३९६४००** | ४९६४०० | ४४६४०० | **५४६४००** | **५९६४००** | २४८२००० |
| **जम्मा बजेट** | | | ७०४३६० | ८१६८८० | ८४६९६० | ९४४४०० | १०००६०० | ४३१३२०० |

*स्रोतः गाउँपालिका कार्यालय, लेखाशाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक विकास योजना कार्यान्वयनकालागि कुल लगानी वजेट **रू. ४ अर्ब ९ करोड ९४ लाख ५० हजार** अनुमान गरिएको छ । गत आ.व.२०७६/०७७ र २०७७/०७८ को यथार्थ र चालू आ.व.को अनुमानित र आ.व. २०७८/७९ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको गाउँपालिकाको अनुमानित आय **२ अर्ब २३ करोड ३३ लाख २० हजार** देखिन्छ । यसरी कुल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट विच करिब **रू. १ अर्ब ८६ करोड ६१ लाख ३० हजार** (४५.५२ प्रतिशत) बजेट अपुग देखिन्छ ।

**तालिका ३२: अपुग स्रोत व्यवस्थापन**

| क्र.सं. | शिर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा | | | | | बजेट (रू.हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०७९/८० | |
| १ | कूल स्रोत परिचालन | ५५७६१७ | ६१३६१२ | ६७५२४१ | ७४३०७३ | ८१७७३५ | **३४०७२७८** |
| २ | कूल लगानी अनुमान | ३०७९६० | ३२०४८० | ४००५६० | ३९८००० | ४०४२०० | **१८३१२००** |
| ३ | मालिकाजुन गौरबका योजना | ३९६४०० | ४९६४०० | ४४६४०० | ५४६४०० | ५९६४०० | **२४८२०००** |
| | **स्रोतको न्यूनता** | -१४६७४३ | -२०३२६८ | -१७१७१९ | -२०१३२७ | -१८२८६५ | **-९०५९२२** |

### ९.५ स्रोत परिचालन रणनीति

मालिकार्जुन गाउँपालिकाको आवधिक गाउँ विकास योजना (आ.व. २०७९/०८० देखि २०८३/०८४ सम्म) कोलागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँ कार्यपालिकाको कार्यालय, नीजि क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसकोलागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमकालागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कुल **रू. ४ अर्ब ९ करोड ९४ लाख ५० हजार** खर्च हुने अनुमान गरिएको छ भने करिब **२ अर्ब २३ करोड ३३ लाख २० हजार (५४.४८ प्रतिशत)** विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कुल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रू. १ अर्ब ८६ करोड ६१ लाख ३० हजार** बजेटकालागि गाउँपालिकाले थप श्रोत परिचालन गर्नुपर्ने हुन्छ जसकालागि गाउँपालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ ।

यस आवधिक गाउँ विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक गाउँ विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक गाउँ विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक गाउँ विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिने छ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँमा आउने रकमलाई गाउँस्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिने छ ।

१. गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।
२. अन्तराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूवाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिने छ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइने छ ।
३. स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।
४. सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपुरक अनुदान प्राप्त गरिने छ ।
५. गाउँ क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वियन गर्न गाउँपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिने छ ।
६. गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिने छ ।
७. मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरिने छ ।
८. स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिने छ ।
९. आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइने छ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्यांकनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । मालिकार्जुनको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नानुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ ।

### (क) सरकारी क्षेत्र

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात गाउँपालिकाको हो । गाउँपालिकाले नै सवै क्षेत्रसंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न संघीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका बर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ । यस क्षेत्रवाट करिव ८६.८५ प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ ।

### (ख) निजीक्षेत्र

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुनेछ । सरकारवाट भएको नीतिगत, कानूनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र वजारीकरण गर्ने, वजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व वुझाउने जस्ता महत्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रवाट गरिएको छ । यस क्षेत्रवाट करिव ४.४७ प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ ।

### (घ) सहकारी क्षेत्र

सहकारीले संस्थामा आवद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक समृद्धि हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको छ । ससाना वचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई संगठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्वपूर्ण योगदान दिएका छन् । गाउँपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट योजना अवधिमा २.४ प्रतिशत लगानी प्रक्षेपण गरिएकोछ ।

### (ङ) गैह सरकारी क्षेत्र (गैसस)

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह वचत तथा ऋण परिचालन, ससाना आयमूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रवाट ३.८ प्रतिशत लगानी हुने अनुमान गरिएको छ ।

### (च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक संघसस्था

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूवाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान २.१६ प्रतिशत हुने अनुमान गरिएको छ ।

### ९.६.२ कार्यान्वयन प्रकृया

**(क) सूची तयारी**

गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, संघीय सरकारवाट कार्यान्वयन हुने, प्रदेश सरकारवाट कार्यान्वयन हुने, तीनै तहका सरकारवाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा संघ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारवाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**(ख) छलफल एवं अन्तर्किया**

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारीक्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यकालागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजिकरण गर्नेछ । छलफल र अन्तक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

**(ग) मध्यकालिन खर्च संरचना तयारी**

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम वीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालिन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालिन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

**(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा**

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिने छ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्वन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस. विकास साझेदारहरूसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

**तालिका ३३: बार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा**

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| संस्थागत र सुशासन | | | | | | | | | | | |
| अन्तरसम्बन्धित क्षेत्र | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| जम्मा चालु खर्च | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ—आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पूँजीगत खर्च खुलाई गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियावाट अनुगमन तथा मूल्यांकन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनकालागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्षसमेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाँका तयार गरी सोही अनुसार नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्यांकन गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिकालागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ति वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ति सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणकालागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरूसँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्ः

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उपाध्यक्ष (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्ः

| | |
|---|---|
| – उपाध्यक्ष | संयोजक |
| – अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरूमध्येबाट | सदस्य (दुई जना) |
| – प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| – प्रमुख, योजनाशाखा | सदस्य सचिव |

***आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।***

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः

- कार्यपालिकामा एकिकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,

- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकवाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

- सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक
- वडा सदस्यहरू — सदस्य
- वडा सचिव — सदस्य सचिव

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेश्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्यांकन गरिनेछ ।

- योजनाको लक्ष्य वमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाकोलागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछः

**तालिका ३४: अनुगमन तथा मूल्याङ्कन खाका**

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस | आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ बृहत योजनाको कार्यान्वयन योजनाको<br>▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने<br>▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनकालागि नपासमक्ष कार्ययोजना पेश गर्ने |
| प्रतिफल अनुगमन | गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति | |


| | | | | |
|---|---|---|---|---|
| | | | कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने | |
| असर तह अनुगमन | गाउँ कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | |
| **मूल्याङ्कन प्रक्रिया** | | | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>▪ असर तहका सूचना संकलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने<br>▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनकालागि नपासमक्ष कार्ययोजना पेश गर्ने |
| प्रभाव तह मूल्याङ्कन | गाउँ कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमूना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दीगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | |


आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः


- गाउँपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीकोलागि सार्वजनिक गरिनेछ ।


# अनुसूची


## अनुसूची- १: आवधिक योजनाकालागि तयार पारिएका आधार नक्साहरू










MALIKAARJUN RURAL MUNICIPALITY
LAND USE MAP (WARD : 3)
SUDUR PASCHIM PROVINCE
DISTRICT: DARCHULA
448,800
451,600
454,400
3,294,000
3,292,000
3,290,000
Ward No. 1
MAHAKALI NAGARPALIKA
Ward No. 2
SHAILYASHIKHAR NAGARPALIKA
Ward No. 8
Legend
Ward Boundary
RM/Municipality Boundary
District Boundary
International Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archological
Forest
Industrial
Others
Public Use
Residential
Riveraine & Lake
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 M
False Northing: 0 M
Central Meridian: 81° E
Scale Factor: 0.9999
Latitude of Origin: 0°
Units: Meter
Scale 1:38,000
0 400 800 1,600 M
Data Source: Boundary from Survey Departmet, Google Satellite Image and Field Verification 2022.


MALIKAARJUN RURAL MUNICIPALITY
LAND USE MAP (WARD : 4)
SUDUR PASCHIM PROVINCE
DISTRICT: DARCHULA
443,900
445,800
447,700
3,289,600
3,288,000
3,286,400
Ward No. 8
Ward No. 7
Ward No. 3
Ward No. 6
Ward No. 5
LEKAM GAUNPALIKA
Legend
Ward Boundary
RM/Municipality Boundary
District Boundary
International Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archological
Forest
Industrial
Others
Public Use
Residential
Riveraine & Lake
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 M
False Northing: 0 M
Central Meridian: 81° E
Scale Factor: 0.9999
Latitude of Origin: 0°
Units: Meter
Scale 1:29,000
0 300 600 1,200 M
Data Source: Boundary from Survey Departmet, Google Satellite Image and Field Verification 2022.


MALIKAARJUN RURAL MUNICIPALITY
LAND USE MAP (WARD : 5)
SUDUR PASCHIM PROVINCE
DISTRICT: DARCHULA
441,200
443,000
444,800
3,288,000
3,286,400
3,284,800
Ward No. 7
Ward No. 6
Ward No. 4
INDIA
LEKAM
GAUNPALIKA
Legend
Ward Boundary
RM/Municipality Boundary
District Boundary
International Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archological
Forest
Industrial
Others
Public Use
Residential
Riveraine & Lake
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 M
False Northing: 0 M
Central Meridian: 81° E
Scale Factor: 0.9999
Latitude of Origin: 0°
Units: Meter
Scale 1:28,000
0 300 600 1,200 M
Data Source: Boundary from Survey Departmet, Google Satellite Image and Field Verification 2022.


MALIKAARJUN RURAL MUNICIPALITY
LAND USE MAP (WARD : 6)
SUDUR PASCHIM PROVINCE
DISTRICT: DARCHULA
438,400
440,800
443,200
3,289,000
3,287,300
3,285,600
Ward No. 8
Ward No. 7
Ward No. 4
Ward No. 5
INDIA
Legend
Ward Boundary
RM/Municipality Boundary
District Boundary
International Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archological
Forest
Industrial
Others
Public Use
Residential
Riveraine & Lake
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 M
False Northing: 0 M
Central Meridian: 81° E
Scale Factor: 0.9999
Latitude of Origin: 0°
Units: Meter
Scale 1:33,000
0 400 800 1,600 M
Data Source: Boundary from Survey Departmet, Google Satellite Image and Field Verification 2022.


MALIKAARJUN RURAL MUNICIPALITY
LAND USE MAP (WARD : 7)
SUDUR PASCHIM PROVINCE
DISTRICT: DARCHULA
Ward No. 8
INDIA
Ward No. 6
Ward No. 4
Legend
Ward Boundary
RM/Municipality Boundary
District Boundary
International Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archological
Forest
Industrial
Others
Public Use
Residential
Riveraine & Lake
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 M
False Northing: 0 M
Central Meridian: 81° E
Scale Factor: 0.9999
Latitude of Origin: 0°
Units: Meter
Scale 1:28,000
Data Source: Boundary from Survey Departmet, Google Satellite Image and Field Verification 2022.


MALIKAARJUN RURAL MUNICIPALITY
LAND USE MAP (WARD : 8)
SUDUR PASCHIM PROVINCE
DISTRICT: DARCHULA
INDIA
MAHAKALI NAGARPALIKA
Ward No. 1
Ward No. 2
Ward No. 3
Ward No. 7
Ward No. 6
Ward No. 4
Ward No. 5
SHAILYASHIKHAR NAGARPALIKA
LEKAM GAUNPALIKA
Legend
Ward Boundary
RM/Municipality Boundary
District Boundary
International Boundary
Land Use Class
Agriculture
Commercial
Cultural & Archological
Forest
Industrial
Others
Public Use
Residential
Riveraine & Lake
PROJECTION AND DATUM
Projection: Transverse Mercator
Datum: Everest 1830
False Easting: 500,000 M
False Northing: 0 M
Central Meridian: 81° E
Scale Factor: 0.9999
Latitude of Origin: 0°
Units: Meter
Scale 1:46,000
Data Source: Boundary from Survey Departmet, Google Satellite Image and Field Verification 2022.